# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष १० अङ्क ३० पूर्णाङ्क ४५६ | २०८२ माघ १९ गते सोमबार | Monday 2 Feb; 2026 | पृष्ठ ८ | मूल्य रू. १० |-


## भक्तपुरमा लक्ष्मी सुलुको श्रद्धाञ्जली कार्यक्रम सम्पन्न



भक्तपुर । भक्तपुर क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका वैकल्पिक केन्द्रीय सदस्य तथा भक्तपुर जिल्ला समितिका इन्चार्ज श्रीकृष्ण सुलुकी ममतामयी आमा लक्ष्मी सुलुको स्मृतिमा श्रद्धाञ्जली कार्यक्रम सम्पन्न भएको छ । *बाँकी ७ पेजमा*

# फरक विचारमाथि फासिवादी दमन गर्दै सुशीला सरकार

काठमाडौं । जेनजी विद्रोहपछि गठित सुशिला कार्की नेतृत्वको सरकारले विरोधी तथा फरक विचार राख्ने राजनीतिक पार्टीप्रति फासिवादी दमनमा उत्रने संकेत गरेको छ । संघीय लोकतान्त्रिक गणतन्त्र रुपी संसदीय संविधान प्रदत्त विचार अभिव्यक्ति स्वतन्त्रताको धज्जी उडाउँदै सुशिला कार्की नेतृत्वको सरकारले शान्तिपूर्ण रुपमा फागुन २१ को निर्वाचन बहिस्कारको पर्चा वितरण गर्दै हिँडिरहेका क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका केन्द्रीय सदस्यलाई माघ १६ गते सिन्धुलीबाट गिरफ्‌तार गर्‍यो । गिरफ्तार गरिएका नेता खड्कालाई गैरकानुनी रुपमा थुनामा राखी झुठा मुद्दा लगाउने षड्यन्त्र गरिरहेको क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका पोलिटब्यूरो सदस्य सुरेश श्रेष्ठले जानकारी दिनुभयो । दुईदिनदेखि रिहाइका लागि सिन्धुलीको जिल्ला प्रशासन कार्यालय र प्रहरी कार्यालयमा पहल गर्दा पनि रिहाइ गरिएको छैन । स्रोतका अनुसार उल्टै राज्यविरुद्धको अपराधको मुद्दा दायर गर्ने षड्यन्त्र गरिरहेको छ । राज्यले यस्तो षड्यनत्र गरेपछि नेता खड्काको परिवार र सम्बन्धित पार्टीले बन्दीप्रत्यक्षीकरणको रिट दायर गरेको छ ।

आइतबार विहान पनि रिहाइका लागि पहल गर्दा माथिको आदेश भन्दै रिहाइ गर्न नमानेपछि ससम्मान रिहाइका लागि रिट दायर गरिएको अधिवक्ता फडिन्द्र कार्कीले जानकारी दिनुभयो । उहाँका अनुसार पूर्णबहादुर खड्काका छोरा भगवान खड्काले पुर्ण बहादुर खड्कालाई बिनाकारण पक्राउ गरी गैरकानूनी थुनामा राखेकोले तुरून्त अदालत समक्ष सशरिर उपस्थित गराई गैरकानूनी थुनाबाट मुक्त गर्न बन्दीप्रत्यक्षीकरणको आदेश माग गर्दै रिट दायर गर्नुभएको हो ।

दुधौली नगरपालीका वडा नं ९ खोरभनुज्याङको एक चिया पसलमा स्थानीय जनतासँग कुराकानी गरेर बसीराखेकै अबस्थामा बिनाकारण प्रहरीले पक्राउ गरेको थियो । हाल नेता खड्कालाई ईलाका प्रहरी कार्यालय डकाहा, सिन्धुलीको हिरासतमा राखिएको छ । प्रहरीले आगामी फाल्गुन २१ गते हुने संसदिय निर्वाचन बहिष्कार गर्नुपर्छ भनि बहिष्कारको पर्चा वितरण गरेकाले गृह मन्त्रालय र प्रहरी प्रधान कार्यालयको निर्देशन र जिल्ला प्रशासन तथा जिल्ला प्रहरी कार्यालय सिन्धुली समेतको आदेशमा पक्राउ गरिएको हो भन्ने मौखिक जवाफ मात्र दिने गरेको छ ।

नेता खड्कालाई प्रहरीले पक्राउ गरेलगत्तै क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका महासचिव गौरवले तत्काल रिहाइ गर्न माग गर्दै वक्तव्य दिनु भयो । वक्तव्यमा भनिएको छ, “हाम्रो गौरवशाली पार्टी क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले साम्राज्यवादद्वारा प्रायोजित संसदीय निर्वाचन बहिष्कार गर्ने राजनीतिक निर्णय गरेको विदितै छ । सोही निर्णय कार्यान्वयन गर्ने क्रममा आज पार्टीका केन्द्रीय सदस्य तथा दोलखा जिल्ला इन्चार्ज क. पूर्णबहादुर खड्कालाई कठपुतली बर्बरा सरकारको प्रशासनले सिन्धुली जिल्ला, दुधौलीबाट विना कारण गिरफ्तार गरिएको घटनाप्रति क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल, १० नं. क्षेत्रीय व्यूरो घोर भर्त्सना गर्दछ । साथै गिरफ्तार केन्द्रीय सदस्य कमरेड क. पूर्ण बहादुर खड्कालाई विना शर्त रिहाइको अनुरोध गर्दछ तथा चुनाव बहिष्कारको अपिल गर्न पाउने जनताको लोकतान्त्रिक नैसर्गिक अधिकारको सम्मान गर्न बार्बरा सरकार तथा प्रशासनलाई चुनौती सहित यसै विज्ञप्तिमार्फत् अनुरोध गर्दछु ।”

त्यसैगरी पूर्णबहादुर खड्कालाई बिनाशर्त तुरुन्त रिहाइ गर्न संयुक्त संघर्ष समितिले पनि गम्भीर चेतावनी दिएको छ । पाँच वटा वाम घटक सम्मिलित संयुक्त संघर्ष समितिको तर्फबाट संयोजक गौरवले एक वक्तव्य जारी गर्दै यस्तो चेतावनी दिनुभएको हो ।

वक्तव्यमा भनिएको छ, “हामी देशका पाँच कम्युनिस्ट पार्टीहरुको केन्द्रीय संयुक्त संघर्ष समितिले जनजी विद्रोह पश्चात् बनेको कठ्पुतली सरकारले घोषणा गरेको एकथान संसदीय निर्वाचनबाट नेपाली समाजको आजको अन्तरविरोध हल हुँदैन भन्ने निष्कर्षसहित निर्वाचन बहिस्कार गर्न शान्तिपूर्णरुपमा संघर्षको कार्यक्रमहरु गर्दै आइरहेका छौं ।

यसै सन्दर्भमा यही माघ १६ गते सिन्धुलीको दुधौलीमा क्रान्तिकारी कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य पूर्ण बहादुर खड्कालाई शान्तिपूर्ण कार्यक्रम सकेर फर्कदै गर्दा गिरफ्‌तार गरिएको घटनामा संयुक्त संघर्ष समितिको गम्भीर ध्यानाकर्षण भएको छ ।

सरकारसँग शान्तिपूर्ण संघर्षका कार्यक्रममा हस्तक्षेप नगर्न र कमरेड पूर्णबहादुर खड्काको बिना शर्त तुरुन्त रिहाइ गर्न संयुक्त संघर्ष समिति गम्भीर चेतावनी दिन चाहन्छ ।”

*यस्तो छ बन्दी प्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ भनि सर्वोच्च अदालतमा दायर गरिएको रिट निवेदन*

***श्री सर्वोच्च अदालतमा पेश गरेको***

***निवेदन–पत्र***

**विषय :– बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ ।**

बागमती प्रदेश, दोलखा जिल्ला साविक मालु गा.वि.स.वडा नं.५ को परिवर्तित ऐ. तामाकोशी गाउँपालिका वडा नं. ४ घर भई हाल प्रहरी चौकी दुधौली, सिन्धुलीको गैरकानुनी हिरासतमा रहेका क्रान्तिकारी कम्यूनिष्ट पार्टी, नेपालका केन्द्रिय सदस्य वर्ष ६७ को पूर्ण बहादुर खड्काको हकमा निजको छोरा दोलखा जिल्ला साविक मालु गा.वि.स.वडा नं.५ को परिवर्तित ऐ. तामाकोशी गाउँपालिका वडा नं. ४ बस्ने बर्ष ३५ को भगवान खड्का मोबाईल नं. ९८४४३९९८४६...................................१

***विरुद्ध***

नेपाल सरकार गृह मन्त्रालय सिंहदरबार, काठमाडौ ..................................................१

प्रहरी प्रधान कार्यालय, नक्साल काठमाडौ ..................................................१

जिल्ला प्रशासन कार्यालय, सिन्धुली ............ ..................................................१

ऐ. का प्रमुख जिल्ला अधिकारी.................. ..................................................१

श्री जिल्ला प्रहरी कार्यालय, सिन्धुली ............ ..................................................१

ऐ. का प्रमुख .................................. ..................................................१

ईलाका प्रहरी कार्यालय, डकाहा, सिन्धुली ........ ..................................................१

ऐ.का प्रमुख .................................. ..................................................१

*बाँकी २ पेजमा*

## अवसरवादीहरूले आफ्नो नाम भजाएकोप्रति क्रान्तिकारी प्रेस संगठनका संयोजक नारायण पंगेनीको कडा आपत्ति



काठमाडौं । सिद्धान्तहीन, चरित्रहीन अवसरवादी तत्वहरुले उनीहरुको पतन र विचलनलाई ढाल बनाएर आफ्नो वैचारिक आस्था, राजनीतिक निष्ठा र क्रान्तिकारी प्रतिबद्धतामाथि आक्रमण गर्ने दुस्साहस गरेको भन्दै क्रान्तिकारी प्रेस संगठनका संयोजक नारायण पंगेनीले कडा आपत्ति जनाउनु भएको छ । बालकृष्ण ओलीले आफ्नो नाम दुरुपयोग गरेको उहाँले बताउनु भयो । उहाँले सामाजिक सञ्जाल फेसबुकमा लेख्नुभएको छ,

‘क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल कुनै चुनावी पसल, सत्ताको भऱ्याङ वा अवसरवादको शरणास्थल *बाँकी ७ पेजमा*

# गिरफ्तार नेता खड्कामाथि झुठा मुद्दा लगाउने षड्यन्त्र, बन्दीप्रत्यक्षीकरणको रिद दायर हुँदै

काठमाडौं । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको घोषित कार्यक्रम अनुसार निर्वाचन बहिस्कारको पर्चा बाँडिरहेको अवस्थामा गिरफ्तार गरिएका पार्टीका केन्द्रीय सदस्य पूर्णबहादुर खड्कालाई गैरकानुनी रुपमा थुनामा राखी झुठा मुद्दा लगाउने षड्यन्त्र गर्न थालेपछि बन्दीप्रत्यक्षीकरणको रिट दायर गर्ने तयारी गरिएको छ । आइतबार १० बजेसम्म बिनाशर्त ससम्मान रिहा नगरिए बन्दीप्रत्यक्षीकरण रिट दायर गर्ने तयारी रहेको अधिवक्ता फडिन्द्र कार्कीले जानकारी दिनुभयो । उहाँका अनुसार पूर्णबहादुर खड्काका छोरा भगवान खड्काले पुर्ण बहादुर खड्कालाई बिनाकारण पक्राउ गरी गैरकानूनी थुनामा राखेकोले तुरून्त अदालत समक्ष सशरिर उपस्थित



गराई गैरकानूनी थुनाबाट मुक्त गर्न बन्दीप्रत्यक्षीकरणको आदेश माग गर्दै रिट दायर गर्ने तयारी गर्नुभएको हो ।

दुधौली नगरपालीका वडा नं ९ खोरभनुज्याङको एक चिया पसलमा स्थानीय जनतासँग कुराकानी गरेर बसीराखेकै अबस्थामा बिनाकारण प्रहरीले पक्राउ गरेको थियो । हाल नेता खड्कालाई ईलाका प्रहरी कार्यालय डकाहा, सिन्धुलीको हिरासतमा राखिएको छ । आगामी फाल्गुन २१ गते हुने संसदिय निर्वाचन बहिष्कार गर्नुपर्छ भनि बहिष्कारको पर्चा वितरण गरेकाले गृह मन्त्रालय र प्रहरी प्रधान कार्यालयको निर्देशन र जिल्ला प्रशासन तथा जिल्ला प्रहरी कार्यालय सिन्धुली समेतको आदेशमा *बाँकी ७ पेजमा*

## नेपाली कम्युनिस्ट पार्टीमा प्रवेशको मिथ्या प्रचारप्रति आपत्ति



काठमाडौं । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल बर्दियाका सेक्रेटरी विनय रानाले नेपाली कम्युनिष्ट पार्टीमा प्रवेशको प्रचार मिथ्या भएको भन्दै आपत्ति प्रकट गर्नुभएको छ ।उहाँले माघ १४ गते एक प्रेस विज्ञप्ति जारी गर्दै सो कुरा बताउनु भएको छ–“ध्रुवीकरण र एकताको विषयलाई लिएर नेपाल कम्युनिस्ट पार्टीमा प्रवेश गरेको मिथ्या प्रचार र मेरो नाम समावेश गराइएको प्रति घोर भर्त्सना गर्दछु ।

साथै विद्यार्थीकालदेखि मार्क्सवाद, लेनिनवाद र माओवादको सार्वभौम विचार सिद्धान्तमा अडिक रही दश वर्षे *बाँकी ७ पेजमा*

## अखिल (क्रान्तिकारी) भक्तपुर जिल्लाको १८औं जिल्ला सम्मेलन सम्पन्न




भक्तपुर । क्रान्तिकारी कम्युनिस्ट पाटी नेपाल निकट अखिल (क्रान्तिकारी)को आज भक्तपुर जिल्लाको १८औं जिल्ला सम्मेलन भब्य रूपमा सम्पन्न भएको छ । *बाँकी ७ पेजमा*

## संसदीय निर्वाचन बहिष्कार सन्दर्भमा



● हरिभक्त कंडेल ●

विगतदेखि कै नव उदारवादी अर्थनीतिको प्रयोग र साम्राज्यवाद तथा विस्तारवादको दलाली र चाकडीमा चल्दै आएका दुई ठुला संसदवादी पार्टीहरू ने.कां. र एमालेको गठजोडमा बनेको सरकारमा मौलाउँदै गएको भ्रष्टाचार, चुलिंदै गएको महङ्गी, असुरक्षा, सत्ता र व्यवस्थाको नोकरशाही र फासिवादी चरित्रको अभ्यास, कुशासन आदिले देशको अवस्था दिशाहीन र अराजकतातर्फ बढ्दै गएको र कुनै पनि बेला विस्फोट हुन सक्ने सम्भावनाबारे हाम्रो पार्टीले सार्वजनिक गर्दै आएको थियो । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले भ्रष्टाचारको विरुद्धमा जागरण अभियान आफ्नो सापेक्षतामा संचालन गर्दै कार्वाहीको योजना बनाएको थियो । यसैबेला २३ भाद्रमा भ्रष्टाचारको अन्त्य, सामाजिक संजालमाथिको प्रतिबन्धको विरोध र सुशासन लगायतका विषयलाई लिएर भएको जेनजी विद्रोह र त्यसक्रममा अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको योजना र यसको आडमा विभिन्न एनजिओ/आइएनजिओ तथा दलाल एवं अन्य विभिन्न स्वार्थ समूहको घुसपैठबाट भाद्र २४को तोडफोड र आगजनी भएको अनि त्यसपछिको विकसित परिस्थितिमा ओली नेतृत्वको सरकार बर्खास्त तथा संसदको विघटन गरियो । त्यससँगै अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको सहमतिमा सुशीला कार्कीको नेतृत्वमा बनेको कठपुतली सरकारले आगामी फागुन २१मा संसदीय निर्वाचन गर्ने घोषणा गरेको हो । यसबारे पार्टीले स्पष्ट रूपमा आफ्नो धारणा सार्वजनिक गर्दै पनि आएको छ । यतिबेला फागुन २१ गतेको घोषित मितिमा निर्वाचन हुन्छ वा हुँदैन अझै स्पष्ट भैसकेको त छैन तथापि कठपुतली सरकारको घोषित अर्को कुनै कार्यक्रम *बाँकी ७ पेजमा*

## सम्पादकीय

### सूचना विभ्रमको बाढी र जनपक्षीय मिडियाको दायित्व

सूचना प्रविधिको क्षेत्रमा एआई प्रविधिको विकासँगै संसारभर सूचना विभ्रम, दुष्प्रचारको बाढी आएको छ। सामाजिक सञ्जालदेखि एआई प्रविधिसम्म सबै साम्राज्यवादीहरुको स्वार्थरक्षा निम्ति आविष्कार गरिएका हुन् । र, यी सूचना प्रविधिका औजारहरु मूलतः कम्युनिस्टहरुका विरुद्ध त्यसमा पनि ओरिजिनल कम्युनिस्ट अर्थात् मार्क्सवाद-लेनिनवाद-माओवादलाई पथप्रदर्शक सिद्धान्त मान्ने कम्युनिस्ट पार्टी र आन्दोलनका विरुद्ध परिलक्षित रहेको छ। साम्राज्यवादी शोषण, उत्पीडनका अनेकन रुपहरुको गहिरो अध्ययन, छलफल, अनुसन्धान तथा विमर्शबाट विमुख गराएर सतही ज्ञानमा अल्मल्याउने र समयको बर्बादी गर्ने अनि मानिसकको दिमागमाथि नै नियन्त्रण कायम गर्नेस्तरबाट यी औचारहरु विकसित तुल्याइएको छ। यसको अर्थ सर्वहारा श्रमजीवी वर्गको मुक्तिको वास्तविक सिद्धान्त मार्क्सवाद-लेनिनवाद-माओवादको अध्ययनप्रति वितृष्णा पैदा गर्ने, विशुद्ध उपभोक्तावादी सोच चिन्तनको विकास गराउने, दीर्घकालीन हितहरुलाई तिलाञ्जली दिएर क्षणिक लभा हासिल गर्नमा लालायित बनाइदिने, निहित तुच्छ स्वार्थमा लिहिन गराइदिने, सामाजिक चेतना र सामूहिक दायित्वबाट बञ्चित गराइदिएर विशुद्ध व्यक्तिगत स्वार्थको वरिपरि गोलचक्कर मार्ने, आधुनिक बौद्धिक दासहरुको निर्माण गर्ने र समस्याको समाधान अर्कैतिर देखाइदिएर साम्राज्यवादी शोषणको जराहरुलाई अझ फराकिलो पार्ने पत्रे संरचनाहरुको निर्माण गरिदिएको छ।

फेसबुक, एक्स र युट्युबका एल्गोरिदमहरूले मानिसलाई बढीभन्दा बढी समय अलमल्याउनका लागि विवाद र अतिरञ्जित क्रोध जस्ता कुराहरूलाई बढी प्राथमिकता दिन गर्दछन् ।

संसारभरको कच्चा पदार्थ, श्रम र पुँजीमाथि आफ्नो प्रभुत्व स्थापित गरेपछि बजारलाई पनि प्रबर्द्धन गर्न सामाजिक सञ्जालले महत्वपूर्ण भूमिका खेलिरहेको छ। संसारभरका सूचनाहरुको केन्द्रीकरण, वस्तुको उत्पादन र बजारीकरण, आफ्नो शोषण, लुट र उत्पीडनको करुप संसारलाई सबैभन्दा सुन्दर रुपमा प्रस्तुत गरेर संसारभरका अर्बौं शोषित उत्पीडित वर्ग र समुदायलाई दिग्भ्रमित तुल्याएको छ। श्रमजीवी शोषित उत्पीडित वर्गको मुक्तिका निम्ति आवाज उठाउने कम्युनिस्टहरुलाई चाहिँ 'आतंककारी'को रुपमा प्रस्तुत गर्ने गर्दछ। आज घटनाक्रमले स्पष्ट पारिसकेको छ कि संसारको सबैभन्दा ठूलो आतंकको नाइके अमेरिकी साम्राज्यवाद हो । उसले संसारभर युद्ध आतंक फैलाइरहेको छ। खुल्लमखुल्ला कमजोर, अविकसित, अल्पविकसित देशमाथि हमला गरेर राष्ट्रपतिहरुलाई नै अपहरण गरेर बन्दी बनाइराखेको छ। स्वतन्त्र सार्वभौम राष्ट्रमाथि खुल्लेआम आक्रमणको धम्की दिइरहेको छ। यस्तो विषम परिस्थितिमा संसारभरका उत्पीडित राष्ट्रहरु, राष्ट्रियताहरु एकताबद्ध भएर सारा साम्राज्यावादी मिथ्या सूचनाको भण्डाफोरमा लाग्न जरुरी छ। समाजिक सञ्जाल तथा पब्लिक डोमेनमा आएका सबै सुचनाहरुलाई सही मान्ने स्थिति छैन। तसर्थ, चीन, उत्तरकोरिया, रुसले जस्तै नेपालले पनि मिथ्या सूचनाहरुलाई नियन्त्रण गर्न र सही सूचना आम श्रमजीवी जनतामा प्रवाह गर्न आफ्नै सूचना तथा सञ्चारमाध्यमहरुको प्रणाली विकास गर्न जरुरी छ। जनपक्षीय मिडियाहरु अहिलेको अवस्थामा निकै कमजोर अवस्थामा रहेका छन् । जनपक्षीय मिडियाहरुलाई सबल र प्रभावकारी बनाउन नेपाली श्रमजीवी तथा शोषित उत्पीडित वर्गले विशेष ध्यान दिन जरुरी छ। नेपालको सन्दर्भमा औपचारिक तथा अनौपचारिक क्षेत्रका मजदुर, किसान, भूमिहीन सुकुम्बासी, महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुश्लिम तथा उपक्षित क्षेत्रका आम शोषित उत्पीडित वर्ग र समुदायको वास्तविक मुक्तिको पक्षमा आवाज बुलन्द गर्नु नै जनपक्षीय मिडियाको आधारभूत दायित्व हो । सम्भावनाहरुको पहिचान र परिचालनका लागि तीक्ष्णता, चातुर्यता, व्यवस्थापकीय कुशलताको योग्यता निर्माण गर्नुपर्ने देखिएको छ ।

परिवर्तनको सम्वाहक



सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ ।

www.moolbato.com

# संसदीय ब्यवस्थामा देखिएको निर्वाचनको नौटङ्की



● डा. केशव देवकोटा ●

**नेपालका चर्चित पार्टीहरू नेकपा(मसाल) र नेपाली कम्युनिष्ट पार्टीलगायतका पाँचवटा बामपन्थी पार्टीहरूले पनि अलग्गै गठबन्धन बनाएर विश्व साम्राज्यवाद र नेपालमा भैरहेको विदेशी हस्तक्षेपको बिरोध गरेका छन् । तर उनीहरूले उक्त गठबन्धनलाई आगामी निर्वाचनका लागिसमेत प्रयोगगर्ने प्रयास गरेको देखिएको छ । किनकी कतिपय स्थानमा नेपाली कम्युनिष्ट पार्टी र नेकपा(मसाल) उर्फ राष्ट्रिय जनमोर्चाका बीचमा तालमे**

संसारमा हाल चलेको संसदीय ब्यवस्था भनेकै सामन्तवाद, पूँजीवाद र साम्राज्यवादको समिश्रित रुप हो। जसलाई कतै प्रजातन्त्र र कतै लोकतन्त्रको जामा पहिऱ्याउने काम भएको छ। नेपालमा ०४६ को परिवर्तनपछि प्रयोग गरिएको प्रजातन्त्र धेरै बदनाम भएकाले ०६३ को परिवर्तनपछि लोकतन्त्र शब्दको प्रयोगगर्न थालिएको थियो। त्यो लोकतन्त्र पनि हाल काफि हदसम्म बदनाम भैरहेको छ। त्यसबाट जनताको ध्यान अन्यत्र मोड्न गत भदौ २३ र २४ गतेको बिध्वंशको रचना गरिएको थियोभन्ने कुरा त्यसपछिका घटनाक्रमहरुले स्पष्ट गरेका छन्। गत भदौ २३ र २४ गतेको घटनामा सरकार परिवर्तनको कुनै माग भएको थिएन। जतिबेला संसदको बर्षे अधिवेशन पनि चलिरहेको थियो। नेकां र एमाले लगायतका दलहरुको झण्डै दुई तिहाइको सरकार थियो। तर संसदको बैठक चलिरहेको र बहुमतको सरकारले देशमा शासन सत्ता सञ्चालन गरिरहेकै अवस्थामा भदौ २३ र २४ गतेको घटनालाई बहाना बनाएर भदौ २७ गते एकाएक पहिले संसद बाहिरबाट त्यो पनि पूर्ब प्रधानन्यायाधिशलाई प्रधानमन्त्रि नियुक्त गरियो। जसलाई ०७२ को संविधानलेनै प्रधानमन्त्रिमा नियुक्तगर्न निषेध गरेको थियो। त्यसरी नियुक्त प्रधानमन्त्रिको नेतृत्वमा सरकार गठन भएर क्याबिनेटले निर्णयगर्न नपाउँदै मनोनित प्रधानमन्त्रिको एकल सिफारिसमा निर्वाचित संसद बिघटन गरेर नयाँ निर्वाचनको घोषणा गरियो। त्यसरी घोषणागर्दा चालु अवस्थामा रहेको संसद र संविधानको ब्याख्यागर्ने अधिकार प्राप्त सर्बोच्च अदालतसँग सामान्य परामर्श पनि गरिएन। संसदबाट बैकल्पिक सरकार गठन हुने अवस्था रहेसम्म संसद बिघटनगर्न नपाइने सर्बोच्च अदालतको ०७८ को नजिरको ख्याल पनि गरिएन। यसले नेपालको संसदीय ब्यवस्थाको खिल्ली उडाएको छ।

आगामी फागुन २१ का लागि निर्वाचन घोषणा गरिएपछि मुख्य संसदवादी दल मानिएका नेपाली कांग्रेस र एमालेले एकातिर संसद पुनर्स्थापनाका लागि सर्बोच्च अदालतमा रिट पनि दायर गरेका छन्भने अर्कातिर आगामी निर्वाचनका लागि दल दर्तागरी उम्मेदवारसमेत खडा गरेका छन्। उनीहरुले संसदको पुनर्स्थापनाका लागि रिट दायर गरेपछि त्यसको टुंगो नलागेसम्म आगामी फागुन २१ को निर्वाचनमा सहभागि हुने प्रयास गर्नुहुने थिएन। निर्वाचन प्रयोजनका लागि दल दर्ता गरेर उम्मेदवारहरु समेत खडा गरिसकेपछि फेरी संसद पुनस्थापनाका लागि जोड बल गर्नुहुने थिएन। हाल नेकां र एमालेका बिघटित संसदका बहुमत सदस्यले संसद पुनर्स्थापनाका लागि रिट दायर गरेका छन् र त्यसबारे निर्णय छिटो दिन दबाव सिर्जना गरेका छन्। त्यसैगरी बर्तमान सरकारले पनि संसद पुनर्स्थापनाका लागि रिट दायर भएपछि चुनावी कारवाही अगाडि बढाउनु हुने थिएन। चुनावी कारवाही अगाडि बढाउने भएपछि जतिसक्दो चाँडो प्रत्युतर दिएर उक्त रिटको कारवाही किनारा लगाएको हुनुपर्ने थियो। गत कार्तिकबाट शुरुभएको संसद पुनस्थापनासम्बन्धी रिटको बहस अद्यापि जारीरहेको छ। जसका लागि भोली २० गते रिट निवेदकहरुलाई तारेख दिइएको समाचार बाहिर आएको छ। गतसाता उक्त रिटका प्रतिवादीहरुले आआफ्नो उत्तर दिएकाले त्यसको एकसाता पछि अर्थात भोली २० गतेपछि सुनुवाई हुने संभावना रहेको छ। अब संसद पुनर्स्थापना भयोभने राष्ट्रले नयाँ निर्वाचनका लागि गरेको करिव एकखर्ब रुपैया र झण्डै पाँच महिनाको समय खेरजाने तथा बिभिन्न राजनीतिक कचिंगल शुरुहुने संभावना रहन्छ। त्यसैगरी संसद पुनर्स्थापना भएनभने पनि राजनीतिक कर्चिगल बढ्ने देखिएको छ। ०७९ मंसिर चारमा भएको निर्वाचनबाट गठित संसदको म्याद ०८४ मंसिर तीनगतेसम्म हुनुपर्नेमा बीचैमा निर्वाचन गराउन लागिएको छ।

यो निर्वाचन बाँकी अवधीका लागि(मध्यावधी) मात्र हुनुपर्नेमा पूर्ण निर्वाचन साबित गराउन खोजीएको छ। जसले नेपालको बिद्यमान संसदीय राजनीतिको असली चरित्र स्पष्ट हुनपुगेको छ। सबैभन्दा महत्वपूर्ण कुरा केछभने आगामी फागुन २१ गते निर्वाचन भएर नयाँ संसद र सरकारको गठन भएपनि त्यसको टिकाउको बिषयमा कुनै सुनिश्चितता हुनसकेको छैन। गत भदौ २७ को घोषणा गर्ने/गराउनेहरुले सो घोषणा अघि तत्कालीन संसदमा रहेका र नरहेका क्रियाशील दलहरुको सर्बदलीय र सर्बपक्षीय छलफलको आयोजना गरेर बिद्यमान राजनीतिक ब्यवस्थामा आवश्यक परिवर्तन गराउन सकेको भए हालकोजस्तो अन्योलको स्थिति आउने थिएन। जो जसले गत भदौ २७ गते नयाँ निर्वाचनको घोषणा गरे/गराएका थिए, उनीहरुले देशको खास बस्तुस्थितिको समेत ख्याल नगरेको देखिएको छ। तराई, पहाडी र हिमाली क्षेत्र भएको नेपालजस्तो मुलुकमा फागुनमा निर्वाचन गराउन कठीन हुने कुराको ख्यालसमेत नगरेको स्पष्ट छ। हाल आएर दार्चुला पश्चिमको कालापानी, लिपुलेक र लिम्पियाधुरामा बस्ने कसैले पनि नेपाली नागरिकता, राष्ट्रिय परिचयपत्र र मतदाता परिचयपत्र नबनाएको पाइएको छ। सो क्षेत्र हालसम्म भारतीय नियन्त्रणमा रहेको छ। नेपाल र भारतबीच खुला सीमा रहे पनि भारतीय सेना र सीमा सुरक्षा निकायको बाक्लो उपस्थिति भएकाले नेपालको सरकारले उक्त क्षेत्रमा आफ्नो उपस्थितिसमेत जनाउन सकेको छैन।

नेपालीलाई भारतीयहरुले छाङ्गरु र टिंकर जान दिएपनि त्यहाँभन्दा माथि जान दिएका छैनन्। छाङ्गरु टिंकर पुग्न पनि भारतीय बाटोहुँदै जानुपर्ने बाध्यता छ। भारतले दाबी गर्दैआएको काली नदीमा बनेको सीता पुलभन्दा पारी आफ्नै भूमीमा जान पनि नेपालीहरुले अनुमति पाएका छैनन्। जसलेगर्दा लिपुलेक र लिम्पियाधुरालगायतका क्षेत्रका जनताले आगामी निर्वाचनमा मतदानगर्न नपाउने अवस्था छ। दार्चुलाको छाङ्गरु र टिंकरका बासिन्दालाई सदरमुकाम खलंगामा मतदानको व्यवस्था गरिएको भनिएपनि उनीहरु त्यहाँसम्म आउन पनि नसक्ने अवस्था छ। यसअघि नेपालको निर्वाचन आयोगले छाङ्गरु र टिंकरमा दुईवटा मतदान केन्द्र तोकेको भनिएको थियो। करिब ९२ हजार मतदाता रहेको दार्चुलाका सबै जनताले मतदानगर्न नसक्ने/नपाउने अवस्था छ। ०७७ सालमा कालापानी, लिम्पियाधुरा र लिपुलेकलाई समेट्दै नेपालको पछिल्लो नक्सा सार्वजनिक गरिएपनि आलसम्म सो क्षेत्रको उपभोग हुनसकेको छैन। त्यसैगरी हिमाली जिल्लाहरु हुम्ला, जुम्ला, मुगु, मनाङ र मुस्ताङलगायतमा यतिबेला भारी हिमपात र वर्षा भैइरहेको छ। जसलेगर्दा त्यहाँका सड़क र पदमार्गहरु बन्द भएका छन्। चुनावको लागि आवश्यक सामग्री (मतपत्र, मतदान बाकस आदि) लानसमेत कठीनाई भएको छ। उक्त जिल्लाहरुमा मौसम र भूगोलका कारण चुनाव सञ्चालनमा चुनौतीहरु देखिएका छन्। चिसोका कारण आगामी फागुन २१ हुने भनिएको निर्वाचनमा हिमाली क्षेत्रका करिब ६० प्रतिशत मतदाताहरु मतदानमा सहभागी हुननपाउने अवस्था सिर्जना भएको जानकारहरुले बताएका छन्। जसलेगर्दा अब चुनाव भएपनि हिमाली क्षेत्रमा करिब ३०, ४० प्रतिशतमात्रै भोट झर्ने अनुमान गरिदै छ। सुदूरपश्चिम, कर्णाली र गण्डकी प्रदेशका उच्च हिमाली जिल्लामा आगामी फागुन २१ मा निर्वाचनगर्न कठीन रहेको प्रदेशका अधिकारीहरुको भनाईसमेत बाहिर आएको छ।

खासगरी गण्डकीको मनाङ र मुस्ताङ, कर्णालीका डोल्पा, मुगु र हुम्ला तथा सुदूरपश्चिमका दार्चुलालगायतका जिल्लामा अत्यधिक चिसोका कारण निर्वाचनगर्न चुनौती छ। ति क्षेत्रका बासिन्दा जाडो छल्न कात्तिकदेखि चैतसम्म तल्लो भेग झर्नेगरेका छन्। यसपालि माघमै दुईपटक हिमपात भइसकेको छ। हुम्ला, डोल्पा, जुम्ला र मुगुजस्ता जिल्लामा हिमपातहुँदा जनजीवन ठप्प हुन्छ। कालीकोट, जाजरकोट, गोरखा, रुकुमपूर्व र रुकुम पश्चिमका उच्च भेगमा पनि अवस्था त्यस्तै छ। हुम्लामा ३४ हजार ३७२, डोल्पामा २४ हजार ११५, मुगुमा ३६ हजार ३१ र जुम्लामा ७१ हजार ७३९ मतदाता रहेको सरकारी तथ्यांक छ। डोल्पा, हुम्ला र मुगुका २० वटा मतदान स्थलमा खटिने नौवटा प्रहरी चौकीका सुरक्षाकर्मीलाई नै अत्यधिक चिसोका कारण अन्यत्र सारिएको छ। ती स्थलमा करिब चार हजार ३०० मतदाता रहेका छन्। सुरक्षा, कर्मचारी र मतदातानै नहुने ठाउँमा मतदान कसरी सम्भव हुन्छ ? भन्ने प्रश्न उठेको छ। मौसमको प्रतिकूल अवस्थामा उम्मेदवारहरु पनि शहरमै रहेका मतदातालाई लक्षित गरेर प्रचारमा जुटेको देखिएको छ।

यतिबेला सामाजिक सञ्जालको ब्यापक दुरुपयोग भैरहेको छ। तर गत भदौ २३ र २४ मा आन्दोलन गरेको दाबिगर्नेहरुले सामाजिक सञ्जालको जथाभावी प्रयोग गरेपनि बर्तमान सरकार केहीगर्न नसक्ने अवस्थामा रहेको देखिन्छ। चुनावमा भाग लिन तयार भएका दलहरु देश र जनताको आवश्यकताको बहसमाभन्दा आपसमा आरोप प्रत्यारोपमै ब्यस्त देखिएका छन्। जसलेगर्दा नेपालमा हाटहुट गरेर निर्वाचन गराउने र लाटलुट गरेर शासन चलाउने परंपरानै बसेको छ। नेपालको ०७२ को संविधान र त्यस अनुसार स्थापना गराईको बिद्यमान राजनीतिक ब्यवस्थामा गंभिर किसिमका त्रुटीहरु रहेका छन्। जसमा अमूल परिवर्तन आजको आवश्यकता हो। सो आवश्यकताको समाधान नगरेसम्म जति पटक, जसरी निर्वाचन गराए पनि त्यसको कुनै अर्थ छैन। यो आम नेपाली जनताले समयमै बुझ्नुपर्ने कुरा हो।

## फरक...

*म निवेदक निम्लिखित व्यहोराको निवेदन गर्दछु :-*

१. म निवेदक नेपालको संविधानको धारा १६ (१), धारा १७ (१) र (२) को (क) (ख), (ग), (ङ), (च), धारा १८ (१), धारा २० (१), (२), (३), (५), (८), धारा २२, धारा ४६, धारा १३३ (२) र (३), न्याय प्रशासन ऐन, २०७३ र सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३३, ३४ र ३७ समेतका आधारमा अन्य वैकल्पिक एवं प्रभावकारी उपचारको विकल्पको अभावमा गैह्र कानूनी रुपमा थुनामा राखिएको व्यक्ति पूर्ण बहादुर खड्का मेरो पिता भई सरोकारका व्यक्ति भएको हुँदा उहाँको हकमा प्रस्तुत निवेदन लिई उपस्थित भएको छु।

२. गत मिति २०८२/१०/१६ गते शुक्रबारका दिन क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपालको केन्द्रीय कार्यक्रम अनुसार पार्टीका केन्द्रीय सदस्य, दोलखा जिल्ला इन्चार्ज तथा तथा १० नम्बर ब्यूरो सचिवालय सदस्य पूर्ण बहादुर खड्का पार्टीकै निर्देशन र अनुमतिमा सिन्धुली जिल्लाको दुधौली क्षेत्रमा जनतासँगको भेटघाट कार्यक्रममा जानुभएको हो। यसरी म निवेदकका बुबा पूर्ण बहादुर खड्कालाई आयोजक पार्टीको केन्द्रीय सदस्यको हैसियतले जनतासँगको भेटघाट कार्यक्रममा सहभागी भई पर्किने क्रममा सिन्धुली जिल्ला दुधौली नगरपालिका वडा नं.९ खोरभनुज्याङ बजारको एक चिया पसलमा स्थानीय जनतासँग कुराकानी गरेर बसिरहेकै अवस्थामा उक्त दिन अं.१२:३० बजेको समयमा प्रत्यर्थी महानगरीय प्रहरी प्रभाग दुधौलीबाट खटिई आएका केही प्रहरीहरुद्वारा पक्राउ गरियो। हाल निज बुबा पूर्ण बहादुर खड्कालाई प्रहरी चौकी दुधौली, सिन्धुलीको हिरासतमा राखिएको थाहा जानकारी भयो। उक्त प्रहरी कार्यालयमा गई वहाँलाई पक्राउ गरिएको कारण सम्बन्धमा जानकारी माग्दा वहाँ क्रान्तिकारी कम्यूनिष्ट पार्टी नेपालका केन्द्रीय स्तरका नेता भएको र घर तथा बजार पसलमा गई त्याहाँको समग्र जनताको जनजिविका र आगामी मिति २०८२ साल फाल्गुन २१ गते हुने निर्वाचन बहिष्कार गर्नुपर्छ भनी बहिष्कारको पर्चा वितरण गरेकाले प्रत्यर्थी निकायहरु गृह मन्त्रालय र प्रहरी प्रधान कार्यालयको निर्देशन र जिल्ला प्रशासन तथा जिल्ला प्रहरी कार्यालय सिन्धुली समेतको आदेशमा पक्राउ गरिएको हो भन्ने मौखिक जवाफ दिईयो। हाल उल्लेखित प्रत्यर्थीहरुको प्रत्यक्ष निर्देशन र आदेशमा म निवेदकको बुबा निज पूर्ण बहादुर खड्कालाई बिना आधार, विना कारण पक्राउ गरी पक्राउपुर्जी समेत नदिई गैरकानुनी थुनामा राखी हामी परिवारका सदस्य र आफन्तलाई समेत सहज रुपमा भेटघाट गर्न दिईएको छैन। उहाँलाई शारिरिक तथा मानसिक यातना दिइएको आशंका समेत रहेको छ।

३. प्रत्यर्थीहरुद्वारा म निवेदकका बुबा पूर्ण बहादुर खड्कालाई आजका मितिसम्म पनि गैरकानुनी हिरासतमा राखिएको छ। वहाँलाई झुठ्ठा आरोप लगाई अनुसन्धानको लागि भनी नियन्त्रणमा लिई हिरासतमा राखिएको छ। वहाँलाई के कुन कसुरमा पक्राउ गरिएको हो ? हालसम्म के कति अनुसन्धान कार्य सम्पन्न भयो ? भन्ने समेत जानकारी दिइएको छैन। आजका मितिसम्म पनि निज बुबा पूर्ण बहादुर खड्काका विरूद्ध कुनै मुद्दा दायर गरेको थाहा जानकारी छैन।

४. पार्टीले आयोजना गरेको शान्तिपूर्ण कार्यक्रममा सहभागी निज बुबा पूर्ण बहादुर खड्कालाई क्रान्तिकारी कम्यूनिष्ट पार्टी, नेपालमामा आबद्ध भई फरक विचार र आस्था राखेकै आधारमा चिया पसलमा चिया खाँदै गर्दा प्रत्यर्थीहरुद्वारा पक्राउ गरिएको हो। निज बुबाले कुनै पनि गैरकानूनी काम गर्नु भएको छैन। प्रत्यर्थीहरुको गैरजिम्मेवार काम कारबाही हेर्दा निज बुबालाई हिरासतमा मानसिक एवं शारिरिक यातना दिई राखिएको आशंका विद्यमान हुँदा प्रस्तुत निवेदन लिई सम्मानित अदालत समक्ष उपस्थित भएको छु।

५. विचार र आस्थाकै आधारमा म निवेदकका बुबा पूर्ण बहादुर खड्कालाई पक्राउ गर्ने प्रत्यर्थीहरुको उल्लेखित कार्य राज्यशक्तिको दुरुपयोग र बदनियत र प्रवृत्त भावनाबाट प्रेरित रहेको प्रष्ट देखिन्छ। बिना आधार र कारण पक्राउ गरी थुनामा राख्ने प्रत्यर्थी जिल्ला प्रशासन कार्यालय, सिन्धुली समेतका प्रत्यर्थीहरुको गैरकानुनी कार्यबाट म निवेदकको बुबा पूर्ण बहादुर खड्काको नेपालको संविधानको धारा १६(१), धारा १७ (१) र (२) को (क), (ख), (ग), (ङ), (च), धारा १८ (१), धारा २० (१), (२), (३), (५) (८), धारा २२, समेत द्वारा प्रदत्त मौलिक हक अधिकार कुण्ठित हुन पुगेको छ।

६. म निवेदकका बुबा पूर्ण बहादुर खड्कालाई बिना कारण पक्राउ गरी गैरकानूनी थुनामा राखेबाट निजको संविधानद्वारा प्रदत्त वैयक्तिक मौलिक हकको हनन भएकोले निजलाई तुरून्त सम्मानित अदालत समक्ष सशरीर उपस्थित गराई गैरकानूनी थुनाबाट मुक्त गर्न उल्लेखित प्रत्यर्थीहरूका नाममा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ को (क) र (ख) समेतका आधारमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ।

७. प्रस्तुत मुद्दा यसै अदालतको क्षेत्राधिकारभित्र पर्दछ।

८. यस सम्बन्धमा अन्य कुनै पनि अदालतमा निवेदनपत्र पेश गरेको छैन।

९. हाल कानून वयवसायी नियुक्त गरेको छैन।

१०. यस विषयमा अन्यत्र उजुर गरेको छैन।

११. निवेदनसाथ संलग्न कागजातहरु :

(क) क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालको केन्द्रिय समितिले जारी गरेको विज्ञप्तिको प्रतिलिपि १ प्रति।

(ख) क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालको १० नम्बर ब्यूरोले जारी गरेको विज्ञप्तिको प्रतिलिपि १ प्रति।

(ग) जन बिहानी डिजिटल पत्रिकामा प्रकाशित समाचारको स्क्रिनसर्टको प्रतिलिपि ३ प्रति।

(घ) नेपाली नागरिकताको प्रतिलिपि २ प्रति।

१२. यसमा लेखिएको व्यहोरा ठिक साँचो छ, झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

***निवेदक***

पूर्ण बहादुर खड्काको हकमा निजको एकाघरको छोरा भगवान खड्का............

*इति सम्वत २०८२ साल माघ महिना १८ गते रोज १ शुभम् ........................................./*

# के सर्वहारा वर्ग विश्वमा कतै क्रान्ति गर्न सक्दैन ?



● शालिकराम भण्डारी ●

समाज वर्गमा विभाजित छ। त्यसैले संघर्ष द्वन्द्व छ मार्क्सले यो कुरा प्रकाशमा ल्याए। अध्ययनको क्रममा उनले फ्रान्सलाई देखे। फ्रान्समा वर्ग संघर्ष नामक कृति लेखे, वर्ग संघर्षको विकास हुँदा सर्वहारा वर्गले सर्वप्रथम पुँजीपति वर्गको हातमा रहेको सत्ता त्यसले आफ्नो हातमा लिन सफल भएको हो, जुन मार्क्सवाद निर्माण गर्नमा एउटा अंग मानिन्छ। १८७१ को पेरिस कम्युन सर्वहारा वर्गको क्रान्ति थियो। समाजवादको पहिलो पाइलो थियो। मार्क्सले यसमा धेरै कमी कमजोरी देखेका थिए। यस्तो कदमको चेतावती समेत दिएका थिए, तर पेरिस सर्वहारा क्रान्तिमा हाम फालेर उनले स्वागतसम्म गरेर आफ्नो पछिको प्रतिक्रियामा भने मुख्य सवाल कार्यमा अग्रसर हुनु पनि त हो। पछि मार्क्सवादी सिद्धान्त श्रृजना गर्दा ठूलो अनुभव प्राप्त भएको धेरै पटक भनेका छन्। मार्क्स, एंगेल्सको मृत्यु पछि यस क्रान्तिको निम्ति कार्यभार लेनिनको काँधमा आयो। उनले पनि बाँकी सैद्धान्तिक व्यवहारिक कार्य अति कुशलतापूर्वक अगाडि बढाए। त्यसबेला रुसमा अति निरंकुश तानाशाही रुसी सम्राटको शासन थियो। अन्य युरोपेली मुलुकहरुमा भएका तानाशाह भन्दा रुसी सम्राट जसलाई जार भनिन्छ खपिसक्नु थियो। रुसी जनता माथिको शोषण, दमन, पीडाले गर्दा तिनले विकल्प खोजिरहेका थिए। अर्को तिर लेनिनले आफ्नो पार्टीको दोस्रो ममहाधिवेशन जुन १९०३ मा भएको थियो। सबै संशोधनवादी दक्षिणपन्थी किटाणुहरुलाई परास्त गरी सम्पन्न गरेका थिए। उनी पनि त्यो सत्ता फाल्न उत्सुक थिए। त्यसैले समस्त सत्ता विरोधीहरुलाई गोलबन्द गरी १९०५ मा सशस्त्र संघर्ष थालनी गरे। यसले १९०९ सम्म निरन्तरता पायो। तर देशी विदेशी प्रतिक्रियावादी गठबन्धन (यूरोप,अमेरिका)ले गर्दा रुसी क्रान्तिले हार खानु पऱ्यो। त्यसबेला विश्वमा जटिल परिस्थिति उत्पन्न भएको थियो। साम्राज्यवादीहरुको आपसी अन्तरविरोधका कारण भित्रभित्र विश्वयुद्धको वातावरण तयार हुँदै थियो, फलस्वरुप १९१४ मा युद्ध थालनी पनि भैहाल्यो। १९१८ सम्म टिक्यो। यसमा २ गुट युद्धमा संलग्न भए एकातिर जर्मन गुट, अर्कोतिर अमेरिका, बेलायत गुट, जापान, अमेरिका, बेलायत पक्षधर थियो। यसैलाई नै प्रथम विश्वयुद्ध भनिन्छ। यस्तो बेलामा पनि रुसी क्रान्ति कुनै न कुनै रुपमा जारी रह्यो। निरन्तरता र सुदृढतामा कमि रहेन किनकि नेतृत्वसम्म अडिएर बस्यो। त्यसैले १९१७ को फेब्रुअरी महिनामा संयुक्त संघर्षले रुसी सम्राट जारलाई गद्दीबाट उतार्‍यो।

तर त्यो जार विरोधी संघर्ष विभिन्न तत्वले बनेको मिश्रित थियो। त्यसमा धेरै जसो जार विरोधी मात्र थिए। पुँजीवादी प्रविधिमा मेनसेविक, प्लेखानोभ, मार्तोप जस्तो थिए। तिनीहरु फेब्रअरी क्रान्तिलाई नै पूर्ण उपलब्धि मान्थे। त्यही अडिनु उनीहरुको उद्देश्य थियो। लेनिन उनको कम्युनिस्टको लक्ष्य अगाडि जानु समाजवादमा पुग्नु थियो। रुसी कम्युनिस्ट पार्टीले पनि भित्रभित्र पूर्ण तयारी गर्‍यो र मेन्सेविक बाहुल्यता रहेको सत्ता पल्टयाईदियो। सर्वहारावर्गले पूर्णरुपले सत्ता आफ्नो हातमा लिन सक्यो। यसैलाई ऐतिहासिक अक्टोबर क्रान्ति १९१७ भनिन्छ, नयाँ युगको थालनी पनि यहीदेखि भएको हो। त्यसपछि मात्र लेनिन स्वदेश फर्केका हुन् उनले सम्पूर्ण क्रान्तिको निर्देशन बाहिरैबाट गरेका थिए।

रुसी सर्वहारा वर्गको क्रान्ति नष्ट गर्न त्यसको अस्तित्व समाप्त पनि स्वदेशी विदेशीले ठूलो शक्ति, बल शस्त्र धन लगाएकै हुन किनभने यो क्रान्ति पुँजीवाद साम्राज्यवाद विरोधी थियो-तिनको प्रतिकूल थियो। क्रान्ति, परिवर्तन राजनीतिले मात्र पूरा गर्न सक्दैन। यो त एउटा आधारभूत आर्थिक क्रान्तिको जसले राजनीतिलाई घुमाईरहेको हुन्छ। रुसको क्रान्तिले आधारभूत वर्गको हित, रक्षा गर्न सक्यो। अन्य देशमा भएका घटेका सत्ता उथलपुथल परिवर्तनलाई पनि क्रान्ति भन्नै पर्छ। जस्तो २००७ साल नेपालमा पनि क्रान्ति भयो-तर त्यसले एउटा सामन्ती शोषण राजतन्त्र श्री ३ लाई मात्र कमजोर गराउन सक्यो। अर्को सामन्ती राजतन्त्र श्री ५ लाई त्यति ठूलो धक्का दिन सकेन। पुँजीवादको विउ मात्र रोप्यो। त्यसकारण जनताले केही प्रजातान्त्रिक हक पाए पनि आर्थिक, सांस्कृतिक अधिकार शून्य बराबर भयो। त्यसैको हितमा श्री ३ र श्री ५ ले बेलाबेलामा टाउको उठाउने गर्ने कारण यही मात्र हो। अरु होइन। पुँजीवादमा प्रवेश गरेमा पुँजीवादी पार्टी र समाजवादमा जान भनी हिंडेका तर पुँजीवाद छोडन नसकेका कम्युनिस्ट पार्टीले न पुँजीवाद विकास गर्न सकेका छन् छोड्न। तिनलाई निल्नु न ओकल्नु भएको छ। अर्कोतिर भारतमा पनि क्रान्ति भयो। औपनिवेशिक दासताबाट देश मुक्त भयो। त्यो समन्वयात्मक क्रान्ति थियो। वर्गीय क्रान्ति थिएन। बरु राष्ट्रिय क्रान्ति थियो। त्यसैले आधारभूत वर्गको समस्या त्यहाँ हल भएन पुँजीपति वर्गको हित रक्षा मात्र भयो, भएको छ।

नयाँ जनवाद हुँदै समाजवादमा पुग्ने अथवा सिधै समाजवादमा जाने कल्पना गर्नु तत्काल अहिलेलाई सम्भव देखिंदैन। सर्वहारावर्गको भयंकर संघर्ष मात्र विकल्प छ। त्यहाँ कम्युनिस्ट पार्टी छन्, विभाजित छन्, संसदवादी माध्यमबाट समाजवादमा पुग्न सकिने भनेर बसेका छन्। क्रान्तिकारी पार्टी पनि छ, तर रक्षात्मक अवस्थामा मात्र संसदवादी धार जसले पुँजीवादतिर लैजान्छ।

रुसी क्रान्तिपछि चीनमा कम्युनिस्ट पार्टीको जन्म भयो। त्यसले १९२४ देखि १९४९ सम्म जुनबेला देशी, विदेशी शक्तिबाट चीन चिनियाँ जनता पूर्ण रुपले मुक्त भए। शुरुदेखि अन्त्यसम्म चरणबद्ध ढंगले पार्टी सशस्त्र, निशस्त्र संघर्ष गर्दै गयो। त्यसको सम्पूर्ण इतिहास यति सानो लेखमा उल्लेख गर्नु कसरी सम्भव हुन्छ। त्यो त पाठकले आफै सामाग्री संग्रह गरी अध्ययन खोज गरे मात्र सम्भव हुन जाला। यो त एउटा संकेत मात्र हो। विदेशी साम्राज्यवादी शक्तिलाई देशबाट भगाउन स्वदेशी प्रतिक्रियावादीबाट देशमुक्त गरी सबै ती विदेशी तालुवा चट्वाहरुलाई भगाउन पनि सफल भएको इतिहास विश्वमा प्रेरणादायी छ, क्रान्तिकारी छ, नयाँ जनवाद हुँदै समाजवादमा पुग्न सफल बनाएको छ। यसरी चिनियाँ कम्युनिस्ट पार्टी र माओ-त्सेतुङको नेतृत्वलाई कसैले कसैले भूल्न सक्छ।चिनियाँ नयाँ जनवादी क्रान्तिको सफलता र त्यतैबाट समाजवादमा पुग्न सकेको ऐतिहासिक कदमको कारण अरु केही होइन, मजदुर किसान निम्न, उद्योग र राष्ट्रिय पुँजीपति वर्गमाथि गरिएको देशी विदेशी शोषण, दमन, विरुद्ध चिनियाँ कम्युनिस्ट पार्टी र माओको निरन्तर सुदृढ संघर्षको परिणाम हो। रुसमा संघर्ष थियो सैद्धान्तिक, व्यवहारिक दुवै संघर्ष भए। तर चीनको संघर्षलाई कम मूल्यांकन गर्नु हुँदैन।

विश्वमा कम्युनिस्ट पार्टीहरु हर देशमा जन्मेका छन्। तर त्यहाँको राजनीति, आर्थिक स्थिति, वर्ग विश्लेषण निरन्तरता र सुदृढताको अभावले गर्दा लक्ष्यमा पुग्न सकेका छैनन्। उपल्लो तहको सम्झौता, कुनै देशको प्रभाव, जमिनी संघर्षको पकड नहुनुको कारण कुनै बेला समाजवादी सत्तामा रहेका देश गल्र्याम गुर्लुम्म ढले। साम्राज्यवादी देशको मित्र बने। पूर्वी यूरोपिय देश पोलेण्ड, हंगेरी युगोस्लाभिया, लेटिन अमेरिकी केही देश, एसियामा भियतनाम, कम्बोडिया, यहाँ अमेरिकी हस्तक्षेप विरुद्ध राष्ट्रिय संघर्ष, स्वतन्त्रताको निम्ति संघर्ष मात्र सावित भए, वर्गसंघर्षले जरा गाड्न सकेन। अर्को ठूलो एसियाको देश चीनमा राष्ट्रियता, जनजीविका, शोषण, दमन विरुद्ध ठूलाठूला संघर्ष भए चिनियाँ कम्युनिस्ट पार्टी त्यसको नेता अथक संघर्षकर्ता माओ-त्सेतुङले त्यसबेलाका आन्तरिक बाह्य शक्तिबाट पीडित जनतालाई मुक्त गराए- साँच्चिकै वैज्ञानिक समाजवाद, स्थापित गरे, बलियो बनाए। साम्राज्यवाद दक्षिणपन्थी संशोधनवादसँग टक्कर लिन सक्ने भए। आफ्नै जीवनकालमा सर्वहारा साँस्कृतिमा क्रान्तिको कार्यक्रम अघि बढाए। आजको चीन शक्तिशाली हुनु त्यही प्रभाव हो। आखिरी १९७६ मा उनको मृत्यु भयो- त्यसपछि तेङसियाओपिङको संशोधनवादी गुट अगाडि सर्‍यो। अहिलेसम्म सिजिङपिङसम्म त्यसैको चरितार्थ छ। यस संशोधनवादी गुटले सर्वहारावर्गको क्रान्तिलाई ठूलो धक्का पुराएको छ, निजी पुँजीलाई प्राथमिकता दिएको छ। विश्व समाजवादी क्रान्तिलाई अग्रगतिमा लैजानुको सही विश्व पुँजीवादमा श्रेष्ठ हुने राजनीति बनाएको छ। तर पनि जे जस्तो शक्ति लगाए पनि यो मार्क्सवादी वैज्ञानिक सिद्धान्त बोकेका लेनिन र माओ-त्सेतुङको प्रभाव छापलाई युगयुगसम्म कसैले मेटाउन सक्ने सम्भावना भएन।

अर्को एउटा सानो देश उत्तर कोरिया वैज्ञानिक समाजवादको यात्रामा थियो। केही हदसम्म हाँकेर लगेको नै थियो, सम्पूर्ण अमेरिकी साम्राज्यवाद अन्तर्गतका देशहरु त्यस विरुद्ध आक्रमण गरिरहेका छन्। त्यो देशलाई उत्तर दक्षिणमा विभाजन, मनोमालिन्यता सिर्जना गरेर आफ्नो आधार इलाका त्यहाँ बनाएका छन्। फौजी अड्डा राखेका छन्, उत्तर कोरिया माथि समय समयमा आक्रमण गर्छन्। नाकाबन्दी लगाएका छन्। उत्तरलाई आत्म समर्पण गर्न बाध्य गराइरहेका छन्। उसलाई अहिले राष्ट्र कसरी बचाउने भन्ने प्रश्न नै महत्वपूर्ण हुन गएको छ, समाजवादी कार्यक्रम कसरी पेश गर्न सक्छ।

दुई ठूला देश, चीन र भारतको बीचमा रहेको सानो भूपरिवेष्ठित देश नेपाल यहाँ ००७ देखि चेतनाको लहर फैलिंदै गएको छ। ००६ सालमा यहाँ पनि नेपाल कम्युनिस्ट पार्टी जन्म्यो। यसले छिटै नै संगठन प्रभाव बढाउँदै लग्यो। देशका कुनाकाप्चामा कम्युनिस्ट पार्टीको नाम चिनायो, अव देशमा ३ राजनीतिक शक्ति देखा परे (१) सामन्तवादमा आधारित राजाको नेतृत्व अन्तर्गत संचालित हुने प्रतिगामी शक्ति (२) पुँजीवादलाई मुल सिद्धान्त स्वीकार्ने ००७ सालको क्रान्तिको अगुवा पार्टी नेपाली कांग्रेस र (३) समाजलाई आमूल परिवर्तन गर्ने पुँजीवादीको हातमा रहेको सत्ता सर्वहारावर्गलाई सौपने पार्टी नेपाल कम्युनिस्ट पार्टी अहिले सामन्तवादी राजसंस्था राजनैतिक रुपले समाप्त भएको छ, देश पुँजीवादमा प्रवेश गरेको छ, तर यो पुँजीवाद राष्ट्रिय पुँजीमा आधारित छैन। यसको मौलिक चरित्र छैन। दलाल नोकरशाही पुँजीपतिवर्गको भरमा छ, राष्ट्रिय पुँजीपति वर्गलाई यहाँ ठाउँ छैन। यो दलाल नोकरशाही शक्तिले ने.का.लाई मित्र ठान्छ। बचेखुचेका सामन्त जुन छन् राजाका मित्र हुन्। अर्को समाज परिवर्तन गर्न जन्मेको पार्टी नेकपाले अहिलेसम्म कुनै ठोस कार्यक्रम पेश गर्न सकेन। प्रचार क्रान्तिकारी काम विपरीत भएको छ। राजा महेन्द्रले ००७ सालको संसदीय व्यवस्थाको उपब्धिलाई ०१७ सालमा खाई दिएर निरंकुश पंचायती प्रजातन्त्र नामको शासन पद्धति लागु गरेपछि कांग्रेस, कम्युनिस्ट दुवैले ०४६ साल आन्दोलन थियो। कांग्रेसको मुख्य नारा रह्यो। "भंग गरिएको संसदीय व्यवस्थाको पुनर्स्थापना" यसभन्दा पृथक कार्यक्रम पेश हुन सकेन। यद्यपि विभिन्न विभाजित कम्युनिस्टहरुले रायमाझीको नीतिबाट पार्टीलाई बचाएकै हुन्। तर आन्दोलनलाई मत्थर पार्न ०४६ सालमा बहुदलीय व्यवस्था पुनर्स्थापना भयो तर पनि राज्यको सम्पूर्ण अधिकार राजसंस्थामा नै निहित रह्यो। त्यस कार्यलाई नेकाले ठूलो उपलब्धी झार्‍यो। किनकि बहुदलीय व्यवस्था प्राप्त भयो। अर्कोतिर कम्युनिस्ट मध्येका धेरै जसो पार्टी, व्यक्तिले पनि यस परिवर्तनलाई अत्यन्त प्रशंसा गरे, समाजवाद प्राप्त गर्न यही संसदीय माध्यम नै अत्यन्त उपयोगी हुन सक्ने सम्झे। नयाँ जनवाद समाजवाद प्राप्त गर्न पुरानो भएको व्याख्या गर्न थाले।त्यसैले जनताको बहुदलीय जनवादी कार्यक्रम पेश गरे। जसलाई जवज भनिन्छ। त्यसै समयदेखि नेकपा पतनको दिशामा गएको विश्लेषण व्यापक रुपमा हुन थाल्यो।

सुस्तसुस्त एउटा यस्तो समूह निस्क्यो जुन ०४६ सालमा राजाले वक्सिस दिएको पाउरबाट पटकपटक सन्तुष्ट थिएन , ऊ सर्वहारावादी दृष्टिकोण राख्दथ्यो। नयाँ जनवाद हुँदै समाजवाद प्राप्त गरिने विचार उसको विश्वास थियो। त्यसैले ०५२ साल फागुन १ गते जनयुद्ध घोषणा गर्‍यो। यो युद्ध १० वर्षसम्म निरन्तर चल्यो। देशी विदेशी प्रतिक्रियावादी प्रतिक्रान्तिकारी शक्ति आश्चर्य चकित भयभित भए। चारैतिरबाट दबाब प्रलोभन धम्की वर्षिन थाले, उता नेतृत्व अडिन सकेन। जनयुद्धको सही मूल्यांकन गर्न सकेन, सम्झौतावादी दृष्टिकोण लियो। विस्तृत शान्ति सम्झौता गरियो। नयाँ जनवादी कार्यक्रम त्यागियो। समाजवादी बाटो त्यागियो। बरु संसदको माध्यमबाट सुस्तसुस्त नआत्तिकन सबै वर्गलाई समन्वय गर्दै झैझगडा हुन नदी शान्तिपूर्ण ढंगले त्यतातिर जाने दृढ निश्चय गरियो। जो अहिले चालु छ। अव त समाजवाद संविधानले तोके बमोजिम ५ वर्षमा हुने निर्वाचनमा एक पटक घरघरमा जान्छ। निर्वाचन समाप्त हुन्छ, यो पनि अर्को समयसम्म आराम गर्छ। भोट जान भनेको त कुटी तिर गइएछ जस्तो भाछ। सम्झौता गर्नु तोड्नु आफैमा गलत हुँदैन। मुख्य कुरा मूल विषय त्याग्नु हुँदैनथ्यो। त्यो यहाँ भएको छ।

नयाँ जनवादी क्रान्ति दुई समाजवादमा पुग्न अगाडि सारेको ठूलै सफलता हात पारेको पार्टी माओवादीले एउटा ठूलो गुट र त्यसको नेतृत्वले बाटो छोडे पनि त्यो प्रवृत्ति विरुद्ध अंगुला ठड्याउँदै एउटा समूह नेपालमा जनवादी क्रान्ति सम्पन्न गर्न अग्रसर, सचेत छ, पुनरुत्थानवादी, यथास्थितिवादी विरोधमा लड्दै सर्वहारा वर्गको क्रान्ति सफल पार्न बहुसंख्यक निम्न वर्गका जनतालाई उनका शोषण, दमन, पीडाका व्यथाहरु क्रान्तिबाहेक शक्तिले निरर्थक ढंगले व्याख्या गर्दै हिंडेको छ। तिनलाई संघर्षमा उतारेपछि मात्र जताकतै सम्भावना हुन्छ। नेपाल अछुत रहन सक्दैन। ठोस स्थितिको ठोस विश्लेषण गरेर *बाँकी ७ पेजमा* मात्र प्राप्त गर्न सकिन्छ। नयाँ जनवादी क्रान्ति सर्वहारा वर्गको क्रान्ति प्रशस्त पैसा खर्च गरेर निर्वाचनमा भोट प्राप्त गरे जस्तै सजिलै पाइने वस्तु होइन। चेतना संघर्ष मात्र यसमा कारक तत्व हुन्। लेनिन, माओले यसैलाई महत्व दिए। अहिले नेपालको कम्युनिस्ट आन्दोलन कुनै यस्तो शक्ति छ ? छ , अवश्य पनि छ, त्यो हो क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल।

# ब्यापक रणनीतिक त्रिपक्षीय सम्झौता : चीन, इरान र रुस यसरी अघि बढे



● लोकनारायण सुबेदी ●

***एक नाटकीय भू-राजनीतिक विकास***

एउटा निकै नाटकीय र गम्भीर महत्वको भू-राजनीतिक घटनाक्रममा, इरान, चीन र रूसले औपचारिक रूपमा जनवरी ३० का दिन एक व्यापक रणनीतिक सम्झौतामा हस्ताक्षर गरेका छन्। यसलाई यो २१औं शताब्दीको अन्तर्राष्ट्रिय सम्बन्धमा सबैभन्दा निर्णायक मोडमध्ये एक सम्झौता मानिएको छ। सम्झौताको पूर्ण पाठ तीन सरकारहरूले चरणबद्ध रूपमा सार्वजनिक गर्दैछन्। तर तेहरान, बेइजिङ र मस्कोका राज्य-माध्यमहरूले समारोहलाई स्वीकार गर्दै यसलाई नयाँ बहुध्रुवीय विश्वव्यवस्थाको आधारशिला हो भन्ने कुरा स्पष्टरुपमा प्रकाशका ल्याएका छन्।

***यो सम्झौताको विश्व पृष्ठभूमि***

यो सम्झौता ती तीन राष्ट्र इरान, रुस र चीन बीच दशकौंदेखि बद्दै आएको सहकार्यको पृष्ठभूमिमा भएको छ। इरान र रूसले यसअघि नै २० वर्षे व्यापक रणनीतिक साझेदारी सन्धि पनि सम्पन्न गरेका थिए, जसले आर्थिक, राजनीतिक र रक्षा सम्बन्धलाई गहिरो बनाउने तथा पश्चिमी प्रतिबन्धको प्रभावलाई कमजोर पार्ने उद्देश्य राखेको थियो। दुइ देश बीचको उक्त सन्धि जनवरी २०२५ मा हस्ताक्षर भएको थियो र गत वर्षदेखि लागू हुँदै आएको छ। यस अघि नै , इरान र चीनबीच २५ वर्षे सहकार्य सम्झौता २०२१ मा हस्ताक्षर भएको थियो, जसले व्यापार, पूर्वाधार र ऊर्जा एकीकरणलाई विस्तार गर्ने लक्ष्य राखेको थियो।

***यो महत्वपूर्ण यस सम्झौताको विशेषता***

तीन देशका बीचको यो पछिल्लो महत्वपूर्ण त्रिपक्ष हस्ताक्षरलाई विशेष र समाचारयोग्य बनाउने कुरा भनेको यसले बिश्वका तीन शक्तिलाई एउटै समन्वित ढाँचामा बाँधेको छ। यसले परमाणु सार्वभौमिकता, आर्थिक सहकार्यदेखि सैन्य समन्वय र कूटनीतिक रणनीतिसम्मका विषयमा तिनीहरूलाई एउटै धारमा खडा गरेको छ।

तेहरानका अधिकारीहरूले यस त्रिपक्षीय बिशेष रणनीतिक सम्झौतालाई "पारस्परिक सम्मान, सार्वभौम स्वतन्त्रता र एक नियम-आधारित अन्तर्राष्ट्रिय प्रणाली, जसले एकतर्फी दबाबलाई अस्वीकार गर्छ" भन्ने महत्वपूर्ण संयुक्त प्रतिबद्धता हो भन्ने दर्शाएका छन्। बेइजिङ र मस्कोले पनि यस्तै बयान जारी गरेका छन्।

***त्रिपक्षीय यस सम्झौताको स्वरूप***

यस सम्झौताको प्रारम्भिक सार्वजनिक लिखत अनुसार, यो सम्झौता नाटोको अनुच्छेद ५ जस्तै कुनै औपचारिक सामूहिक रक्षा सन्धि भने होइन। इरान-रूसबीचका विगतका सम्झौताहरूले पनि रक्षा ग्यारेन्टीमा हस्ताक्षर नै गरेका थिए। बरु, यो सम्झौताले पश्चिमी सैन्य प्रभुत्व र आर्थिक दबाबको साझा विरोधमा आधारित एक व्यापक भू-राजनीतिक गठबन्धनलाई परिभाषित गर्छ भनिएको छ।

बिश्लेष्कहरुले भनेका छन् - यस सम्झौतामा इरानको परमाणु कार्यक्रमसँग सम्बन्धित प्रतिबन्ध पुनः लागू गर्ने प्रयासविरुद्ध एकीकृत धारणा केन्द्रमा छ। तेहरान, बेइजिङ र मस्कोले युरोपेली "स्न्यापब्याक"(शिघ्र उपचार) प्रतिबन्ध प्रयासलाई अस्वीकार गर्दै संयुक्त राष्ट्र सुरक्षा परिषद्को विचारलाई समाप्त भएको घोषणा गरेका थिए।

***यस सम्झौताको तत्कालिक प्रभाव***

अहिले यो सम्झौता अमेरिकासँग इरानको बद्दो तनावको बीचमा भएको छ। स्पष्टै छ कि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानको परमाणु गतिविधि सम्बन्धी वार्ता नभए सैन्य कारबाही गर्ने धम्की दोहोर्याएका छन्, र मध्यपूर्वमा अमेरिकी युद्धपोत समूह पनि तैनाथ गरेका छन्। यस्तो पृष्ठभूमिमा, यो नयाँ रणनीतिक सम्झौताले इरान र उसका साझेदारलाई अमेरिकी दबाबविरुद्ध एक सशक्त ढाल प्रदान गरेको छ।

यसरी यो सम्झौताले मध्यपूर्वमा शक्ति-सन्तुलन फेरिँदैछ। पश्चिमी नीतिबाट लामो समय अलग्गै राखिएको इरान अब संयुक्त राष्ट्र सुरक्षा परिषद्को दुई स्थायी सदस्यको संरक्षणमा रहेको दाबी गर्छ नै। यसले इरानलाई इराक, सिरिया र फारस उपसागरमा अझ आत्मविश्वासी पनि बनाउनेछ।

अनि यूरोपका लागि, यो सम्झौताले ब्रसेल्सको स्वतन्त्र प्रभाव कायम राख्ने महत्वाकांक्षालाई पनि कमजोर बनाउने बताइएको छ।

***सम्झौताबट उत्पन्न हुने आर्थिक प्रभाव***

आर्थिक दृष्टिले, यो सम्झौताले तीन प्रमुख गैर-पश्चिमी अर्थतन्त्रबीच अझ गहिरो एकीकरणको संकेत दिएको छ। रूस र चीनले पहिले नै पश्चिमी वित्तीय प्रणालीलाई बाइपास गर्ने व्यापार सम्झौता गरिसकेका थिए। अब त्रिपक्षीय सम्झौताले वैकल्पिक वित्तीय संयन्त्र र व्यापार मार्गलाई तीव्र बनाउन सक्छ।

इरान, जससँग विशाल ऊर्जा स्रोतहरू छन्, चीनको बेल्ट एन्ड रोड पहल र रूसको वैकल्पिक बजार खोजीसँग जोडिँदै, थप नयाँ लगानी र बजार पहुँच त्यसले पाउनेछ। फलतः अमेरिकी डलर-केन्द्रित वित्तीय प्रणालीप्रति निर्भरता घटाउने प्रष्ट सम्भावना देखाउँछ।

***यस सम्झौताको सैन्य र रणनीतिक आयाम***

खुलारुपमा औपचारिक गठबन्धन नभए पनि, यो सम्झौताले सैन्य सहकार्यलाई बलियो बनाएको छ। चीन र रूसले भारतीय महासागर र उपसागर क्षेत्रहरुमा संयुक्त नौसैनिक अभ्यास गर्दै आएका छन्, जसमा इरान पनि सहभागी हुने गरेको छ। रणनीतिक रूपमा, यसले रक्षा योजना र गुप्तचर साझेदारीलाई बढाउने सम्भावना छ। यसले अमेरिकासँगको कुनै पनि तनावलाई अझ जटिल बनाउनेछ।

***दीर्घकालीनरुपमा यस सम्झौताको प्रभाव***

दीर्घकालीन रुपमा यो सम्झौताले अन्तर्राष्ट्रिय सम्बन्धलाई बहुध्रुवीय संरचनाततर्फ लैजानेछ। दशकौंसम्म अमेरिकाले वैश्विक शासन संरचनामा प्रभुत्व जमाउदै आएको बिश्व स्थिति थियो। तर अब इरान, चीन र रूसको यो संरचित सहकार्यले पश्चिमी प्रभुत्वलाई चुनौती ठूलो र गम्भीर चूनौति दिएको बिश्लेषकहरुको प्रारम्भिक निष्कर्श छ। यति भन्न सकिन्छ कि बहुध्रुबीय बिश्व संरचनातिर अग्रसर बिश्वका लागि यो सम्झौताले महत्वपूर्ण अग्रसरतार लिएको छ।

# तेस्रो बालसाहित्य महोत्सव सम्पन्न




ललितपुर। तेस्रो बालसाहित्य महोत्सव मंगलबार सम्पन्न भएको छ। नेपाल बालसाहित्य समाज, ललितपुर महानगरपालिका र पाटन संग्रहालयको आयोजना र विभिन्न संघसंस्थाको सहआयोजनामा यही माघ ११ गतेदेखि ललितपुरको पाटन संग्रहालयमा आयोजना गरिएको महोत्सव आज सम्पन्न भएको हो।महोत्सव अवधिभर बालसाहित्य र बालसरोकारका विविध विषयमा कार्यपत्र प्रस्तुति, समूहगत छलफल, पुस्तक विमोचन, बाल प्रतिभा प्रदर्शनीसहित बाल पुस्तक प्रदर्शनीका साथै संग्रहालय प्रदर्शनी समेत गरिएको थियो। मंगलबार सम्पदा, संस्कृति र बालबालिका विषयको समूह छलफलमा वक्ताहरु पाटन संग्रहालयका कार्यकारी निर्देशक रमेशराज पौडेल,वरिष्ठ बालसाहित्यकार डा. शैलेन्दुप्रकाश नेपाल र मिस नेवा, नेपाल संवत् ११४५ प्रलिशा शाक्यसँग पाटन संग्रहालयका संग्रहालय अधिकृत सुरेशमान लाखेले बहस गरेका थिए। उक्त बहसमा बालबालिकाको ज्ञानको दायरा फराकिलो बनाउन सम्पदा र संस्कृतिको योगदानबारे चर्चा गरिएको थियो।त्यस्तै अर्को समूह छलफल बालसाहित्यको बदलिँदो स्वरुपमा पत्रकार सुशीला तामाङले वक्ताहरु वरिष्ठ बालसाहित्य इतिहासकार प्रमोद प्रधान, समालोचक तथा अनुवादक महेश पौड्याल र लेखक अनुराधासँग बहस गरेकी थिइन्। उक्त बहसमा बालसाहित्यको क्षेत्रमा भएका नविनतम् प्रयास र प्रयोगहरुबारे छलफल गरिएको थियो।

यसैगरी गौरी प्रधानले तयार पारेको कार्यपत्र 'बालसाहित्यमा बाल अधिकार' सिविन नेपालका कार्यकारी निर्देशक कुमार भट्टराईले प्रस्तुत गरेका थिए। उक्त कार्यपत्रमा वरिष्ठ साहित्यकार प्रा. ध्रुव घिमिरेले टिप्पणी गरेका थिए भने पत्रकार

यशोदा अधिकारीले कार्यक्रमको सभापतित्व गरेकी थिइन्।रंगकर्मी, चलचित्रकर्मी तथा बालसाहित्यकार केदार श्रेष्ठले बालसाहित्यसँगै बाल रंगमञ्च र बाल चलचित्र विषयको अवधारणा पत्र प्रस्तुत गरेका थिए।

आजै दुई सत्रमा बालकृतिहरु समेत विमोचन गरियो। कोपिला किताबको आयोजनमा वरिष्ठ बालसाहित्यकार विजयराज न्यौपानेको नयाँ बालकाव्य कृति- सारथि दिदी, विराज राईको ऐना र ध्रुब श्रेष्ठको हाम्रो नेपाल, राम्रो नेपाल कृतिको विमोचन गरिएको थियो भने नेपाल बालसाहित्य समाज र पाटन संग्रहालयको संयुक्त प्रयासमा गरिएको कार्यशालाबाट तयार पारिएका पाटनका सम्पदाबारेका कथाहरु पाटनका कथाहरु विमोचन गरिएको थियो।

# पूर्णबहादुर खड्काको गिरफतारीप्रति क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको गम्भीर ध्यानाकर्षण

काठमान्डौ। क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका केन्द्रीय सदस्य पूर्णबहादुर खड्कालाई सुशीला कार्की सरकारले सिन्धुली जिल्लाको दुधौलीबाट आज पक्राउ गरेको जानकारी प्राप्त भएको छ। उहाँलाई सिन्धुली जिल्लाको दुधौलीबाट आज दिनको करिब १२ बजे आगामी संसदीय निर्वाचन बहिष्कार कार्यक्रमको प्रचारप्रसारमा दुधौली चोकमा कोणसभा गरी पर्चा वितरणका क्रममा हिँडिरहेको बेला पक्राउ गरेको हो। सो घटनावारे क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका महसचिव गौरवले एक प्रेस–वक्तव्यमार्फत जानकारी दिनु भएको छ।

## सांस्कृतिक...

क्रान्तिका लागि तदनुरूपको महान् सर्वहारा सांस्कृतिक क्रान्तिलाई अघि बढानुपर्दछ। विज्ञान र प्रविधिको समेत प्रयोग गर्दै साहित्यकर्मी र कलाकर्मी पुनः सङ्गठित भएर लाग्नुपर्दछ। नयाँ पिढीको दिलदिमागमा नयाँ साहित्य र कलाको बारुद भरिदिनुपर्दछ। जनयुद्धको कला साहित्यको जगलाई तब मात्र समृद्ध गर्न सकिन्छ जब हामी नयाँ परिस्थिति अनुसार सिर्जना गर्न सक्छौं।

***नयाँ पुस्तामा पठन संस्कृतिमा ह्रास आउन थालेको देखिन्छ, यसको कारण के देख्नुहुन्छ ? उनीहरूमा अध्ययन संस्कृतिमा रुचि जगाउन के गर्नुपर्ला ?***

पहिलो, प्रकृति र समाज क्रान्तिकारी कम्युनिस्ट वा कुनै कला तथा साहित्यकर्मी अनुरूप हुँदैन, बरू कम्युनिस्ट कला तथा साहित्यकर्मी प्रकृति र समाज अनुरूप हुनुपर्दछ। पठन संस्कृतिमा ह्रास आउनुको कारण देश, काल र परिस्थिति अनुसार हाम्रो पाठ्यसामग्री नहुनु हो भन्ने लाग्दछ।

दोस्रो, विज्ञानका नयाँ-नयाँ आविस्कार र विज्ञानको विकास अनुसार बनेका प्रविधिले उत्पादक शक्ति (जनशक्ति-उत्पादनका साधनहरू)लाई तीब्र गतिमा लिएका छन्। उत्पादक शक्तिसँग जोडिएका उत्पादनका साधनहरूमाथि निजी स्वामित्व रहेको छ। उन्नत प्रविधि निजी स्वाभित्वमा अर्थात् पुँजीपतिहरूको हातमा रहेको छ। समग्रमा उत्पादन प्रणालीको गति अनुसार हाम्रो कला तथा साहित्यको सिर्जनात्मक गति र सौन्दर्य हुनुपर्दछ। अर्कोतिर, उत्तर आधुनिकतावादी दर्शन र त्यस अनुरूपको साहित्यले 'महाआख्यानको अन्त्य, इतिहासको अन्त्य' भन्दै बिषयलाई ऐतिहासिक सिलसिलाबाट फुटाएको छ। अहिलेसम्म लेखिएको साहित्य त आखिर इतिहास नै हुने भयो। मान्छेलाई यसरी इतिहास र वर्तमानका बिच बिखण्डन गरिएको छ। माथि उल्लेखित दुई कारणले पठन संस्कृतिमा ह्रास आएको छ।

तेस्रो कुरा, नेपालमा अध्ययन गर्नेहरू बढी कम्युनिस्टहरू हुन्। अरू संसदवादी तथा दलाल पुँजीवादी पार्टीका मानिसहरूले अध्ययन कमै गर्दछन्। यी पार्टीहरू भित्र पनि प्रदीप गिरीहरू जस्ता नभएका होइनन्। अन्तर्राष्ट्रिय रूपमा सोभियत सङ्घको बिघटनपछि अध्ययन सामग्रीको उत्पादन र अध्ययन-अनुसन्धानमा ह्रास हुँदै गएको हो भने नेपालमा जनयुद्धको पराजय भएपछि अध्ययन वा पठन संस्कृतिमा कमी आएको हो। त्यसकारण ह्रास हुँदै गएको पठन संस्कृतिलाई पुनः उभारमा ल्याउन नयाँ अभियानको आवश्यकता छ। एउटा नयाँ क्रान्तिको पहलकदमी गर्न जरुरी छ। क्रान्तिको पहलकदमीले पठन संस्कृतिमा उभार ल्याउनेछ।

***भरखरै यही भदौ २३ र २४ मा भएको जेन जेडको आन्दोलनलाई तपाईँ कसरी मूल्याङ्कन गर्नुहुन्छ ? यद्यपि यसले नेपाली समाजमा केही उथलपुथलकारी तरङ्ग ल्याएको छ। मालेमावादी दृष्टिकोणबाट यसलाई कसरी बुझ्न सकिन्छ र अबको आन्दोलनको चरित्र के हुनुपर्ला ?***

गत भाद्र २३ र २४ गते भएको जेन-जेड आन्दोलनलाई हेर्दा आकस्मिक रूपमा घटेको घटना जस्तो देखिन्छ। तर यो साम्राज्यवादीहरूको लामो समयदेखि भइरहेको तयारी र अभ्यासको परिणाम हो। साम्राज्यवादीहरूकै उक्साहटमा घरेलु प्रतिगामी तत्वहरूले गत वर्षको फागुनतिर एउटा प्रयत्न गरेका थिए। एमसीसी परियोजना लागू गर्न साम्राज्यवादीहरूका लागि एउटा निर्धक्क वातावरण तयार गर्नु थियो। उपयुक्त मुद्दा र मौकाको खोजीमा उनीहरू थिए। यसै आशयको वरिपरि के.पी. ओली चीनको साङ्घाईमा आयोजित मेलामा भाग लिन गए। त्यहाँ नरेन्द्र मोदी, सी चिनफिङ, भ्लादिमिर पुटिन, किम जोङ इल लगायत विभिन्न देशका नेताहरू उपस्थित थिए। यसको साथै बेइजिङको तियनमेन स्क्वायरमा आयोजित जापानलाई पराजित गरेको ८०औं वर्षगाँठका दौरानमा चीन कम्युनिस्ट पार्टी र चीन सरकारले आयोजना गरेको कार्यक्रममा पनि ओलीले भाग लिए। सी चीनफिङ र पुटिनसँग उनको छुट्टा-छुट्टै भेट भएका तस्वीर र कुराकानी सञ्चार माध्यमबाट ब्यापक प्रचार-प्रसार भयो। यसबाट पश्चिमा साम्राज्यवादी र दक्षिणको विस्तारवादी सशंकित भए। उनीहरूले नेपालका युवाहरूको काँधमा बन्दुक राखेर पड्काउने मुद्दा खोज्दै गए। सत्ताधारी पार्टीभित्र र पार्टी बाहिरका ताबेदारहरूले केपी ओलीलाई युवाहरूको लागि नसा बनेको सामाजिक सञ्जाल बन्द गर्न उक्साए र मन्त्रीपरिषदले निर्णय गऱ्यो। सामजिक सञ्जालबिना १५ मिनेट पनि उकुसमुकुस हुने युवा मात्र होइन, सारा जनता सरकारप्रति आक्रोसित भए।

अचानक भाद्र २३ गते भ्रष्टाचार, कुशासन र सामाजिक सञ्जालमाथि लागेको प्रतिबन्ध बिरूद्ध आन्दोलनको घोषणा गरियो। विद्यार्थीहरूलाई एनजीओ-आइएनजीओबाट तलब खाएकाप्रधानाध्यापकरप्राचार्यहरूले आन्दोलनमा पठाइदिए। पाँच हजार हाराहारीको सङ्ख्यामा उत्रिएका युवाहरू माइतिघरबाट संसद भवन बानेश्वरतिर लागे। प्रहरीले नयाँ बानेश्वर चोकको नजिकै ब्यारीकेड राख्यो जसलाई जताबाट काटेर संसद भवनतिर जान सकिन्छ। त्यसमा पनि युवाहरूले ब्यारिकेड तोड्दै संसद भवनका पर्खाल तोडेर भित्र पसे। त्यसै मौकामा एउटा एम्बुलेन्सबाट गोली चल्यो। त्यसपछि सरकारलाई पनि गोली चलाउन सजिलो भयो। विद्रोही युवाहरूको टाउको टोउकोमा ताकेर गोलीको पर्रा छुटे। १९ जना जहाँको तहीँ मरे र बाँकी सयौं घाइते भएर अस्पतालहरूमा पुगे। अब देशव्यापी रूपमा जनसमुदाय नै आक्रोसित भयो। यसलाई साम्राज्यवादीहरूले अपहरण गरे। साँझ डिस्कट बैठक मार्फत् साम्राज्यवादी योजना बन्यो। त्यसअनुसार देशका कुन-कुन सरकारी भवन र गैरसरकारी भवनमा आगो लगाउने भनी आन्दोलनभित्र घुसेका अपराधीहरू सहितको ब्यूहरचना गरियो। २४ गते तोडफोड र आगजनी गरियो। आगो लगाउन विशेष रसायन छर्केको कुरा सरकारी प्रतिबेदनमा समेत आएको छ। यो तोडफोड र आगजनीमा समेत सहभागी सेनाको प्रमुखले देशवासीका नाममा सम्बोधन गर्दै लागेपुगेसम्म प्रतिगामी सरकार बनाउन खोज्यो। राष्ट्रपतिको अस्वीकृति र दक्षिण तथा पश्चिमका साम्राज्यवादीहरूको सम्झौता एवम् सहमति अनुसार अन्ततः सुशीता कार्कीको कठपुतली सरकार बन्यो।

त्यसकारण यो राष्ट्रिय रूपमा भ्रष्टाचार, बेथिति र अत्याचारबाट बनेको बिस्फोटक स्थिति र साम्राज्यवादीहरूको निरन्तर प्रयासमा योजनवद्ध भएको विद्रोह हो। यसको उद्देश्य हो : एमसीसी परियोजना नेपालमा लागु गर्न सहज हुने सरकार निर्माण गर्नु। यो राजनीतिक पार्टीहरूको विरोध गरी साम्राज्यवाद अनुकूलको राजनीतिक पार्टी स्थापना गर्ने र राजनीति आवश्यक छैन भनेर राजनीति गर्ने अभियान पनि हो। नेपालमा भएको यो विद्रोहमा जेन-जेड स्थापित भयो।

सन् १९९१ मा सोभियत सङ्घको विघटन भएपछि अमेरिकी साम्राज्यवादको पृष्ठपोषण गर्ने दार्शनिक र भाषाविदहरूले उत्तर आधुनिकतावादी दर्शन प्रतिवादन गरे। यसलाई लागू गर्न अमेरिकाका केही समाजशास्त्री र जनसंख्याविदहरूले पुस्ताको विभाजन गरे। उत्तर- आधुनिकतावादको काम भनेको फुटाएर राज गर्ने विखण्ठनवाद हो। पुस्ताको अवधारणले पनि उमेर समूहमा विभाजन ल्याइदिन्छ। पार्टीहरूमा बूढा र युवाको अन्तरबिरोध यसैको परिणाम हो। यो अन्तरबिरोधको समाधान 'एकमा तीन'को सिद्धान्त हो, जुन माओद्वारा प्रतिपादन गरिएको हो। युवा भएर मात्र नेता हुँदैन। समाज वर्गहरूमा बाँडिएको छ, वर्गहरूको नेतृत्व राजनीतिक पार्टीहरूले गर्दछन्, पार्टीहरूको नेतृत्वमा सबभन्दा अनुभवी, आधिकारिक र प्रभावशाली पार्टी सदस्यहरू छानिन्छन्, तिनलाई नै नेता भनिन्छ। नेता वास्तवमा कार्यदिशा र कार्यक्रामको आधारमा बन्दछ। यसमा युवाहरूको भूमिका महत्वपूर्ण हुन्छ। तर यसमा युवा, प्रौढ तथा बृद्धको अन्तरविरोध हुँदैन।

मालेमावादी दृष्टिकोणबाट हेर्दा जेन-जेड विद्रोहको चित्र माथि उल्लेख भए अनुसारको देखिन्छ। छोटकरीमा भन्दा जेनजेड विद्रोह युवाहरूको काँधमा बन्दुक राखेर साम्राज्यवादले पड्काई आफ्नो स्वार्थसिद्ध गरेको घटना हो। यसले क्रान्तिकारी कम्युनिस्टहरूलाई हाम्रो देशको परिस्थिति छर्लङ्ग देखाइदिएको छ। यस विद्रोहपछि राष्ट्रियताको मद्दा प्रमुख बनेको छ। कठपुतली सरकारका विरुद्ध स्वाधीन संयुक्त सरकार गठन प्रक्रिया महत्वपूर्ण भएको छ। देशभक्त, क्रान्तिकारी जनवादी र वामपथी पार्टी, समूह र व्यक्तित्वहरूको राष्ट्रिय राजनीतिक सम्मेलन, त्यस सम्मेलनबाट संयुक्त मोर्चा निमर्काण र संयुक्त जनसङ्घर्षबाट स्वाधीन संयुक्त सरकार गठन गरी जनगणतन्त्रात्मक संविधान बनाउनतिर जानुपर्दछ। यो शृङ्खलालाई गणतन्त्र नेपाल निर्माण गर्ने कडीसँग जोड्नुपर्दछ।

अबको आन्दोलनको चरित्र भनेको जनसङ्घर्ष र जनप्रतिरोध सङ्घर्षको रिहर्सलद्वारा सशस्त्र विद्रोह हो। जेनजेड विद्रोहले पनि आन्दोलन त्यतातिर सोझ्याएको छ।

***कला साहित्यमा समाजवादी यथार्थवादी धारालाई अगाडि बढाउन संस्कृतिकर्मीहरूलाई के सल्लाह दिनुहुन्छ ?***

समाजवादी यथार्थवादी कला साहित्यको धारा भनेको श्रमिक जनसमुदाय, वर्गसङ्घर्ष र उज्यालो भविश्यको यथार्थसँग जोडिएको धारा हो। आजका संस्कृतिकर्मीहरूले यसलाई प्रभावकारी रूपमा अघि बढाउन निम्न सैद्धान्तिक र व्यावहारिक सल्लाह दिन चाहन्छु :

*१) ठोस जनजीवनको ठोस अध्ययन -*

जनजीवन नै समाजवादी यथार्थवादको मूल तत्व हो। गाउँ र शहरका किसान तथा मजदुर वस्ती र कारखानाहरूको अध्ययन गरी त्यहाँको श्रम र सङ्घर्षका सम्भावनाहरू अध्ययन गर्नुपर्दछ। कल्मनामा भन्दा जनताहरूबीच गएर लेखेका गीत, कविता, कथा र उपन्यास, संस्मरण जस्ता साहित्य नै जीवन्त हुन्छन्।

२) यथार्थतालाई नारामा मात्र होइन, सुन्दर तथा पक्षधर शैलीमा प्रस्तुत गर्नु -

कठोर यथार्थ मात्र होइन, रचनात्मक आशावाद अनिवार्य हुन्छ। हाम्रो शैलीमा अन्ध प्रचार मात्र हुनुहुँदैन। त्यसमा श्रम, सङ्घर्ष र परिवर्तनको सम्भावना देखाउने शैलीमा प्रस्तुत गर्नुपर्दछ। पात्रहरू प्रस्तुत गर्दा वास्तविक, जीवन्त र गुण-दोषसहित हुनुपर्दछ।

३) कलाको रूप अनुसारको नयाँ-नयाँ शैलीको प्रयोग -

हामी नाटकमा सडक नाटक, गीति नाटक, जीवन्त संवाद प्रयोग गर्न सक्छौं। कवितामा श्रमिकको आवाज र भावना बोकेका मुक्तक, गजल, हाइकु लेख्न सक्छौं। गीतमा अन्याय र अत्याचार चेतना प्रकट गरी भावमय, आक्रोसमय, जोशिलो शैलीमा लेख्न र गाउन सक्दछौं। चित्रकलामा उत्पादन, श्रम र गरिबीलाई आधुनिक दृश्य भाषामा उर्तान सक्छौं।

४) मार्क्सवादी सौन्दर्यशास्त्रको निरन्तर अध्ययन -

हामीले समाजवादी यथार्थवादी साहित्य कलालाई सुन्दर र खारिएको बनाउन चैतन्य, निनु, ताराकान्त, जगदीशचन्द्र, घनश्याम आदिका समालोचना; पुष्पलाल, किरण र भक्तबहादुरहरुका दर्शन; गोर्की, लुशुन, याङ्मो, हावर्ड फाष्टका उपन्यासहरू; मार्क्स, एङ्गेल्स, लेनिन, स्टालिन र माओका साहित्यिक रचनाहरू; कृष्णसेन 'इच्छुक' लगायत इच्छुक प्रतिष्ठान र प्रगतिवादी फाँटमा सम्बद्ध स्थापित कविहरुका कविता तथा विविध विधाका साहित्यहरू पढ्नुपर्दछ। त्यसैगरी नेपालको समाजजिक संरचना र वर्गीय राजनीतिको अध्ययन गर्नुपर्दछ। सैद्धान्तिक आधार कमजोर भयो भने कला तथा साहित्य पनि सतही हुन्छ।

५) सामूहिक सिर्जना र सहकार्यमा जोडदिनु -

साहित्यकार र कलाकार एक्लै भएर समाजवादी यथार्थवादको कला साहित्य निर्माण हुन सक्तैन। यसका लागि कलाकार र साहित्यकार सङ्गठित भई कला र साहित्य सिर्जना गर्नुपर्दछ। यस सम्बन्धी सामूहिक रिहर्सल, छलफल, कृति विश्लेषण र कार्यशाला सञ्चालन गर्नुपर्दछ। युवा सृजनकर्मीहरूलाई प्रशिक्षण र तालिम पनि दिनुपर्दछ।

६) समाज परिवर्तनप्रति प्रतिबद्धता -

आफ्ना कृतिहरूमा अन्याय, अत्याचार, शोषण-दमन, असमानता तथा वर्गचरित्रको प्रश्नहरू उठाई समाधान दिने प्रतिबद्धता हुनुपर्दछ। जनपक्षधरता समाजवादी यथार्थवादको पहिचान हो।

७) समाजवादी यथार्थवादलाई डिजिटल माध्यमबाट प्रभावकारी बनाउने -

यूटुब, समाजिक सञ्जाल, टेलिभिजन आदिबाट नाटक, प्रहसन, चित्रकला, गीत, कविता आदि प्रस्तुत गर्दा समाजवादी यथार्थवादलाई लोकप्रिय बनाउन सकिन्छ। जनताको यथार्थ स्थिति बुझ्नु र सङ्घर्षमा रुपान्तरण तथा सौन्दर्य देख्नु समाजवादी यथार्थवादी साहित्यको सार हो।

***मार्क्सवादको विभ्रमीकरण गर्दै सल्वलाएका वैश्विक गतिविधिको छायाँ नेपाली समाजमा पनि देखा पर्न थालेको छ, के हामीले यसलाई चिर्न नसकेका हौं ?***

राजनीति नै उपरीसंरचनाको शिर्षस्थानमा रहेको हुनाले साहित्य तथा कलामा यसको प्रभावकारी भूमिका हुन्छ। राजनीतिले साहित्यमा र साहित्यले राजनीतिमा प्रभाव पार्दछन्। विश्व संशोधनवादले मार्क्सवादका आधारभूत सिद्धान्तलाई विभ्रमीकरण र विकृतिकरण गरिरहेको छ। आजको युग सूचना-सञ्चारमा तीब्र भूमण्डलीकरण भइरहेको युग हो। यसमा साम्राज्यवादी र यससँग घनिष्ठ रूपले जोडिएको संशोधनवादी वैश्विक गतिबिधि सल्बलाइरहेकै हुन्छ। साम्राज्यवादी दर्शन उत्तरआधुनिकतावादले "इतिहासको अन्त भयो" "महाआख्यानको अन्त भयो" भन्नुको अर्थ मार्क्सवादको अन्त भयो भनेकै हो। यसको असर नेपाली कम्युनिस्ट आन्दोलनमा व्यापक रूपले पर्न गयो। मार्क्सवादी साहित्य पढ्नेहरूलाई 'थोत्रा किताब' पढेर हुन्छ ? भनी प्रश्न उठाए। ख्रुश्चेभले सोभियत सङ्घ कम्युनिस्ट पार्टीको बीसौं महाधिवेशनमा 'शान्तिपूर्ण सङ्क्रमण, 'शान्तिपूर्ण सहअस्तित्व' र 'सबै जनताको पार्टी' को नारा दियो। उक्त नाराले नेपाली कम्युनिस्ट आन्दोलनमा मनमोहन, रायमाझी, तुलसीलाल, मदनभण्डारी र पुष्पकमल दाहाल जन्मायो। महान् जनयुद्ध विजयको सङ्घारमा पुग्दै गर्दा मूल नेतृत्वमै विचलन ल्याइदियो। झन् नवऔपनिवेशिक देशमा साम्राज्यवाद र संशोधनवादको छायाँ सल्बलाउनु स्वाभाविकै छ।

वैश्विक विभ्रमीकरणलाई चिर्न हामीले जनयुद्धको आधारमा टेकेर एउटा नयाँ आन्दोलनको पहलकदमी गर्नुपर्दछ। साम्राज्यवादी तथा संशोधनवादी भ्रमजालका विरूद्धको आन्दोलन सृष्टिको लागि कला र साहित्यले पृष्ठभूमि तयार पार्नुपर्दछ। जनयुद्धको पृष्ठभूमि कला र साहित्यले नै तयार पारेको थियो। यसको लागि जिम्मेवार निकायबाट एउटा अभियान नै बनाउनुपर्दछ।

***तपाईं लामो समयदेखि माओवादी आन्दोलनमा हुनुहुन्छ। माओवादी आन्दोलनको भ्रष्टीकरण गर्दै लेखिएका कलासाहित्यको अध्ययन कत्तिको गर्नुभएको छ, नेपाली साहित्यिक बजारमा यो प्रवृत्ति प्रशस्त देखिनु चिन्ताको विषय हो। क्रान्तिकारी नेतृत्वको हैसियतले आम पाठक र सर्जकहरूलाई के सुझाव दिनुहुन्छ ?***

हो, म सयौं-हजारौं कमरेडहरूसँगै माओवादी आन्दोलनमा क्रियाशील छु। बिशेषतः जनयुद्ध र जनयुद्धपछिको स्थिति भोगिरहेको छु, देखिरहेको छु र पढिरहेको छु। जसबेला जनयुद्ध चलिरहेको थियो र उचाईमा पुगिरहेको थियो, त्यतिबेला सौन्दर्यशास्त्रको गुराँस फूलिरहेको थियो। जुनबेला *बाँकी ७ पेजमा*

# पार्टीको नीति निर्देशनअनुसार कथित निर्वाचन बहिष्कार गर्दैछौं

**मनबहादुर श्रीस कम्युनिस्ट आन्दोलनको अनवरत यात्री हुनुहुन्छ। श्रीसले गाउँमा आफ्नै घरका माहिलो दाजु टेकबहादुर श्रीसका सांगठनिक गतिविधि र जीवन शर्मा (रामकृष्ण आचार्य) को मन छुने गीतहरूबाट प्रभावित भएर कम्युनिस्ट आन्दोलनप्रति आकर्षित हुनु भएको थियो। मनबहादुर श्रीस बुबा प्रेमसिंह श्रीस र आमा मनकली श्रीसको कोखमा जन्मनु भएको थियो। अहिले उहाँको परिवारमा आमा मनकली, श्रीमती दिलकुमारी थापा, ३ छोरी र १ छोरा छन्। मनबहादुर श्रीस ३ दाजु, २ दिदीका कान्छ भाई हुनुहुन्छ। नेकपा (मसाल) मा रहेका बेला एउटा भ्रष्टाचारको मुद्दामा एक जनाले गरेको गम्भीर अपराधलाई एमालेसित सहमति गर्ने नाममा पीडितलाई नेताहरूले अन्यायमा पारेको कुरा, कतिपय राजनीतिक मुद्दामा पार्टीले हेलचेक्राइ गरेको पीडा मनबहादुर श्रीसको मनमा रहेको देखिन्छ। राङखानी मावि राङगखानीमा कक्षा १ देखि ७ सम्मको अध्ययन, त्यसपछि सर्कुवा माविमा कक्षा ८ पढ्नु भयो। कक्षा ९ र १० महेन्द्रोदय पातीडाँडा, सिन्धुपाल्चोकबाट गर्नु भएको थियो। एसएलसी सिन्धुपाल्चोकबाट उत्तीर्ण गरेपछि त्रिभुवन बहुमुखी क्याम्पस पाल्पाबाट आई.एस.सी. उत्तीर्ण गर्नुभयो। राङखानी माविमा २०५१ देखि २०५५ समम विज्ञान शिक्षकको रूपमा काम गर्नुभयो। हाल क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालमा आबद्ध हुनुहुन्छ। प्रस्तुत छ उहाँसँग हाँकले गरेको कुराकानीः**



## ❑ मनबहादुर श्रीस, ६ नं. व्यूरो सचिव- क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल

***सुरुमा संगठनमा कसरी आकर्षित हुनुभयो ?***

मेरो बुबा आमाका हामी ४ भाइ हौं र दुईवटी दिदी हुनुहुन्छ। मेरा माहिला दाजु टेकबहादुर श्रीस १३ वर्षको उमेरमा भागेर पोखरा जानु भएछ। करिव २ वर्षपछि चितवनको लङ्क भन्ने ठाउँमा गएर ज्यामी काम गर्नुभएछ। लङ्कमा सुकुम्बासी आन्दोलनमा जोडिनु भएछ। त्यो आन्दोलनमा लागेपछि उहाँलाई नेकपा (मसाल) का साथीहरुको सम्पर्कमा आउनुभयो। गाउँमा फर्किनु भयो। यहाँ गाउँमा जीवन शर्माले बेलुकीमा गितार, हार्मोनियम लिएर आउनुहुन्थ्यो। धेरै जसो राङगखानी भूपाल रानाको घरमा जम्मा भइन्थ्यो। कहिलेकाहीं हाम्रो घरमा पनि बसिन्थ्यो। जीवन शर्माले गरिब, दुःखीहरुको दुःख र पीडाका गीत गाउनुहुन्थ्यो। हामी केटाकेटी, बुढाबुढी सबै जम्मा भएर सुनिन्थ्यो। मेरो दाइ टेकबहादुर र जीवन शर्मा (रामकृष्ण आचार्य) को निकै गहिरो मित्रता भए जस्तो देखिन्थ्यो। घरकै दाजु पार्टी राजनीतिमा लागेको र जीवन शर्माको गीत - यी प्रभावहरुका कारण राजनीति र संगठनप्रति चासो बढ्यो र क्रियाशील पनि भइयो। दाजु टेकबहादुरले , लुथ्रन भन्ने एनजिओले खानेपानी योजना र स्कूल भवन बनाउँथ्यो, त्यसमा टेकनीसियनको रुपमा काम गर्नु भयो।

***विद्यार्थी संगठनमा काम गर्दाको अनुभव के छ ?***

म बागलुङको मान्छे सिन्धुपाल्चोक पढ्न जानुको पनि कथा छ। मेरी कान्छी दिदी पूर्णमायाको प्रकाश पौडेलसित विवाह भयो। प्रकाश भिनाजुको यही राङ्खानीको पाही घर हो। भिनाजुले महेन्द्रोदय मावि पातीडाँडा सिन्धुपाल्चोकमा पढाउनु हुन्थ्यो। म पनि दिदी भिनाजुको साथमा लागेर सिन्धुपाल्चोक गएँ। ९ र १० कक्षा पनि त्यहींबाटै पास गरें। पंचायतकालमा तामाङ केटाहरुलाई भिनाजु प्रकाशत पौडेलले अखिल (छैठौं) को बारेमा सुनाउनु हुन्थ्यो। राजनीति र संगठनका बारेमा बताउनुहुन्थ्यो। त्यसबेला मैले पनि कुरा सुन्ने गर्थें। अखिल (छैठौं) र वामपन्थी राजनीतिप्रतिको बागलुङदेखिको झुकाव कायमै थियो। २०४६ सालमा त्रिभुवन बहुमुखी क्याम्पस पाल्पामा अध्ययन गर्न गइयो। पाल्पामा आइ.एस.सी. पढ्दा अखिल (छैठौं) मूल इकाई समितिको सदस्य रहेर काम गरें। बहुदल आउनु भन्दा पहिले अखिल (छैठौं) को वनदेवीमा भएको भेलामा पनि म सहभागी थिएँ। २०४६ सालमा बहुदल आएपछि पाल्पाका गाउँहरुमा गएर सांस्कृतिक कार्यक्रम गरिएको थियो। गुल्मीको रेशम श्रीस, बागलुङ, राङखानीका नविन थापा (जो पछि पाल्पाली नै बनेर बसे) ले गीत गाउँथे, म, गुल्मीका युवराज गिरी लगायत नाचिन्थ्यो।

***२०४६ सालको जनआन्दोलनको अनुभव के छ ?***

२०४६ सालको जनआन्दोलनमा म पाल्पाको त्रिभुवन बहुमुखी क्याम्पसमा पढ्थे। जनआन्दोलन बढ्दै थियो। त्रिभुवन क्याम्पसको विज्ञान विषय बतासे डाँडामा पढाई हुन्छ र अन्य विषय लहरे पिपल बजारको भवनमा पढाई हुन्थे। तर कमर्सको एउटा विषय बतासेडाँडामा पढाई हुन्थ्यो। तलमाथि दुवै ठाउँमा अखिल (छैठौं) को राम्रै अवस्था थियो। बागलुङ, प्यूठान,गुल्मी, अर्घाखाँची तिरका विद्यार्थीहरुको राम्रै जमघट हुन्थ्यो। जनआन्दोलन बढ्दै जाँदा हामीले पनि नारा जुलुश, विरोध प्रदर्शन गरियो। बतासे डाँडाको सानो बजारमा हातहातमा कालो झण्डा बोकेर अखिल (छैठौं) जिन्दावाद, पंचायती व्यवस्था मूर्दावाद ! भन्ने नारा लगाउँदै दौडिएर क्याम्पस भित्र प्रवेश गरिन्थ्यो। क्याम्पसको कम्पाउण्डमा प्रवेश गरेपछि हामीले सुरक्षित महशुस गरिन्थ्यो। किनभने क्याम्पस प्रमुखको अनुमति नलिइकन प्रहरीहरु पनि क्याम्पस भित्र प्रवेश गर्दैनथे। क्याम्पसमा प्रवेश गरेपछि प्रायः अखिल (छैठौं) का नेता झोकेन्द्र थापाले भाषण गर्नुहुन्थ्यो।

एक पटक त कस्तो भयो भने क्याम्पसको गेटमा प्रहरीहरुले कुरिरहेको थियो। छैठौंका नेता झोकेन्द्र थापालाई केटीको कपडा लगाएर विद्यार्थीहरुको हुलमा बाहिर पठाइएको थियो। हामीले तीन दिनसम्म बतासे डाँडाको क्याम्पसमा आन्दोलन गरियो। तर प्रहरीले धेरै निगरानी गर्ने र क्याम्पस बाहिर प्रहरी तैनाथ गरिरहेपछि हामीले आन्दोलनको काम तल लहरेपिपल मै आएर गर्न थालियो। एक पटक कस्तो भयो भने लहरेपिपल क्याम्पसमा विरोधसभा भइरहेको थियो। विरोधसभामा विद्यार्थी नेता रामप्रसाद बञ्जाडेले बोले जस्तो लाग्छ। बञ्जाडे बोल्दाबोल्दै असिना वर्षिए झैं कार्यक्रम स्थलमा ढुंगा ईंटा वर्षियो। कार्यक्रम भन्दा माथि मण्डलेहरु जम्मा भएर योजनाबद्ध रुपमा प्रतिकार गर्ने कार्यक्रम बनाएका रहेछन्। त्यस किसिमले आक्रमण होला भन्ने हामीलाई लागेको थिएन। उनीहरु कार्यक्रमस्थल भन्दामाथि योजनाबद्ध थिए। कैयौं साथीहरु घाइते भए। म लगायत केही साथीहरु पर्खाल नाघेर, हामफालेर भागियो। त्यसपछि नवीन थापाको दिदीको घर गएर बसियो। खर्च पनि सकिएको थियो। पाल्पाबाट जेनतेन ३ दिनको घर आइपुगियो। खर्चपर्च बोकेर फेरि कलेज जाँदै थियौं। स्याङ्जाको गल्याङ वारी कल्लेरी पुग्दा भञ्ज्याङपुग्दा गल्याङबजार तलमाथि विशाल जुलुश निस्केको देखियो। अनि हामीलाई थाहा भयो- पंचायत ढल्यो।

***शिक्षक हुँदाका दिनहरु कस्तो थिए ?***

मैले आइएसी दिएपछि राङखानी माविमा विज्ञान शिक्षक भएर पाँच वर्ष पढाएँ। राङखानी प्रस्तावित मावि थियो। निमावि सरकारी शिक्षक थियो। प्रस्तावित मावि भएकाले तलव खानका लागि शिक्षकहरुले अभिभावकहरुसित पैसा उठाउनु पर्थ्यो। गाउँलेहरुले पनि कति दिउन् ? पाहीको २ वटा वडाले आफ्नो छुट्टै स्कूल खोले, साविकको २ नं. वडाले पैसा दिन छाडेर पैयुँतिर विद्यार्थी पठाए। गाह्रो भयो। त्यही बेला जीवन शर्मालाई बोलाएर भैलो खेलेर (२०५२तिर) रु ८० हजार उठाइयो। स्कूल ढल्न पाएन। सरकारले विस्तारै मावि राहत थप्दै गयो र सजिलो भयो।

***शिक्षक छाडेपछि के गर्नुभयो ?***

शिक्षक छाडेपछि मैले एकातिर व्यक्तिगत व्यवसायको काम गरे र अर्कोतिर पार्टीको काममा लागियो। अखिल नेपाल युवक संघको जिल्लादेखि केन्द्रसम्म काम गरियो।

***राज्य-माओवादी द्वन्द्वकालमा मसाल-माओवादी बीचमा बागलुङमा अलि बढी तिक्तता भयो कि ?***

त्यतिबेलाको परिस्थिति त्यस्तै थियो। मसालको तर्फबाट हामीले कहिलै पनि सुराकी गरिएन। दुःखद कुरा हो तिक्तता भयो। हामीले मित्रवत व्यवहार गर्नुस् माओवादीलाई भनेका थियौं। ती पुराना इतिहासको कुरा भयो, कम्युनिस्ट आन्दोलनमा इतिहासका ती कुराहरुबाट पाठ सिक्नुपर्दछ।

***अहिलेको राजनीतिक परिस्थितिलाई कसरी हेरिरहनु भएको छ ।***

मलाई के लाग्दछ भने कम्युनिस्ट पार्टी भनाउँदाहरुले पनि जनतालाई बेइमानी गरे। सत्ता संचालनमा गएपछि जनताको आवाज कदर गर्न सकेनन्। यो परिस्थिति सिर्जना हुनुमा कम्युनिस्ट पार्टीले मान्छेले विकल्प खोज्ने क्रममा नयाँ पार्टीहरु खोल्ने क्रम चलिरहेको छ। दलहरुको नयाँ विकल्प खोज्ने लहर चले पनि त्यो हुने देखिँदैन। देशको भविष्य अन्धकार छ जस्तो लाग्छ। जेनजी आन्दोलनको उद्देश्य हाइज्याक भएको छ।

***तपाईंले त प्रगतिशील विवाह गर्नुभयो । आजभोलि समाजमा प्रगतिशील संस्कृति कमजोर भएको लाग्दैन ?***

२०५३ साल वैशाख १० गते म र बागलुङ विनामारे (अहिलेको जैमिनी न.पा. ५) की दिलकुमारी थापासिता विनामारे गाउँमा मैन्टोल बालेर राति विवाह गरिएको थियो। अखिल (छैठौं) को कुश्मिसेरामा बागलुङ जिल्ला सम्मेलन भएको थियो। त्यो सम्मेलन सकेर विनामारे गएर विवाह गरियो। अखिल (छैठौं) को नेता सुरेश थापा , पार्टीका नेताहरु कृष्ण थापा, लिला थापा, नारायण सापकोटा (गलकोट), नारायण सापकोटा (दमेक), टेकबहादुर आरसी लगायतका नेताहरु जम्मा भएका थिए। गाउँलेहरु थुपै जम्मा हुनु भएको थियो। कार्यक्रमको संचालन पदम थापाले गर्नु भएको थियो।

पदम थापाले निकै रोचक पाराले कार्यक्रम संचालन गर्नुभएको थियो। हाम्रो विवाह गराउनमा कृष्ण थापाको भूमिका महत्वपूर्ण थियो। गाउँमा उत्साहका साथ प्रगतिशील विवाहहरु हुन्थे। त्यसैमा मानिसहरु खुशी थिए। अहिले प्रगतिशील विवाहको चलन हराउँदै गएको छ। वनपाखामा रक्तिमका गीतहरु गुञ्जन्थे। अहिले ती पनि हराउँदै गएका छन्। कम्युनिस्ट आन्दोलनमा आएको निराशा संस्कृतिमा पनि प्रभाव परेको छ।

***अहिलेको राजनीतिक परिस्थितिलाई कसरी मूल्यांकन गर्नुभएको छ ?***

जेनजी आन्दोलन पछि देश विषम परिस्थितिमा प्रवेश गरेको छ। सामाजिक सञ्जालमा पहुँच, भ्रष्टाचार नियन्त्रण, सुशासन जस्ता माग राखेर शान्तिपूर्ण आन्दोलन जेनजीहरुले गरेका थिए। तर अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको इसारामा जनेजी आन्दोलनलाई हाइज्याक गरेर हिंसात्मक आन्दोलनमा परिणत गरियो। जेनजी आन्दोलनपछि गठन भएको सुशिला कार्की नेतृत्वको सरकार साम्राज्यवादी र विस्तारवादीहरुको कठपुतली सरकार हो भन्ने कुरा आम देशप्रेमी जनतालाई महशुस भएको छ। पुराना संसदवादी दलहरुको भ्रष्टाचार, कुशासन र राष्ट्रघात, जनघातले जेनजी विद्रोह जन्माएको थियो। पुराना संसदवादी दलहरु त गलत थिए नै, नयाँ दलहरु पनि अझै राष्ट्रघाती, जनघाती बन्ने देखिन्छ। नयाँ भनिएका दलहरु पनि देशप्रतिको जिम्मेवारी देखिएन। हामी क्रान्तिकारी शक्तिहरुको सही सिद्धान्त र राजनीति छ तर सांगठनिक र जनआधार कमजोर छ। संगठनलाई कसरी सुदृढ गर्दै गएर देशको रक्षा गर्ने र क्रान्तिको नेतृत्व गर्ने शक्तिमा लैजाने हो भन्ने बारेमा हामीले ध्यान दिनुपर्ने छ।

***देशमा विदेशी शक्तिको हस्तक्षेप बढेको छ । चुनावमा तिनैका भक्तहरु उठ्दैछन् भन्नुभयो । निर्वाचनमा देशभक्त शक्तिहरु मिलेर विदेशीका एजेण्टलाई परास्त गर्नुपर्ने बेलामा किन चुनाव बहिष्कारमा लाग्नुभयो ?***

निर्वाचनमा प्रतिस्पर्धा गरेर विदेशीका एजेण्टहरुलाई परास्त गर्नुपर्ने त्यो पनि एउटा बाटो हुन सक्थ्यो। तर जतिसुकै चुनावमा प्रतिस्पर्धा गरेर निर्वाचन जिते पनि यही प्रतिक्रियावादी संसदीय व्यवस्था भित्रबाटै राष्ट्रघात, जनघातको समस्याको हल खोज्नुपर्ने हुन्छ। स्वयं संसदीय व्यवस्था नै विदेशीहरुको दलाल व्यवस्था भइसकेकाले निर्वाचनबाट जितेर राष्ट्रिय स्वाधीनता रक्षाको प्रश्न हल गर्न सम्भव नभएकाले यो व्यवस्थाकै विकल्पमा राष्ट्रिय स्वाधीन सरकारको गठन गर्दै क्रान्तिकारी आन्दोलनलाई अगाडि बढाएर मात्र देशले सही निकास पाउँछ भन्ने हाम्रो निस्कर्ष छ।

***६ नं. व्यूरो(साविकको धवलागिरी अञ्चल) मा निर्वाचन बहिष्कार सम्बन्धी के कस्ता कार्यक्रम छन् ?***

पार्टीको नीति निर्देशन अनुसार कथित निर्वाचन बहिष्कार गर्दैछौं। त्यसका लागि प्रचारात्मक कार्यक्रम, पर्चा वितरण लगायतका कार्यक्रमहरु अगाडि बढाउँदैछौं।

***कम्युनिस्ट आन्दोलन अगाडि बढाउन के गर्नु पर्ला ?***

अहिले कम्युनिस्ट आन्दोलनमा निराशाको काल छ। पुराना साथीहरुमा जतिसुकै दुःख गरे पनि नहुँदोरहेछ भन्ने भावना पाइन्छ। नयाँ पुस्ता मोवाइल, कम्प्यूटरको दुनियाँमा हराइरहेको छ। सामाजिक भावना भन्दा पनि व्यक्तिवादी, उपभोक्तावादी संस्कृति हावी भएको छ। यस स्थितिमा कम्युनिस्ट आन्दोलनलाई अगाडि बढाउन वर्गसंघर्षको विकास, मार्क्सवादी-लेनिनवादी र माओका क्रान्तिकारी शिक्षाको प्रचार प्रसार, प्रशिक्षण र त्यस अनुसारको संगठनतिर ध्यान दिनु बाहेक अर्को उपाय छैन।

***यस साप्ताहिक मार्फत् थप केही छ कि ?***

यस साप्ताहिकले अनेक समस्या झेल्दै आफ्नो यात्रा, देश र जनता प्रतिको दायित्व प्रतिको प्रतिबद्धता छाडेको छैन। हाँकको निरन्तरताको कामना गर्दछु।

# अमेरिकी साम्राज्यवाद र मानव अधिकार



● अपत्य शर्मा ●

संसारमा कहीं पनि वास्तविक प्रजातन्त्र र मानव अधिकारको रक्षाको रट संविधान र कानुनी पन्नाहरुमा मात्र सीमित भएका हुन्छन्। प्रजातन्त्रको नाममा चार वर्षे या पाँच वर्षे चुनावको नाटक मञ्चन चाहिं गर्छन्। साम्राज्यवादी, विकसित पुँजीवादी तथा सैनिक जुन्टाहरुले पनि चुनाव गरेर आफूलाई प्रजातन्त्रवादी देखाउने ढोङ् गर्छन्। साम्राज्यवादी तथा विकसित पुँजीवादी मुलुकहरुमा राष्ट्रपति र प्रधानमन्त्री करोडपति अरबपति मात्र हुन्छन्। करोडपति अरबपति नभए पनि धनाढ्यहरुले महंगो चुनाव खर्च चन्दा दिएर जिताउँछन्। अरबपतिहरुले जितेपछि आफ्नो स्वार्थ अनुसार कठपुतली जस्तै नचाउँछन्। वर्तमान अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प आफै फोर्ब पत्रिकाका ९विश्वका धनाढ्यहरुको सम्पत्ति विवरण सार्वजनिक गर्छ० अनुसार सेप्टेम्बर २०२५ सम्मको सम्पत्ति ७।३ अरब अमेरिकी डलर छ। जब कि ट्रम्पको २०२४ मा ३।९ अरब अमेरिकी डलर मात्र थियो। जुलाई १९८९ मा फोबर्स अनुसार ट्रम्पको सम्पत्ति १.५ अरब अमेरिकी डलर थियो। राष्ट्रपति भएपछि सौगात , ऋण र अन्यबाट राष्ट्रपतिको सम्पत्तिमा दिन दुना रात चौगुनाले बढ्दै जान्छ। ट्रम्पको क्रिप्टो करेन्सीको अरबौंको तथ्यांक अलग छ। राष्ट्रपति हुनुभन्दा पनि अहिले नै कर छली गर्ने झुटको खेती गर्ने भनेर कुख्याती कमाएका अर्बपति हुन्। साम्राज्यवादी तथा विकसित पुँजीवादी मुलुकहरुका धनाढ्यहरु कर छली गर्नमा माहिर हुन्छन् र शासक भए पछि अरु शक्तिशाली धनाढ्य बन्छन्।

जति ठूलो पुँजीपति बन्दै जान्छ त्यति ठूलो बजारको आवश्यकता पर्छ। एकाधिकार, सिन्डिकेट, कार्टेल, ट्रस्ट तथा कर्पोरेशनहरुको निर्माण पुँजीपतिहरुले गर्छन्। यस्ता संगठनहरु कानुनी बाटोबाट मात्र हिंड्दैनन्, बरु जालझेल गर्दै गैर कानुनी बाटोमा हिंड्छन् र अकुत नाफा कमाउँछन्। मोटो नाफा कमाउन शासन सत्तामाथि अधिकार जमाउनु अत्यावश्यक हुन्छ। आफ्नो देशको आवश्यकता भन्दा बढी माल उत्पादन भएपछि त्यो माल गोदाममा थुपारेर बेफाइदा हुने हुनाले त्यो बिक्री गर्न बाह्य मुलुकहरुलाई उपनिवेश बनाउनु अति जरुरी हुन्छ।

पुँजीवादको उत्पत्ति पश्चिमी यूरोपबाट भएको हो। विशेष गरेर इंग्ल्याण्डमा सामन्तवाद र व्यापारवादबाट ९मर्कान्टालिजमबाट० विकास भएर १८ औं शताब्दी तिर औद्योगिक क्रान्ति भयो। इंग्ल्याण्डले १६ औं शताब्दीमा नै यसले व्यापारी पुँजी उपनिवेशहरुको शोषण गर्न लगाएको थियो। ब्रिटिश साम्राज्यवादको विकास र विस्तार १९ औं शताब्दीमा भयो। बेलायती साम्राज्यमा कहिल्यै घाम नअस्ताउने भनाई नै व्यापक रुपमा प्रचार थियो। बेलायती साम्राज्य अमेरिका, अफ्रिका, एसिया र ओसेनियासम्म फैलिएको थियो। जुन विश्व युद्धपछि विस्तारै स्वतन्त्र हुँदै गए। साम्राज्यवादीका समर्थक लेखकहरुले ब्रिटिश सत्ताले उपनिवेशहरुको समृद्धि र सभ्यतामा ठूलो योगदान गरेको बताउँछन्। जब कि साम्राज्यवादीहरुको उपनिवेशहरुको विकास नभएर सभ्यताको विनास, बर्बर शोषण, उत्पीडन र क्रुर बर्बर दमन मात्र हो भन्ने सत्यलाई ढाकछोप हो। इंग्ल्याण्ड एउटा सानो मुलुकले साम्राज्य विस्तार रानी एजिाबेथ प्रथमको समयमा ई। १५०० को आखिरीतिर प्रारम्भ भएको थियो। ब्रिटिश साम्राज्यको अन्त्य २० औं शताब्दीमा भयो।

अमेरिकी साम्राज्यवादको उदय १९ औं शताब्दीबाट राजनैतिक, आर्थिक र सैन्य शक्ति मजबुत भएपछि स्पेनिस अमेरिकी युद्धपति फिलिपिन्स, प्यूर्टो रिकोमाथि अधिकार जमाएपछि ल्याटिन अमेरिकामा पनि प्रभाव जमायो। अमेरिकाले सैन्य शक्तिको डर त्रासको धम्की दिन शुरु गर्‍यो। सामुद्रिक सैन्य शक्तिद्वारा क्युवा माथि अधिकार जमाउने प्रयास नगरेको हो। त्यस बखत सोभियत युनियनले आणविक शस्त्र प्रयोग गर्ने धम्की दिएकाले क्युवामाथि आक्रमण गर्ने हिम्मत अमेरिकाले गरेन। १९६२ मा सोभियत संघले गोप्य रुपमा अमेरिकादेखि ९० माइलको दुरीमा आणविक मिसाइल तैनाथ गरेको थियो। क्युवाको मिसाइल संकट अक्टोबर १६ देखि २८ अक्टोबर १९६२ सम्म रह्यो। क्युवालाई घुँडा टेकाउन अमेरिकाले १९६२ देखि लगाएको प्रतिबन्ध हालसम्म जारी छ। अमेरिकाले १८४८ मा पेरिस सन्धि अन्तर्गत अमेरिकी भूमि बनाउन सफल भयो। अमेरिकाले फुल्जेन्सिओ बाटिस्टालाईहातहतियारहरु,रुपियाँहरु पैसाका साथै क्युवामा सैनिक तानाशाही सत्ता संचालन गर्ने जिम्मा दियो। बाटिस्टाले क्युवामा १९५२ देखि १९५८ सम्म शासन गर्‍यो। बाटिस्टाको सत्ता पल्टाउने क्यास्ट्रोलाई मान सत्ता पल्टाउने र अनुमानित ६३८ पटक सिआइएद्वारा १९६० देखि २००० सम्म प्रयास गर्‍यो।

अमेरिकाको विश्व प्र भु त्व को बाँकी ८ पेजमा

# सांस्कृतिक आन्दोलन विषाक्त संस्कृति विरूद्धको वैचारिक आन्दोलन हो : हेमन्तप्रकाश ओली

***नेपालको वर्तमान सांस्कृतिक अवस्थालाई कसरी मूल्याङ्कन गर्नुहुन्छ ?***

विद्यमान अर्थतन्त्र र राजनीतिको विचारधारात्मक प्रतिबिम्ब नै संस्कृति हो। नेपालको विद्यमान अर्थतन्त्र भनेको नवऔपनिवेशिक अवस्थाबाट जन्मेको दलाल तथा नोकरशाही पुँजीवाद हो। यहाँको राजनीति भनेको यही दलाल तथा नोकरशाही अर्थतन्त्रको केन्द्रीय अभिब्यक्ति कठपुतली राज्यसत्ता हो। हाम्रो संस्कृति वास्तवमा दलाल पुँजीवादी अर्थतन्त्र र कठपुतली राज्यसत्ताको विचारधारात्मक प्रतिबिम्ब बनेको छ। कठपुली र राज्यसत्ताले राष्ट्रिय संस्कृतिलाई मौलिक रूपमा हुर्कन दिंदैन। यहाँ नवऔपनिवेशिक संस्कृति र राष्ट्रिय संस्कृति बिच नै प्रधान अन्तरबिरोध रहेको छ। यहाँ रहेको मौलिक संस्कृतिलाई विकृतितिर होइन प्रगतितिर अघि बढाउनु क्रान्तिकारी तथा प्रगतिशील संस्कृतिकर्मीहरूको दायित्व हो। दश वर्षीय महान् जनयुद्धले प्रगतिवादी संस्कृतिको विकासलाई तीब्र बनाएको थियो। यसले त्याग, तपस्या र बलिदानको संस्कृति अघि बढाएको थियो। तदनुरूप रीतिरिवाज, चालचलन, साहित्य र कलाको विकास हुँदै थियो। आज त्यो धारा अघि बढिरहेको भएता पनि त्यसलाई रक्षात्मक बन्न वाध्य पारिएको छ। साम्राज्यवादी संस्कृतिको रक्षक बनेको नेपालको नवसंशोधनवादी प्रवृत्ति यसमा मूल जिम्मेवार रहेको छ। संशोधनवाद र नवसंशोधनवाद भनेको अन्ततः कम्युनिस्ट खोलभित्र रहेको पुँजीवाद हो। आज जनयुद्धको संस्कृतिलाई अघि बढाउन र यसको विकास गर्न क्रान्तिकारी कम्युनिस्ट र संस्कृतिकर्मीहरूले नयाँ जनवादी क्रान्तिको खुड्किलो पार गर्दै बैज्ञानिक समाजवादमा पुग्ने क्रान्तिको विकास गर्न जरुरी छ।

***तपाई साहित्य लेखनमा पनि रुचि राख्नुहुन्थ्यो, सर्जक पनि हुनुहुन्थ्यो तर अहिले दर्शनतिर मोडिनुभयो, यसतर्फ कसरी प्रभावित हुनुभयो ?***

हो, म विद्यार्थी जीवनदेखि नै कविता, कथा लेख्दथेँ र प्रतियोगिताहरूमा प्रथम, द्वितीय पनि हुन्थेँ। जनयुद्धको बेला बढी संस्मरणतिर आकर्षित भएको थिएँ। पहिलो बाजुरा काराबासमा केही कविताहरू लेखेँ र एउटा उपन्यास लेख्न थलिको थिएँ। त्यो उपन्यास अदालतबाट फरार हुँदा उतै रह्यो। पार्टीको केन्द्रीय जिम्मेवारी बढ्दै जाँदा साहित्य माथि राजनीति हावी भयो। विश्वदृष्टिकोण विस्तार गर्दै र गहिरो बनाउदै जाँदा म दर्शनतिर मोडिएँ। म विद्यार्थी जीवनदेखि नै दार्शनिक मोहन वैद्य 'किरण'बाट पथप्रदर्शित भएको हुनाले पनि दर्शनतिर आकर्षित भएँ। उहाँ पश्चिमी र पूर्वी दुवै दर्शनका ज्ञाता भएकोले त्यसको कुनै न कुनै रूपमा गहिरो प्रभाव परेको छ तर संस्कृत भाषाको ज्ञान नभएकोले पूर्वीय दर्शनमा मेरो दख्खल पुगेको छैन। सौन्दर्यशास्त्र र दर्शनशास्त्रसँग घनिष्ठ रूपमा जोडिको हुँदा म साहित्य र कलाबाट टाढा छैन। अव जीवनको उत्तरार्द्धमा म पुनः साहित्य र संस्कृतितिर पनि मोडिन सक्छु। 'बालगडेरिया हाय वा', 'ओयाङ हाईको गीत', 'चम्किलो रातो तारा', 'युवाहरूको गीत', 'रातो चट्टान' जस्ता चिनियाँ कथा र उपन्यासहरूले ममाथि गहिरो छाप छोडेका छन्। 'रातो लालटिन' जस्तो प्रख्यात नाटकले पनि ठूलो प्रभाव पारेको छ। गोर्कीको 'आमा' र निकोलाई आस्त्रोभ्स्कीको 'अग्निदीक्षा'ले त्यत्तिनै प्रभाव पारेका छन्। हावर्ड फास्टको 'शहीदनामा', 'समरगाथा' लगायतका कृतिहरू राम्रो प्रभाव रहेको छ।

***नेपाली वाम आन्दोलन इतिहासको गम्भीर मोडमा उभिएको छ। यो स्थितिमा सांस्कृतिककर्मीहरूको भूमिका कस्तो हुनुपर्ला ?***

इतिहासको भौतिकवादले के भन्दछ भने जब उत्पादक शक्ति र उत्पादन सम्बन्धबिचको टक्कर तीब्र हुन्छ तब क्रान्ति हुन्छ। नेपालमा नवऔपनिवेशिक र अर्धसामाजिक स्थितिमा रहेको दलाल पुँजीवादी उत्पादन सम्बन्ध नेपाली शोषित उत्पीडित जनसमुदायका लागि बन्धन बनेको छ। शोषित उत्पीडित जनसमुदाय र उत्पादनका साधनहरूको जोडफल नै उत्पादक शक्ति हो। नेपालको वर्तमान राज्यसत्ता र सञ्चालक शक्तिका रुपमा रहेका राजनीतिक पार्टीहरु दलाल तथा नोकरशाही उत्पादन सम्बन्धको परिणम हुन्। दलाल पुँजीवाद भनेकै विकृत पुँजीवाद हो। विकृत पुँजीवादको छाप राजनीतिक पार्टीहरूमा परेको छ। ती पार्टीहरूमा वाम पार्टीहरू र वाम आन्दोलन पनि पर्दछन्। जुन वाम पार्टीहरूले दलाल पुँजीवादको बिरूद्ध आन्दोलन गरिरहेका छन् उनीहरू क्रान्तिकारी रहेका छन्। त्यसकारण कुनै पनि क्रान्तिकारी पार्टी वाम भएर मात्र पुग्दैन, बरू कम्युनिस्ट पनि हुनुपर्दछ। कम्युनिस्ट हुने भनेको आजैदेखि निजी सम्पत्तिको बिरूद्ध लड्नु हो र सामुहिक सम्पात्तिको स्थापना गर्नु हो। अतः लेनिनले भन्नुभएको छः 'सबै कम्युनिस्टहरू वाम हुन्छन् तर सबै वाम कम्युनिस्ट हुँदैनन्।' नेपालमा क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल लगायतका केही कम्युनिस्टहरू छन्। उनीहरू वाम पनि हुन्। नेपाली कम्युनिस्ट पार्टी, नेकपा (एमाले), नेकपा (मसाल), नेमकिपा लगायतका पार्टीहरु न कम्युनिस्ट हुन् न त वाम। उनीहरू संसदवादी र दलाल पुँजीवादी राज्यसत्ताका असली चाकरहरू हुन्। यी बिकृत वामहरूले गर्दा हाम्रो देशमा कम्युनिस्ट लोकप्रियता कम्युनिस्ट घृणामा पुगेको छ। त्यसकारण यो बिकृत वामहरूले थुपारेको अजियनको तबेला सफा गर्ने क्रान्तिकारी आन्दोलनको आवश्यकता छ। यस स्थितिमा यो फोहोरको डँगुर सफा गर्ने सांस्कृतिक आन्दोलनको आवश्यकता छ। संस्कृतिकर्मीहरूले सर्बप्रथम यो स्थितिको हृदयदेखि बोध गर्नुपर्दछ।

द्वितीयतः कवि, कथाकार, उपन्यासकार, कलाकार, नृत्यकार, ब्यँग्यकार लगायतका सम्पूर्ण साहित्य तथा संस्कृतिकर्मीहरूको एक राष्ट्रिय कार्यक्रमबाट दृढसङ्कल्पित संस्कृतिकर्मीहरूको दस्ता तयार गर्नुपर्दछ। यसले यो आँधी-तुफान ल्याउनुपर्दछ, जसले गर्दा दलाल पुँजीवादी राज्यसत्ता उठाएर फ्याँक्न सकोस्। कुनै राज्यसत्ता फ्याँकेर मात्र हुँदैन, बरू फ्याँकिएको भन्दा उच्चस्तरीय राज्यब्यवस्था पनि स्थापित गर्नुपर्दछ। सांस्कृतिक आन्दोलन भनेको हजारौं वर्ष लामो र बिसाक्त रीतिरिवाज, चालचलन, सांस्कृतिक विरासत र विचारधाराका बिरूद्धको विचारधारात्मक आन्दोलन हो। यो कठिन छ, तर यो आन्दोलनको भविष्य उज्ज्वल छ।

***नयाँ समाज निर्माणमा राजनीतिक परिवर्तन आकस्मिक पनि हुन्छ तर सांस्कृतिक परिवर्तन सुस्त हुन्छ, राजनीतिक परिवर्तन मात्रैले सुव्यवस्था कायम नहुने रहेछ। राजनीति र सांस्कृतिक आन्दोलनलाई सँगसँगै लैजान कसरी सकिन्छ ?***

राजनीतिक क्रान्तिले उपरीसंरचना भत्काउँछ। अझ यसो भनौ उपरीसंरचनाको निर्देशक (कमाण्डर) राज्यसत्ता भत्काउँछ। त्यो राज्यसत्ताको हातखुट्टा र दिमागका रूपमा रहेका दर्शन, संस्कृति, साहित्य, कला, कानून तथा धर्म जस्ता उपरीसंरचना आदतीय सत्ता एवम् बानीको सत्ताका रूपमा रहेका हुन्छन्। यी सबै उपरीसंरचनाको आधार अर्थतन्त्र हो। अर्थतन्त्र भनेको उत्पादन प्रणाली हो। उत्पादक शक्ति र उत्पादन सम्बन्ध मिलेर उत्पादन प्रणाली बन्दछ। नेपालमा दलाल पुँजीवादी उत्पादन प्रणाली भएकोले त्यसैको अभिव्यक्तिका रूपमा उपरीसंरचना बनेको छ। संस्कृति भनेको सम्पूर्ण उपरीसंरचनाबाट बनेको आदतीय सत्ता हो। राज्यसत्तामा आमूल परिवर्तन भइसकेपछि पनि परिवर्तनकारी शक्तिहरुसँग पुरानो विचार, आनिबानी, संस्कार-संस्कृति आदतका रुपमा बसेर आएको हुन्छ। त्यसकारण राजनीतिक परिवर्तन छिटो र सांस्कृतिक परिवर्तन ढिलो हुन्छ। नियमितताकै परिणामका रूपमा कहिलेकाहीँ राजनीतिक परिवर्तन आकस्मिक जस्तो पनि हुन्छ। अग्रगामी वर्गले नेतृत्व गर्न सकेन भने क्रान्ति पश्चगामी वर्गको हातमा पनि जान्छ। अहिले नेपालमा त्यही भएको छ।

हो, तपाईले सही कुरा भन्नु भएको छ : सांस्कृतिक क्रान्ति हुने र राजनीतिक क्रान्तिले सुव्यवस्था कायम नगर्ने बिचको अन्तरबिरोध रहँदै आएको छ। सोभियत सङ्घ, मङ्गोलिया, चीन, जर्मनी, चेकोस्लोभाकिया, रोमानिया, पोल्याण्ड, युगोस्लाभिया, बुलगेरिया, हङ्गेरी, क्युबा, कोरिया, भियतनाम, लाओस र कम्बोडियामा राजनीतिक क्रान्ति त सम्पन्न भयो, तर त्यहाँ सांस्कृतिक क्रान्ति सोही स्तरमा हुन पाएन। यसले गर्दा उल्लेखित देशहरूमा प्रतिक्रान्ति भयो। सांस्कृतिक क्रान्तिबारे मार्क्स र लेनिनले आवश्यकता बोध गरी



यसबारे महत्वपूर्ण सैद्धान्तिक संश्लेषण गर्नुभएको छ। माओले मार्क्स र लेनिनलाई अनुशरण गर्दै चीनमा महान् सर्वहारा सांस्कृतिक क्रान्ति सञ्चालन गर्नुभयो। यो क्रान्तिले मार्क्सवाद-लेनिनवादलाई माओवादको उचाईमा पुर्‍यायो। मार्क्सले १८१८-१८५० को फ्रान्सेली क्रान्तिबाट निस्कर्ष निकाल्दै भन्नुभएको छ : 'समाजवाद स्थायी क्रान्तिको उद्घोषण हो, सर्वहारावर्गको अधिनायकत्व सामान्यतः वर्गविभेदको उन्मूलन गर्ने, वर्गविभेद उत्पन्न गर्ने सम्पूर्ण उत्पादन सम्बन्धको उन्मूलन गर्ने, त्यो उत्पादन सम्बन्धअनुरूपको सम्पूर्ण सामाजिक सम्बन्ध उन्मूलन गर्ने, त्यो सामाजिक सम्बन्धबाट उत्पन्न सम्पूर्ण विचारहरूलाई क्रान्तिकारीकरण गर्ने आवश्यक बिन्दुका रूपमा रहेको हुन्छ।' यसलाई चीनमा माओले सर्वहारा सांस्कृतिक क्रान्तिको आधारका रूपमा लिनुभएको छ। वैज्ञानिक समाजवाद पुँजीवाद र साम्यवाद बिचको लामो संक्रमणकालीन समाजव्यवस्था भएकोले सर्वहारा अधिनायकत्वको शासन प्रक्रिया लागु हुन्छ। यस प्रक्रियामा सर्वहारावर्ग र उसको कम्युनिस्ट पार्टीले मार्क्सको भाषामा 'स्थायी क्रान्ति' र माओको भाषामा 'निरन्तर क्रान्ति' सञ्चालन गर्नुपर्दछ। यसमा मूलतः चारवटा कार्यक्रम सम्पन्न गर्नुपर्दछ। एक, वर्गबिभेदको उन्मुलन। दुई, वर्गविभेदको श्रोत रहेको निजी स्वामित्व रहेको उत्पादन सम्बन्धको उन्मूलन। तीन, पुरानो उन्पादन सम्बन्धबाट जन्मेको सामाजिक सम्बन्धको उन्मूलन। चार, त्यो सामाजिक सम्बन्धबाट उत्पन्न विचारहरूको क्रान्तिकारीकरण। यो नै वास्तवमा सांस्कृतिक क्रान्ति हो।

यहाँ तपाईंहरूले इच्छुक प्रतिष्ठानका तर्फबाट उठाएको प्रश्न हो- राजनीतिक र सांस्कृतिक आन्दोलनलाई सँगसँगै कसरी सञ्चालन गर्न सकिन्छ ? मेरो विचारमा माओले १९६६ देखि १९७६ सम्म प्रयोग गरिसक्नुभएको छ। अब हामीले राजनीतिक क्रान्ति र सांस्कृतिक क्रान्तिबिच कुनै चिनियाँ पर्खाल खडा गर्नुहुँदैन। राजनीतिक क्रान्तिलाई शिर्षमा राखेर सांस्कृतिक क्रान्ति पनि सँगसँगै लैजानु पर्दछ। उत्पादन सम्बन्ध र उन्पादक शाक्तिको टक्कर नै क्रान्ति भएकोले आर्थिक क्रान्ति पनि सँगसँगै अघि बढिरहेको हुन्छ। यहाँ के बुझ्नुपर्दछ भने माओले महान् सर्वहारा सांस्कृतिक क्रान्तिलाई राजनीतिक क्रान्ति नै हो भन्नुभएको छ। यो कुरा नेपालमा चलेको जनयुद्धले पनि प्रमाणित गरेको छ। हामीले आज राजनीतिक क्रान्तिसँगै सांस्कृतिक क्रान्ति नचलाउने हो भने पुनः प्रतिक्रान्तिको इतिहास दोहोरिन पुग्दछ। क्रान्तिलाई परिपक्व तार्किक निस्कर्षमा पुर्‍याउन राजनीतिक र सांस्कृतिक क्रान्ति सँगसँगै चलाउनुपर्दछ।

जनयुद्धले राज्यसत्तालाई टुक्राटुक्रामा ढाल्नुका साथै पुरानो संस्कृतिमा धावा बोल्दै नयाँ संस्कृतिको निर्माण पनि गर्दै गएको थियो। जातीय भेदभावका पर्खालहरू ढल्दै गएका थिए। चालचलन र रीतिरिवाज बदलिंदै गएका थिए। धार्मिक विश्वासहरू टुट्दै गएका थिए र विचारमा क्रान्तिकारीकरणको प्रक्रिया अघि बढेको थियो। त्याग, तपस्या र बलिदानको संस्कृतिको त्यो महान् प्रक्रियामा विकास भएको थियो। साहित्यका विभिन्न विधाहरूमा क्रान्तिको हरियाली छाएको थियो। कम्पनीका कम्पनी सांस्कृतिक कलाकर्मीहरू सङ्गठित भएका थिए। ओपेराहरूको प्रस्तुतीले त चिनियाँ सांस्कृतिक क्रान्तिको झझल्को दिन्थ्यो।

अतः अब हामीले राजनीतिक क्रान्ति र सांस्कृतिक क्रान्तिलाई सँगसँगै लैजानु पर्दछ। तर सांस्कृतिक क्रान्ति राजनीतिक क्रान्तिसँगै पूरा हुँदैन। माऋर्सका अनुसार वैज्ञानिक समाजवादी कालभरी नै सांस्कृतिक क्रान्ति जारी राख्नुपर्दछ।

***नेपाली धर्तीमा विगतमा चलेको महान् जनयुद्धले कला साहित्यमा नयाँ यथार्थको जन्म र विकास गर्‍यो तर अहिलेको तरल परिस्थितिमा यो धारालाई कसरी सम्बृद्ध गर्न सकिएला ?***

हो, दश वर्षीय महान् ऐतिहासिक जनयुद्धले कला साहित्यको आयाममा पनि नयाँ यथार्थको जन्म र विकास गरेको कुरा हाम्रै जीवनको जीवनानुभुति हो। जनयुद्ध समग्र पुरानो समाज व्यवस्थामा क्रान्ति थियो र नयाँ समाज व्यवस्थाको स्थापना गर्ने त्यसको लक्ष्य थियो। त्यसले पुरानो अर्धसामन्ती तथा अर्धऔपनिवेशिक अर्थ-सामाजिक कुहिएको व्यवस्था पल्टाएर नयाँ जनवादी क्रान्तिद्वारा वैज्ञानिक समाजवाद स्थापना गर्ने ध्येय बोकेको थियो। त्यसअनुसार त्यो बन्दुक, मादल र कलमको मोर्चाका रूपमा पनि प्रकट भयो। साहित्य र कलामा पनि जनयुद्धले सुन्दर लालीगुराँसहरू फुलायो। त्यसले बलिदानको गाथालाई स्थापित गर्‍यो। कलामा यसले जेबी टुहुरे र खुशीराम पाख्रीनका गीत र गायनलाई विकास गरेर नयाँ उचाईमा पुर्‍यायो। सौन्दर्य चिन्तनमा चैतन्य स्कूललाई अघि बढायो। कविता सिर्जनामा कृष्ण सेन 'इच्छुक' को सौन्दर्य, आवेग र आक्रोसलाई विकास गर्‍यो। थुप्रै क्रान्तिकारी कविता सङ्ग्रहहरू प्रकाशन भएका छन्। त्यसरी नै उपन्यास र कथाहरू पनि सिर्जना भएका छन्। संस्मरण विधाको त बाढी नै आएको थियो। संसारका उन्पीडित तथा श्रमजीवी जनताले सगरमाथातिर फर्केर नारा लगाए- 'हिमालयतिर हेर, एउटा सुन्दर संसार जन्मँदै छ।' जहाँसम्म आजको तरल परिस्थितिमा यो धारालाई समृद्ध कसरी बनाउने भन्ने प्रश्न राखिएको छ, यो गम्भीर प्रश्न हो। परिस्थिति बदलिएको छ। जनयुद्ध पराजित भएको छ। त्यसका केही नायकहरूको वैचारिक मृत्यु भएको छ। प्राप्त केही मात्रात्मक उपलब्धीहरू पनि डेमोकल्सको तरबारमुनि रहेका छन्। समग्र देश नवउपनिवेशको तप्कानेमुनि रहेको छ। यस बिचबाट क्रान्किारीहरूले पुनः पुनर्गठित र एकीकृत हुँदै क्रान्तिको नयाँ बाटो तय गरिरहेका छन्।

नेपालमा यतिखेर नवऔपनिवेशिक आर्थिक-सामाजिक स्थितिबाट दलाल तथा नोकरशाही अर्थतन्त्र बनेको छ। यो वास्तवमा बिकृत पुँजीवाद हो। यसले कला साहित्यमा पनि बिकृति ल्याएको छ। त्यसकारण एउटा क्रान्तिकारी कम्युनिस्ट पार्टीले पहिलो र आम कार्यक्रम पुँजीवादी क्रान्ति पूरा गर्ने कार्यक्रम बनउनु पर्दछ। दलाल पुँजीवादी अर्थतन्त्रमा उभिएको दलाल तथा नोकरशाही पुँजीवाद र नेपालका शोषित-पीडित तथा श्रमजीवी जनताबिचको अन्तरबिरोधको समाधान गर्नुपर्दछ। नयाँ जनवादी क्रान्तिको खुड्किलो पार गर्दै वैज्ञानिक समाजवादमा संक्रमण गर्ने कार्यक्रम बनाउनुपर्दछ। यो महान् *बाँकी ४ पेजमा*

## यो साता कविता

### चटके



हिरामणि दुःखी

*चटकेहरु गाउँ पसिरहेछन्*
*विविध कलायुक्त चटकेहरु*
*क्षणभरमा चटकेहरु*
*मान्छेलाई पशु बनाउँछन्*
*र, हर्षविभोर हुन्छन्*
*मान्छेलाई पशु बनाउँदा*
*र, त घाँस खुवाइरहन्छन् मान्छेलाई।*

*चटकेहरु आउँछन्*
*किस्तिमा बोकेर*
*जागिर*
*सरूवा/बढुवा*
*ठेक्कापट्टा*
*बाटो/कुलो*
*स्कुल/पँधेरो*
*मठमन्दिर या चर्चहरु*
*फ्रि भिजा र फ्रि टिकेटहरु*
*किस्तिमै बोकेर ल्याउँछन्*
*घरघरमा चटकेहरु।*

*यो हो चटकेहरुले खुवाउने*
*हरियो घाँस*
*जसरी घाँसमा लोभिन्छन् पशु*
*कतै बनिरहेछौं हामी पशु*
*क्षणभरमा चटकेहरु*
*मान्छेलाई पशु बनाउँछन्*
*अनि जान्छन् पाँच वर्ष गुप्तबास।*

*यसपटक फेरि आइरहेछन्*
*घरघरमा किस्ति बोकेर*
*नयाँ पुराना चटकेहरु।*

*भनिदेऊ*
*ए मान्छेहरु !*
*बन्दैनौं अब हामी पशु*
*अस्वीकार्य छ हामीलाई*
*तिम्रो चटकको मञ्चन*
*र, अस्वीकार्य छ हामीलाई*
*तिम्रो किस्तिमा पस्किएको घाँस।*

*१४ माघ, २०८२, शंखमुल, काठमाडौं*

### क्रूर वसन्त



जगदीश चन्द्र भण्डारी

*पोल्ने प्रश्नहरु छन्*
*शरीरका अङ्ग अङ्गमा*
*डढेलो सल्काउने जिज्ञासा छन्*
*यतिबेला*
*शिशिरपछिको कथित वसन्तमा*
*कोही पनि आरामदायक*
*साँच्चिकै प्रेमपरक*
*सुखदायक स्वप्न देख्न*
*सकिरहेका छैनन्*
*छन् भने*
*केही सपनाका वलात्कारी*
*उज्यालोका अपहरणकर्ता*
*पथविचलित भङ्जाहा*
*नदी आकाश झरना*
*बोली जिब्रो भाषा र लयका*
*तस्कर सौदागर*
*संसदीय फोहोरी वसन्तमा*
*खुसी छन् आनन्दित छन्*
*अरु भने*
*क्रूर बर्बर आततायी*
*गुलाबी रङ्हीन*
*मौसमका विरूद्धमा*
*चित्ताकर्षक रक्तिम बिम्बमय*
*वासन्ती विद्रोहको*
*आमन्त्रणमा निमग्न छन्।*

*यस्तै यस्तै चालामालामा*
*फेरि पनि*
*प्रश्नहरु उत्तर बिना मर्ने हुन् कि*
*उज्यालो दुनियाँका*
*मानिसहरु*
*अल्पमतमै पर्ने हुन् कि*
*अँध्यारो सत्ताका*
*महामहिमहरु नै*
*सधैं अग्ला शिखरमा उभिएर*
*पुरानै जमानाका*
*आदेश फर्मान गर्ने हुन् कि*
*यस्तै चासोका बिच*
*मनहरु सशस्त्र बन्दै छन्*
*स्वच्छ निर्मल दुनियाँका निम्ति*
*क्रूर वसन्त विरूद्ध*
*डिजिटल अस्त्र सोच्दै छन्*
*र निर्बन्ध सपनाको*
*आकाङ्क्षालाई बलशाली बनाउँदै छन्।*

## क्रान्तिकारी...

आन्दोलनलाई पुनः क्रान्तिकारी धारमा फर्काउँदै शिक्षा, राजनीति र समाज परिवर्तनको स्पष्ट खाका प्रस्तुत गर्ने अपेक्षा गरिएको छ। एकताबिना संघर्ष कमजोर हुन्छ र कमजोर संघर्षले शोषण अन्त्य गर्न सक्दैन। त्यसैले यो सम्मेलन सम्पूर्ण क्रान्तिकारी विद्यार्थीका लागि आशा, भरोसा र नयाँ संकल्पको केन्द्र बनेको छ।

***विद्यार्थी आन्दोलनमा सहिदहरूको योगदान***

क्रान्तिकारी विद्यार्थी आन्दोलन सहिदहरूको रगतले सिंचित आन्दोलन हो। शिक्षा, समानता, स्वतन्त्रता र न्यायका लागि धेरै विद्यार्थीहरूले आफ्नो अमूल्य जीवन बलिदान गरेका छन्। उनीहरू केवल व्यक्तित्व मात्र थिएनन्, उनीहरू विचार थिए, आन्दोलन थिए, प्रेरणा थिए। सहिदहरूले देखाएको बाटो आज पनि क्रान्तिकारी विद्यार्थी आन्दोलनको नैतिक र वैचारिक आधार हो। सहिदहरूको सपना अधुरो छ, जबसम्म शिक्षा व्यापारीकरणमुक्त हुँदैन, जबसम्म श्रम गर्ने वर्ग सत्तामा पुग्दैन, जबसम्म वैज्ञानिक समाजवादी शिक्षा प्रणाली स्थापित हुँदैन। आजको पुस्ताले सहिदहरूलाई सम्झने भनेको केवल कार्यक्रम र भाषणमा होइन, उनीहरूको विचारलाई व्यवहारमा उतार्नु हो।

***वर्तमान शैक्षिक र राजनीतिक अवस्था***

आजको नेपाल गम्भीर शैक्षिक र राजनीतिक संकटमा। शिक्षा प्रणाली पुँजीवादी बजारको हातमा पुगेको छ। निजी विद्यालय र कलेजहरू नाफाको केन्द्र बनेका छन् भने सरकारी शिक्षा जानाजानी कमजोर बनाइएको छ। राजनीतिक रूपमा देश दिशाहीन अवस्थामा छ। जनताको पक्षमा राजनीति गर्नेभन्दा सत्ता र स्वार्थमा लिप्त प्रवृत्ति हाबी छ। शिक्षा नीति विदेशी हित, दातृ निकाय र पूँजीवादी सोचअनुसार निर्माण भइरहेका छन्। यसको परिणामस्वरूप शिक्षित युवा बेरोजगार छन्, सीपहीन छन् र देश छोड्न बाध्य छन्। विद्यार्थी आन्दोलनमाथि दमन, आवाज दबाउने प्रयास र राजनीतिक सौदाबाजी बढ्दो छ, जसको विरुद्ध क्रान्तिकारी विद्यार्थी आन्दोलन पुनः सशक्त रूपमा उठ्न जरुरी छ।

***वैज्ञानिक समाजवादी शिक्षा***

विकल्प र आवश्यकताः वर्तमान संकटको समाधान वैज्ञानिक समाजवादी शिक्षा प्रणाली हो। वैज्ञानिक समाजवादी शिक्षा भनेको श्रम, उत्पादन, विज्ञान र समाज परिवर्तनसँग जोडिएको शिक्षा हो। यो शिक्षा नाफाका लागि होइन, समाजका लागि हुन्छ। यस शिक्षालेः श्रमलाई सम्मान गर्दछ। शिक्षा र उत्पादनलाई जोड्छ। राष्ट्रिय आवश्यकता अनुसार पाठ्यक्रम निर्माण गर्छ। समान, निःशुल्क र गुणस्तरीय शिक्षा सुनिश्चित गर्छ। सामन्ती र पूँजीवादी सोचको अन्त्य गर्छ। वैज्ञानिक समाजवादी शिक्षा बिना समाजवादी समाज सम्भव छैन। यही शिक्षा प्रणाली स्थापना गर्नु क्रान्तिकारी विद्यार्थी आन्दोलनको ऐतिहासिक दायित्व हो।

***निष्कर्ष***

क्रान्तिकारी विद्यार्थी आन्दोलन आज इतिहासको जिम्मेवारी बोकेर उभिएको छ। फाल्गुन १, २ र ३ गते हुने अखिल ( क्रान्तिकारी )को एकताको राष्ट्रिय सम्मेलनले आन्दोलनलाई पुनः एकीकृत, सशक्त र क्रान्तिकारी बनाउने विश्वास गरिएको छ। सहिदहरूको बलिदान, वर्तमान संकट र भविष्यको सपना–यी सबैलाई समेट्दै वैज्ञानिक समाजवादी शिक्षाको स्थापनाका लागि आजको विद्यार्थी आन्दोलन निर्णायक संघर्षमा उत्रिनु अपरिहार्य छ।

## भक्तपुरमा...

उक्त श्रद्धाञ्जली कार्यक्रम क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल ९ नम्बर ब्युरो र नेवाः राष्ट्रिय मुक्ति मोर्चा, नेपाः राष्ट्रिय सम्मेलन आयोजक समितिको संयुक्त शनिबार आफ्नै निजी निवासमा आयोजना गरेको थियो। श्रीकृष्ण सुलुकी ममतामयी आमलक्ष्मी सुलुको १९९० जेठ २० गते जन्मनु भएको थियो भने निधन यही २०८२ माघ ४ गते ९२ वर्षमा भएको थियो।

उक्त कार्यक्रममा प्रमुख अतिथि पार्टीका महासचिव सिपी गजुरेल गौरवले सम्बोधन गर्नु भएको थियो। उहाँले लक्ष्मी सुलुप्रती भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै लक्ष्मी सुलुले समाजमा पुऱ्याउनु भएको महत्वपूर्ण योगदानको पार्टीले सँधै कदर गर्ने बताउनु भयो। अर्को प्रसंगमा महासचिव गौरवले कठपुतली सरकारको लागी सबैभन्दा चुनौती क्रान्तिकारी कम्युनिस्ट पार्टी भएको पुष्टी पुर्णबहादुर खड्काको गिरफ्तारीले गरेको दाबी पनि गर्नु भयो।

त्यसैगरी श्रद्धाञ्जली कार्यक्रमको अध्यक्षता गर्नु भएका पोलिट ब्युरो सदस्य तथा ब्युरो सचिव चिन्तामणी पौडेलले यस्तो कार्यक्रमले नयाँ तथा वैकल्पिक संस्कार विकास गर्न प्रयत्न गरेको बताउनु भयो। कार्यक्रममा छोरा शिवराम सुलुले आमाको बारेमा चर्चा गर्नु भएको थियो।

नेवाः राष्ट्रिय मुक्ति मोर्चा, नेपाः राष्ट्रिय सम्मेलन आयोजक समितिका नेता गोर्की श्रेष्ठले लक्ष्मी सुलुप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्नु भयो।

कार्यक्रममा क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका पोलिटब्युरो सदस्य तथा ९ ब्युरो इन्चार्ज दिनेश शर्मा, पार्टीका केन्द्रीय सल्लाहकार गोर्की श्रेष्ठ, प्राध्यापक संगठनका संयोजक जग्दिशचन्द्र भण्डारीले र परिवारको तर्फबाट शिवभक्त सुलु, शिवराम सुलु र श्रीकृष्ण सुलु अतिथि रहनु भएको थियो।

श्रद्धाञ्जली पत्र वाचन गरेर ब्युरो सचिव चिन्तामणी पौडेलले हस्तान्तरण गर्नु भएको थियो भने कार्यक्रम सन्चालन क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल भक्तपुर जिल्लाका सचिव सुरेश अधिकारीले गर्नु भएको थियो।

***यस्तो छ श्रद्धाञ्जली पत्रको पूर्णपाठ***

'नेपाली श्रमजीवी तथा उत्पीडित जनताको अग्रदस्ता क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका वैकल्पिक केन्द्रीय समिति सदस्य तथा भक्तपुर जिल्ला समितिका इन्चार्ज एवम् भक्तपुर नगरपालिका वडा नं- २ व्यासी निवासी कमरेड श्रीकृष्ण सुलुकी ममतामयी आमा लक्ष्मी सुलुको यही २०८२ माघ ४ गते ९२ वर्षको उमेरमा काठमाडौंको के।एम।सी। अस्पतालमा भएको निधनप्रति गहिरो दुःख व्यक्त गर्दै क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल ९ नम्बर ब्युरोद्वारा ममतामयी आमा लक्ष्मी सुलुप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछौं। मृतक लक्ष्मी सुलु लामो समयदेखि मृगौला, फोक्सो, मुटु लगायतका रोगबाट पीडित हुनुहुन्थ्यो। उहाँका ३ छोरा, ३ छोरी र नाति नातिनाहरु हुनुहुन्छ। उहाँको निधनबाट पार्टीले एकजना असल शुभचिन्तक र परिवारले कुशल अभिभावक गुमाएको छ। यस दुःखद् परिस्थितिमा कमरेड श्रीकृष्ण सुलुलगायत सम्पूर्ण शोकमा रहनु भएका परिवारजन, आफन्तजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।'

*प्रवाह- सचिव*
*९ नम्बर ब्युरो,*
*क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल*

## अवसरवादीहरूले...

होइन। यो मार्क्सवाद- लेनिनवाद-माओवादको क्रान्तिकारी दर्शन, विचार र सिद्धान्तबाट पोलिएको ऐतिहासिक भट्टी हो। तर आज केही व्यक्तिहरू वर्गसंघर्षको बाटो त्यागेर दक्षिणपन्थी संशोधनवादको दलदलमा हामफाल्दै वैचारिक रूपमा नाँगिँदै गएका छन्।

अझ गम्भीर कुरा त के छ भने 'केही सिद्धान्तहीन, चरित्रहीन र अवसरवादी तत्वहरू एक दिनका लागि खेताला खोजेजस्तै गरी हाम्रो नाम भजाएर प्रचण्ड-माधवको पार्टीबाट संसदीय दलदलमा डुबुल्की मार्दैछन्। उनीहरूकै पतन र विचलनलाई ढाल बनाएर मेरो वैचारिक आस्था, राजनीतिक निष्ठा र क्रान्तिकारी प्रतिबद्धतामाथि आक्रमण गर्ने दुस्साहस गरिएको छ। यो केवल व्यक्तिगत आक्रमण होइन, यो स्वयं क्रान्तिकारी आन्दोलनमाथिको प्रहार हो। यस किसिमको संशोधनवादी हर्कत, वैचारिक गद्दारी र चरित्रहीन आक्रमणको म तीव्र भर्त्सना र घोर निन्दा गर्दछु।

म पूर्ण जिम्मेवारीका साथ पुनः स्पष्ट रूपमा घोषणा गर्दछु,क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले उठाएको सशस्त्र विद्रोहको झन्डासँग मेरो सम्बन्ध कुनै पद, हैसियत वा सुविधामा आधारित होइन, यो रगत, पसिना र बलिदानसँग गाँसिएको प्रतिबद्धता हो। पद, प्रतिष्ठा र अर्थोपार्जनका लागि पार्टीको नाम भजाएर हिँड्ने तपाइँहरुको जस्तो स्वभाव, हिजो पनि थिएन र, आज पनि छैन। यस विषयमा कसैले पनि भ्रम पाल्ने छुट छैन।

क्रान्तिकारीहरू पतन हुँदैनन्, उनीहरू या त लड्छन्, या त सहिद हुन्छन्।

*क्रान्तिकारी अभिवादनसहित*
*नारायण पंगेनी*
*संयोजकः क्रान्तिकारी प्रेस संगठन'*

## गिरफ्तार...

पक्राउ गरिएको हो भन्ने मौखिक जवाफ मात्र दिने गरेको नेता खड्काको छोरा भगवान खड्काले दावी गर्नुभयो।

## नेपाली...

जनयुद्धबाट खारिएर एक कुशल योद्धाको रुपमा काम गर्दै आएको जगजाहेर सबैमा गर्न चाहन्छु कुनै पनि दलाल संसदीय व्यवस्था तथा दक्षिणपन्थी धार र व्यवहार मलाई अस्वीकार्य छ।

क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल पार्टीबाट विचार स्खलित तथा पलाइन भएका मुठ्ठीभर व्यक्तिहरुसँग मेरा कुनै सम्बन्ध नरहेको जानकारी गराउदछु। विश्व सर्वहारा वर्गको नेतृत्व बोकेर उदयीमान क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको अभिन्न सदस्य रही काम गर्ने दृढ संकल्प गर्दछु।

अन्यथा हाम्रो क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल बर्दिया जिल्ला कमिटी भित्र गलत अफवाह फैलाउने घृणित हर्कत गरियो भने कडा प्रतिकार हुने कुरा सचेत गराउन चाहान्छु। "

## अखिल...

सोमबार भक्तपुरको सानोठिमीको आदर्श माविमा सम्पन्न भएको सम्मेलनले सागर कार्कीको अध्यक्षतामा २१ सदस्य जिल्ला समिती निर्वाचित गरेको हो।

वामपन्थी, प्रगतिशील, देशभक्त तथा जनगणतान्त्रिक विद्यार्थी एकजुट होऔं राष्ट्रिय एकता, स्वाधीनताको रक्षा र भ्रष्टाचारविरूद्ध संघर्षका लागि हाम्रो आन्दोलन सुदृढ र जुझारू संगठनका लागि एकताको १८औं जिल्ला सम्मेलन भन्ने मूल नारासहित जिल्ला सम्मेलनमा १ मिनेट श्रद्धाञ्जली गर्दै

उक्त कार्यक्रमको अध्यक्षता सागर कार्कीले गर्नुभएको थियो भने सन्चालन विद्यार्थी नेता प्रवेश रुम्बाले गर्नु भयोको थियो।

विद्यार्थी नेत्री निर्मला लुहारले स्वागत मन्तव्य राख्नु भयो। विद्यार्थी नेता नवीन खड्का, क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल भक्तपुर जिल्ला समितिका सचिव सुरेश अधिकारी र विद्यार्थी नेता नेत्र शाहीले नव निर्वाचित समितिलाई शुभकामना मन्तव्य राख्नु भएको थियो।

## संसदीय...

र कार्यतालिका नदेखिएकोले निर्वाचन हुने सम्भावना बढ्दै गएको हो कि भन्ने आँकलन गरी क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले यो निर्वाचन बहिष्कार गर्ने सही र स्पष्ट नीति निर्माण गरी अग्रगमनकारी योजनामा लागेको छ।

मालेमावादी कम्युनिस्ट पार्टीका लागि संसदीय निर्वाचन एउटा कार्यनीतिक विषय हो। पार्टीले निर्धारण गर्ने हरेक कार्यनीतिले पार्टीको रणनीतिलाई सघाउने हुनुपर्दछ। कार्यनीति सदैव रणनीतिको मातहत हुने र यसले रणनीतिको सेवा गर्नुपर्दछ। अतस् अहिले हुने भनिएको संसदीय निर्वाचनमा उपयोग वा बहिष्कार जे गरे पनि कार्यनीति कै सवाल हो। कम्युनिस्ट आन्दोलनको इतिहासमा निर्वाचनको उपयोग वा बहिष्कार दुवै हुँदै आएको छ। यस दौरान कतिपय कम्युनिस्ट पार्टीले यसलाई कार्यनीतिको विषय भन्दै रणनीतिक ढङ्गले प्रयोग गर्दै आएको पाइन्छ। यस हिसावले गरिने उपयोग वा बहिष्कार दुवै गलत हुन्। चुनाव उपयोग वा बहिष्कार के गर्दा रणनीतिको सेवा पुग्दछ त्यो मुख्य विषय हो र हुनुपर्दछ। यसबारे ठोस वस्तुगत परिस्थितिको ठोस विश्लेषणको आधारमा कार्यनीतिको निर्क्यौल गर्नुपर्दछ। पार्टीले आम कार्यक्रम नयाँ जनवादी क्रान्ति र आधारभूत कार्यक्रम वैज्ञानिक समाजवादको तत्कालीन राजनीतिक रणनीति निर्धारण गरेको छ। यस निर्वाचनमा पार्टीले लिएको वर्तमान संसदीय निर्वाचन बहिष्कारको नीतिले यही रणनीतिलाई अगाडि बढाउन सहयोगात्मक भूमिका निर्वाह गर्दछ। बहिष्कारको निर्णय लिन किन आवश्यक पऱ्यो-यसबारे संक्षिप्त चर्चा तल गरिनेछ।

१० हरेक संसदीय सरकारहरू र यो व्यवस्था जनताको नजरमा अधिकतम नाङ्गिएको अवस्था हो। सरकार संचालन गर्दै आएका ठुला भनिएका संसदीय पार्टीहरू र सरकारका क्रियाकलापले आ-आफ्नै भण्डाफोर खुलासा हुँदै गएको र नाङ्गो प्रहसनले सत्ता र व्यवस्थाको उदाङ्गो रूपमा जनविरोधी एवं स्वाधीनता विरोधी प्रमाणित गर्दै लगेको छ। तथापि यी सबै असफलसिद्ध संसदीय पार्टीहरू सङ्कटको भुमरीबाट उम्किन विभिन्न नौटङ्की गर्दैछन्। जनतालाई भ्रमित गर्न नेपाली कम्युनिस्ट पार्टीले विचार र उद्देश्य विनाको एकता नाममा भीड जम्मा गर्दै आफू सुध्रिने भनी मौकाको माग गर्दै चुनावनै विकल्प देखेका छन्। ने।का। एमालेले एकातिर विघटित संसदको पुनर्स्थापनाको गुहार लगाउने गरेको पाइन्छ भने अर्कोतर्फ चुनावको तयारी गर्दै आफ्नो पार्टीको विकल्प नभएको भनी दोहोरो मापदण्ड अपनाएका छन्। अझ एमालेले त चुनावको औचित्य छैन भन्न पनि थालेको छ। यस प्रकारको दोहोरो तेहरो मापदण्ड अङ्गाल्नु विचारविहीन अस्तित्व सङ्कटकै अभिव्यक्तिहो। अर्कोतिर साम्राज्यवाद र विस्तारवाद आफ्नो नयाँ दलालको खोजी गर्दै त्यसको छनौट गर्न कठपुतली सरकार मार्फत् निर्वाचन भनिरहेको छ। जनता यी सबै नौटङ्कीबाट चिरपरिचित छन्। तसर्थ जनता भने सत्ता र व्यवस्थाको विकल्प खोजिरहेका छन। यो अहिलेको टड्कारो यथार्थ हो। अतस् निर्वाचन समस्याको समाधान होइन।

२० उपरोक्त अवस्थाबारे ध्यान दिँदै पार्टीले स्वाधीन संयुक्त सरकारको कार्यक्रमिक तत्कालीन राजनीतिक कार्यनीति अगाडि ल्याएको छ। आगामी संसदीय निर्वाचन सम्बन्धी नीति पार्टीले लिएको तत्कालीन राजनीतिक कार्यनीतिको परिपूरक हुनुपर्दछ-अन्तर्विरोधी हुनुहुँदैन। तसर्थ जस्तो कि यो संसदीय निर्वाचन बहिष्कार सम्बन्धी दस्तावेजमा भनिएको छस् "पार्टीले देशभक्त, गणतन्त्रवादी, क्रान्तिकारी जनवादी तथा वामपन्थी शक्तिका बिच राष्ट्रिय राजनीतिक सम्मेलन गरेर संयुक्त मोर्चा निर्माण गरी आन्दोलन उठाउने, आन्दोलनको बलमा स्वाधीन संयुक्त सरकारको गठन गर्ने, उक्त सरकार मार्फत् वर्तमान प्रतिक्रियावादी संविधान खारेज गर्ने र जनसंविधान निर्माण गरी क्रान्तिलाई अगाडि बढाउने कार्यनीतिक शृङ्खला निर्धारण गरेको छ। " यसबाट स्पष्ट हुन्छ कि आगामी संसदीय निर्वाचनको बहिष्कारको कार्यनीतिले मात्र तत्कालीन राजनीतिक कार्यनीतिसँग तादम्यता राख्दछ र निर्वाचन उपयोगको नीति यसको सोझै अन्तविरोधी बन्न पुग्दछ।

३० यो निर्वाचन जेनजी लगायत कसैको मागभित्र नपरेको विषय हो। अनि कसरी निर्वाचनको घोषणा भयो तरु यो संसदीय सङ्कटको परिणाम हो भने अर्कोतर्फ क्रान्तिकारी कम्युनिस्टहरूको कमजोर आत्मगत अवस्थाको कारण उत्पन्न समस्या हो। संसदीय निर्वाचनबाट समधान निस्किँदैन- केवल प्रतिक्रियावादी व्यवस्थामा टालो हाल्ने, संसदीय पुनरावृत्ति तथा राष्ट्रघात र जनघातलाई नयाँ परिवेशमा निरन्तरतामा लैजाने प्रतिगमन उन्मूख यथास्थितिको कमजोर धरातलको परिणति हो। केवल जेनजी विद्रोहका कारण ०८४मा हुने भनिएको चुनाव समय भन्दा पहिला हुने भए पनि प्रतिक्रियावादी व्यवस्थाको कर्मकाण्डी नियमित सरकारको जस्तै भएको र यसको कुनै नयाँ एजेण्डा र कार्यक्रम देखिँदैन। बहिष्कारको दस्तावेजमा भनिए झैं "यो निर्वाचन २०३६ सालको जनमत सङ्ग्रह, २०४८ सालको संसदीय निर्वाचन, २०६४ सालको संविधानसभाको निर्वाचन र स्थानीय निर्वाचन जस्तो पनि होइन। तसर्थ यो चुनाव बहिष्कारको कार्यनीति नै उत्तम विकल्प हो।

४० जेनजीले उठाएका मुद्दाहरू भ्रष्टाचारका विरुद्ध, सामाजिक संजाल प्रयोगमा छुट र सुशासन लगायतका थिए। यसको हाम्रो पार्टीले समर्थन जनाएको हो-किनकि यी हामीले उठाउँदै आएका जनसरोकारका विषय थिए। सरकार यी मुद्दाहरूलाई जरैदेखि समाधान गर्ने कुरा त परै छोडौं- सामान्यतस् २३ गतेको निहत्था जेनजी युवा-विद्यार्थीहरूलाई शिकारीले झैं गोलीको निशाना बनाई हत्या गर्ने र समस्यालाई झनै उत्तेजित पार्ने दोषीको हो रुयसको जिम्मेवारी कसले लिने हो रुअझै अलमल किन रु यसको समाधान निकाल्नु पर्दैन रु सरकार बोल्दैन-केही गर्दैन। अनि भाद्र २४का तोडफोड र आगजनीमा प्रमुख भूमिका खेल्ने दोषी कोरु अनि राष्ट्रिय सम्पदाको समेत सुरक्षा किन हुन सकेन-यसको छानविन र खोजी गरी दोषीलाई कार्वाहीको दायरा ल्याउनु पर्दैनरु निकम्मा कठपुतली सरकारको औचित्य के रु यी र जेनजी लगायतले उठाएका मुद्दाहरू अलपत्र बनाइएका छन्। कठपुतली सरकार बनेको पनि तीन महिना भन्दा बढी भयो। यस्तो सरकारको निर्वाचनबाट अब केही हुँदैन भन्नेमा सचेत जेनजीहरू स्पष्ट हुँदै गएका छन्। उनीहरू केवल एक थान निर्वाचनको विरोध गर्दैछन्। सरकार केवल निर्वाचनको एकोहोरो राग अलाप्दै साम्राज्यवाद-विस्तारवाद र असफल सिद्ध संसदवादीहरूकै गोटीका रूपमा परिचालित भइरहेछ। यस्तो कठपुतली सरकारले गराउने निर्वाचनले के परिणाम निस्कन्छ। स्वतस् अनुमान गर्न सकिन्छ। त्यसैले विकल्पको रूपमा स्वाधीन संयुक्त सरकारको पक्षमा वातावरण बनाउन पनि निर्वाचन बहिष्कारको नीति नै स्पष्ट र सही नीति हो।

५० यो निर्वाचन नियमित प्रक्रिया नभएर साम्राज्यवाद तथा विस्तारवादद्वारा प्रायोजित निर्वाचन हो। एमसिसि मार्फत् सिधै नेपाल भित्रिएको अमेरिकी साम्राज्यवाद र असमान सुगौली सन्धिदेखि नेपाल विरुद्ध एकछत्र हस्तक्षेप बढाउँदै नव औपनिवेशिक अवस्थालाई अझै पकड बलियो बनाउँदै लगेको भारतीय विस्तारवाद, यो निर्वाचन प्रयोगमार्फत् आ-आफ्नो पक्षमा बलियो पकड बनाउने प्रतिस्पर्धामा दुवै देश लागिरहेका छन्। असफल पुराना दल र तीनका शीर्ष नेताहरूले आफ्नो स्वार्थ अनुकूल काम गर्न नसक्ने भएकाले नयाँ र "उत्तम" दलालको खोजी गर्दै त्यसलाई निर्वाचित गराउने यो प्रयास हो। आफ्ना नयाँ दलाललाई वैधानिकता दिन निर्वाचनमा साम, दाम, दण्ड, भेद सबै विधि र उपायहरू प्रयोग गर्ने कुरा निश्चित नै छ। हाम्रो जस्तो नव औपनिवेशिक उत्पीडनमा पिल्सिएको देशको अवस्थामा निर्वाचनबाट साम्राज्यवाद विरोधी शक्ति र व्यक्तिले निर्वाचनमा जित्ने र नयाँ संसदबाट जनताको पक्षमा आवाज बुलन्द गर्ने स्थिति छैन। रूसका बोल्सेभिकहरूले निर्वाचन उपयोग गरेको अवस्थासँग अहिलेको हाम्रो अवस्था मेल खाँदैन। तसर्थ चुनाव बहिष्कारको नीतिबाटै परिवर्तनका क्रान्तिकारी एजेण्डा अगाडि बढाउनु नै सही हुन जान्छ।

६० संसदवादमा चुर्लुम्म डुबेका विभिन्न शक्तिकेन्द्रको दलाली र चाकडीमा लागेका आफूलाई अझै "कम्युनिस्ट" भन्न रुचाउने दक्षिणपन्थी संशोधनवादी एवं मिलेरावादी बनिसकेका संसदवादीहरू लगायत सबै संसदीय राजनीतिक पार्टीहरू नेपाली जनताको नजरमा बढी नै बदनाम भएका छन्। निर्वाचनका बेला ९यदि निर्वाचन भै हाल्यो भने विकास-निर्माण र सुधारका मुकुण्डो पहिरेर बुर्जुवा समाजवादको नारा अलाप्दै तँछाड, मछाड गर्दै आउने पक्का देखिन्छ। संसदवादीहरू भ्रष्टाचार र दलालीको कालो धनको प्रयोग गरेर चुनावमा जीत हासिल गर्न सबै हथकन्डा सहित मरिहत्तेका साथ लाग्ने छन्। यी भन्दा भिन्न छुट्टै र क्रान्तिकारी राजनीतिक लाइन दिन नसक्दा जनताले हामीलाई पनि संसदवादीहरू झैं एउटै डालोमा हालेर बुझ्ने पार्टीको क्रान्तिकारी पहिचान समेत गुम्न जाने र अलिकति बन्दै गएको छुट्टै क्रान्तिकारी राजनीतिक छवि समेत घुमिलिन पुग्ने देखिन्छ। पार्टीले निर्वाचन उपयोग होइन। निर्वाचनले पार्टीलाई उपयोग गरेको अवस्था र क्रमशस् देशबाट क्रान्तिकारी कम्युनिस्ट धारा समाप्त बनाउने खतरा पनि तड्कारो छ। निर्वाचन उपयोगको नाममा संसदमा गएकाहरू पुनस् क्रान्तिकारी धारालाई निरन्तरता दिएको जुझारु कम्युनिस्ट स्पीरिट विरलै पाइन्छ। यस स्थितिमा आगामी हुने भनिएको संसदीय निर्वाचनको बहिष्कार नै पार्टीको उपयुक्त कार्यनीति हुन्छ। एकातिर अहिले कार्की सरकार मात्र होइन। संसदीय व्यवस्था असफल भएको र सङ्कट गहिरिँदै गएको अर्कोतिर संसदीय पार्टीहरूको उदाङ्गिदै गएको प्रतिक्रियावादी चरित्र तथा जेनजी विद्रोहद्वारा भएको भण्डाफोरले संसदीय पार्टीहरू कमजोर मात्र होइन, विस्थापित गर्दै लगेको अवस्थाबाट क्रमशः पुनः टाउको उठाउने प्रयासलाई हवात्तै बढाएका छन्। यस अवस्थामा पार्टीको सङ्गठनात्मक क्षमताको सापेक्षतामा सत्ता र व्यवस्थाको व्यापक भण्डाफोर गर्दै संसदीय निर्वाचन बहिष्कारका कार्यक्रम लिएर विविध क्रान्तिकारी आन्दोलनको निर्माण र विकासमा जोड दिएर अगाडि बढ्नुपर्दछ।

## सांस्कृतिक...

पार्टीभित्रबाट पैदा भएका नवसंशोधनवादी नेताहरुले रङ बदल्दै गए त्यसबेला कुरूपशास्त्रको पलाँस फूल्न थाल्यो र धतुरो पलाउन थाल्यो। जनयुद्धको गर्जनमा कृष्ण सेन जस्ता थुप्रै स्थापित प्रगतिवादी कविहरुले उच्च सहादत प्राप्त गर्न पुगे भने देशैभरी इच्छुकका लेखन पछ्याउँदै सयौं अब्बल कविहरु जन्मिए। उनीहरुका कलम प्रतिकृयावादी शासकहरुको मुकाममा बन्दुक बनेर पड्किए। जनयुद्धको बेला सामना, सिस्ने, अपि सैपाल, चुनुशिल्पा, बैकुण्ठचेत, क्षितिज, चोमोलोङ्मा, शिवसारदा, मगराँत, वलिदान, इच्छुक, रक्तिम सांस्कृतिक परिवार लगायतका दर्जनौं साङ्गीतिक पपिरवारले मात्र गीत, सङ्गीत, नृत्यको र अभिनयको अभियान गुञ्जायमान पारेका थिएनन्, बुर्जुवा कलाकारहरूले समेत स्वर मिसाउन आइपुग्दथे। जनयुद्धकै मैदानबाट संस्मरण साहित्यको जीवन्त प्रवाह भइरहेको थियो। बलिदान, सहास र विजयको सौन्दर्यलाई लिएर कथा, निबन्ध, उपन्यास, नाटक, गजल, ओपेरा लेखिँदै थिए।

जब जनयुद्धको विघटन भयो यसले खडा गरेका मूल्यमान्यता विघटन भए, तब वर्गवैरीहरू र संशोधनवादीहरूले जनयुद्धलाई बदनाम गर्न 'प्रयोगशाला' 'मैले देखेको दरबार' 'बारुदको धुवामा उड्दा' अच्यूत कृष्ण खरेल र रुक्माङ्गत कटुवालका जीवनकथाहरू लेखिन थाले। नेकपा (माओवादी)द्वारा सञ्चालित जनयुद्धलाई भारतले सञ्चालन गरेको थियो भन्ने झूठा कथा लेख्न थाले। जनमुक्ति सेनालाई भारत सरकारले तालिम दिएको भन्ने कपोलकल्पित कुराहरू लेख्न थालियो। त्यसरी नै उपन्यास साहित्यमा प्रदीप नेपालको 'आकाश गंगाको तिरैतिर', रेशम विरहीको 'प्रेमदासको डायरी', जेबी दर्लामीको 'मारीखोला ढुङ्गो' र बिबेक ओझाको 'ऐँठन' जस्ता जनयुद्ध विरोधी उपन्यास लेखिएका छन्। जनयुद्धको पहल गरेका, त्यसलाई निरन्तरता दिएका हजारौं मानिसहरूलाई समेत दिउँसै रात पारेका यी आख्यानहरू पढ्दा लाग्दछ-यी भुक्तभोगी पिंढी अस्ताइसकेपछि यो डलरको झुसिलो डकारले जनतालाई कति दुःख दिन्छ होला ! त्यसकारण समयमै हाम्रै जीवनका तथ्यहरूको आधारमा सत्य साहित्य लेख्न जरुरी छ। जनयुद्धको सही विश्लेषणसहित लेखिएका राजनीतिक र साहित्यक कृतिहरूलाई राम्रोसँग स्थापित गर्न पुनः प्रकाशन र चर्चा आवश्यक छ। नयाँ-नयाँ कृतिहरू सिर्जना गर्नुपर्दछ। साम्राज्यवादको सातो जानेगरी फेरि क्रान्तिकारी आन्दोलन उठाउन जरुरी छ। सुनारको सयौं चोटका विरूद्ध लोहारको एक घन प्रहार गर्न आवश्यक छ।

पाठक र सर्जकहरू झूठो साहित्यबाट भ्रमित हुनु भनेको त जिउँदा तथ्यहरूप्रति आँखा चिम्लनु हो। तथ्यहरूबाट सत्य खोज्दै नयाँ साहित्य सिर्जना गर्न आवश्यक छ। वास्तविकता बुझाउन साहित्य र कलाको क्षेत्रमा मात्र नभई राजनीतिक क्षेत्रमा समेत नयाँ ढङ्गले क्रान्तिकारी अभियानको पहल गर्न जरुरी छ। एउटा पुँजीवादी जनवादी क्रान्ति पूरा गर्दै वैज्ञानिक समाजवादमा पुग्ने न्यूनतम लक्ष्यका साथ साम्यवादमा पुग्ने ध्येय राख्नुपर्दछ। त्यो कार्यक्रम तयार छ, भौतिक तयारी भइरहेको छ।

गणतन्त्र स्थापना भइसकेपछि कतिपय प्रगतिवादी स्रष्टाहरूले पहिचानको मूल्यलाई आफ्नो सिर्जनामा मुखरित गरिरहेका छन्। समाजवादी यथार्थवादी कला-साहित्यको मानदण्डबाट हेर्दा यसको मूल्याङ्कन कसरी गर्न सकिन्छ ?

पहिचानको मूल्यलाई प्रगतिवादी स्रष्टहरूले आफ्नो सिर्जनामा मुखरित गर्नुको अर्थ दबिएका आवाजलाई साहित्यमा स्थान दिनु हो। यो त मार्क्सवादसङ्गत नै भएको देखिन्छ। यसले जातीय, लैंगिक र सांस्कृतिक रूपमा उत्पीडितहरूलाई मुखरित गर्दछ। मार्क्स, एङ्गेल्स, लेनिन, स्टालिन र माओ पनि उत्पीडित रास्ट्रियता, दलित, महिलाका पक्षमा हुनुहुन्थ्यो। तर पहिचान साहित्य वर्गीय साहित्यद्वारा निर्देशित भएन भने *बाँकी ८ पेजमा*

# आलोपालो

## क्रान्तिकारी विद्यार्थी आन्दोलन, एकताको राष्ट्रिय सम्मेलन र वैज्ञानिक समाजवादी शिक्षाको आवश्यकता

**क्रान्तिकारी विद्यार्थी आन्दोलन कुनै एक समय वा मागमा सीमित आन्दोलन होइन । यो उत्पीडन विरुद्धको निरन्तर संघर्ष हो । शोषित वर्गको पक्षमा उभिने चेतनाको स्कूल हो । राणा शासन विरुद्धको आन्दोलनदेखि पञ्चायती व्यवस्थाको विरोध, जनयुद्ध, जनआन्दोलन र लोकतान्त्रिक गणतन्त्र स्थापनासम्म विद्यार्थीहरूको सक्रिय सहभागिता रहँदै आएको छ । क्रान्तिकारी विद्यार्थी आन्दोलनले शिक्षा प्रणालीमा समानता, निःशुल्क शिक्षा, जनमुखी पाठ्यक्रम, राष्ट्रिय स्वाधीनता र सामाजिक न्यायका मुद्दालाई केन्द्रमा राख्दै आएको छ ।**



● नविन खडका ●

नेपालको इतिहास परिवर्तन, बलिदान र संघर्षले लेखिएको इतिहास हो । यस परिवर्तनको यात्रामा क्रान्तिकारी विद्यार्थी आन्दोलनले खेलेको भूमिका अत्यन्त महत्वपूर्ण र अविस्मरणीय छ । शासक वर्गको दमन, अन्यायपूर्ण शिक्षा प्रणाली, सामन्ती र पुँजीवादी सोचको विरुद्ध उभिँदै आएको विद्यार्थी आन्दोलन आज फेरि एक निर्णायक मोडमा आइपुगेको छ। यही सन्दर्भमा फाल्गुन १, २ र ३ गते आयोजना हुन गइरहेको अखिल (क्रान्तिकारी)को एकताको राष्ट्रिय सम्मेलनले क्रान्तिकारी विद्यार्थी आन्दोलनलाई नयाँ उचाइमा पुर्याउने ऐतिहासिक अवसर प्रदान गरेको छ ।

***क्रान्तिकारी विद्यार्थी आन्दोलनको ऐतिहासिक भूमिका***

क्रान्तिकारी विद्यार्थी आन्दोलन कुनै एक समय वा मागमा सीमित आन्दोलन होइन । यो उत्पीडन विरुद्धको निरन्तर संघर्ष हो । शोषित वर्गको पक्षमा उभिने चेतनाको स्कूल हो । राणा शासन विरुद्धको आन्दोलनदेखि पञ्चायती व्यवस्थाको विरोध, जनयुद्ध, जनआन्दोलन र लोकतान्त्रिक गणतन्त्र स्थापनासम्म विद्यार्थीहरूको सक्रिय सहभागिता रहँदै आएको छ । क्रान्तिकारी विद्यार्थी आन्दोलनले शिक्षा प्रणालीमा समानता, निःशुल्क शिक्षा, जनमुखी पाठ्यक्रम, राष्ट्रिय स्वाधीनता र सामाजिक न्यायका मुद्दालाई केन्द्रमा राख्दै आएको छ । यस आन्दोलनले विद्यार्थीलाई केवल किताबी ज्ञानमा सीमित नराखी समाज परिवर्तनको अगुवा शक्ति बनाउने काम गरेको छ ।

***फागुन १, २, ३ गते हुने अखिल (क्रान्तिकारी )को एकताको राष्ट्रिय सम्मेलन***

अखिल (क्रान्तिकारी ) नेपालको क्रान्तिकारी विद्यार्थी आन्दोलनको अग्रणी संगठन हो । विगत केही समयदेखि देखिएको विभाजन, वैचारिक अस्पष्टता र सांगठनिक कमजोरीका बीच एकताको राष्ट्रिय सम्मेलन ऐतिहासिक आवश्यकता बनेर आएको छ। फाल्गुन १, २ र ३ गते हुने यो सम्मेलन केवल संगठनात्मक एकता मात्र होइन, वैचारिक पुनःध्रुवीकरण र आन्दोलनको नयाँ कार्यदिशा र नेतृत्व तय गर्ने महत्वपूर्ण मोड हो । यो सम्मेलनले विद्यार्थी *बाँकी ७ पेजमा*


## सूचना माग्ने र पाउने मौलिक हकको रक्षा गरौं

**सार्वजनिक निकायले,**

- आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गरी राख्नु पर्दछ ।
- त्यस्ता सूचना आवधिक रुपमा प्रकाशन तथा प्रसारणको व्यवस्था गर्नु पर्दछ ।
- सूचना प्रवाह गर्न सूचना अधिकारी अनिवार्य तोकिनु पर्दछ ।
- सूचना अधिकारी सम्बद्ध निकायको दोस्रो वा तस्रो वरियताको अधिकारी हुनु पर्दछ ।
- सूचना अधिकारीको नाम, पद, इमेल, ठेगाना, मोबाइल नं. र तस्बिर सबैले दख्ने गरी कार्यालयमा र वेवसाइटमा राख्नु पर्दछ ।
- कसैले सूचना मागे कानुनबमोजिम तोकिएको अवधिभित्र सूचना उपलब्ध गराउनु पर्दछ ।

**नागरिकको सूचना माग्ने र पाउने हकको रक्षा गरौं, पारदर्शिता कायम गरौं ।**

नेपाल सरकार

**विज्ञापन बोर्ड**


## सांस्कृतिक...

त्यो जातिवादी, क्षेत्रीयतावादी, महिलावादी र अराजक व्यक्तिवादी हुने खतरा हुन्छ । उत्तरआधुनिकतावादीहरूले वर्गीय आन्दोलन एकीकृत र केन्द्रीकृत हुन नदिन पहिचानवादी साहित्यमा जोड दिन्छन् । यसले गर्दा उत्पीडित जाति, क्षेत्र, लिङ्ग र संस्कृतिलाई मुक्त गर्न सकिंदैन । किनभने यसले समग्र शोषित उत्पीडित वर्गलाई अलग-अलग पारिदिन्छ ।

समाजवादी यथार्थवादी कला साहित्यको मानदण्ड दुईवटा हुन्छन्– एउटा राजनीति र अर्को कला । राजनीतिक मापदण्ड भनेको वर्गीय विश्वदृष्टिकोण हो भने कलात्मक मापदण्ड भनेको कलाकृतिहरूलाई सुन्दर बनाउने कला हो । आखिर साहित्यिक कृति जतिसुकै कलात्मक भएपनि सर्वहारा वर्गीय साहित्यलाई हेर्ने पुँजीपतिको दृष्टिकोण पुँजीपति वर्गीय नै हुन्छ । यसलाई उसले सुन्दर देख्दैन । यसको अर्थ सर्वहारा एवम् शोषित उत्पीडितवर्गले राजनीतिक नारा लेख्नुपर्दछ भन्ने होइन ।

हाम्रो साहित्य र कला यथार्थ हुनुका साथै कलात्मक मापदण्डमा पनि खरो उत्रनु पर्दछ। कला तथा साहित्य राजनीतिक निर्देशनमा हुन्छ । पहिचान मूल्यको कला साहित्यलाई पनि हामीले राजनीतिक र कलात्मक मापदण्डबाट हेर्नुपर्दछ । निश्चय नै हामीले उत्पीडित जाति, क्षेत्र, लिङ्ग र संस्कृतिलाई विषयवस्तु बनाएर साहित्य लेख्नुपर्दछ । तर यसलाई हामीले शोषित वर्गको मुक्तिसँग जोड्न सकेनौं भने त्यो जातिवादी, क्षेत्रवादी, लिङ्गवादी र संस्कृतिवादी बन्दछ । त्यसकारण हाम्रो वर्गीय दृष्टिकोणमा आधारित साहित्य हुनुपर्दछ । हाम्रो कला-साहित्यको मापदण्ड राजनीतिक र साहित्यक दुवै हुनुपर्दछ । यही नै सामाजवादी यथार्थवादी मापदण्ड हो ।

## अमेरिकी...

सपना, अमेरिका पहिलो एक ध्रुवीय सपना चीनको आर्थिक, प्राविधिक, सैन्यशक्ति तथा राजनैतिक प्रभावले गर्दा बहु ध्रुवीयमा परिणत भएको छ। ब्रिक्सको निर्माण र त्यसका सदस्य राष्ट्रहरुले आ-आफ्ना मुद्रामा कारोबार गर्नुले पनि अमेरिकी डलरको प्रभुत्व कम हुँदै गएको छ। सबैभन्दा ठूलो मानव अधिकार र प्रजातन्त्रको संरक्षक भएको दावी गर्ने साम्राज्यवादी अमेरिकालाई विश्वका सम्पूर्ण शान्तिप्रेमी, प्रजातन्त्रवादी र मानव अधिकार पक्षधर जनता तथा अमेरिकी श्रमजीवी जनता पनि घृणा गर्दछन् । बेलायती साम्राज्यवादीको उपनिवेश भएको अमेरिका साम्राज्यवादी भएपछि बेलायती साम्राज्यवादीको पदचिन्ह पछ्याउँदैछ । बेलायती साम्राज्यवादी बाइबल र बन्दुक लिएर उपनिवेश बनाउँथ्यो भने अमेरिकी साम्राज्यवादी एनजिओ, आइएनजिओ, अन्तर्राष्ट्रिय मुद्राकोष, विश्व बैंक, एसियाली विकास बैंकद्वारा एसिया, अफ्रिका तथा ल्याटिन अमेरिकी मुलुकहरुलाई आफ्नो हैकम कायम गर्दै आएको छ ।

अमेरिकी साम्राज्यवादी शक्तिले मानव अधिकार, प्रजातन्त्र, लागु पदार्थ उत्पादन र अमेरिका निर्यातको नाममा कम्युनिस्टको नाममा, आक्रमण, आतंक, हत्या र सत्तापलट र आफ्नो साम्राज्यवादी नीतिको समर्थक, प्रतिक्रियावादी, सामन्तवादी जुन्टा तानाशाहहरुलाई सत्ता सुम्पँदै आएको छ । विगतमा आफूले नै हातहतियार र तालिम दिएको तालिवानीसँग मतभेद हुँदा २० वर्षसम्म अमेरिकाले युद्ध गर्‍यो । त्यस अफगान युद्धमा अमेरिका तथा नेटोका ३,४८६ सेना मारिएका थिए । अमेरिकी साम्राज्यवादीले कोरियाली, भियतनामी र अफगान युद्धमा लाजमर्दो हार बेहोरेको छ। साम्राज्यवादी कसैको पनि मित्र हुन सक्दो रहेनछ भन्ने तथ्य हालै ग्रीनल्याण्डलाई अमेरिकाले अमेरिकाको अधीनमा राख्ने घोषणाले नाटोका सदस्य राष्ट्रहरु आक्रोशित बनेका छन् । ५७,००० जनसंख्या भएको ग्रीनल्याण्डमाथि अधिकार जमाउन ट्रम्प लागि पर्नुको पछाडि ग्रीनल्याण्डमा रहेको ठूलो परिमाणमा दुर्लभ पृथ्वी खनिज पदार्थ हो । दुर्लभ ९रायर अर्थ इलिमेन्ट आरइई,० खनिज पदार्थ ९० प्रतिशत चीनमा रहेकोले चीनमाथि अमेरिका निर्भर छ। यसकारण राष्ट्रपति ट्रम्प ग्रीनल्याण्डलाई अमेरिकाको अधीन गर्न आतुर छन् ।

निर्लज्ज खुँखार नरभक्षी अमेरिकी साम्राज्यवादीले अरु सार्वभौम सत्ता सम्पन्न राष्ट्रहरुलाई अनेकौं झुटमुठको आरोप लगाएर आक्रमण आम नरसंहार गरेर शासनसत्ता आफ्नो कठपुतली शासकलाई सुम्पिनु र त्यहाँ रहेका खनिज पदार्थ र प्राकृतिक स्रोत र कच्चा पदार्थको चरम रुपले दोहन गरेर त्यहाँका जनतालाई चरम गरिबी, भोकमरी र रोगी बनाएर छोड्नु मानव अधिकारको रक्षा गरेको वयानबाजी गर्छ । आफ्नै देशका अमेरिकी नागरिकमा काला र गोराका बीचमा चरम भेदभाव गर्दै आएको छ। अमेरिकी जेलमा विश्वको जेलहरुमा भन्दा ठूलो संख्यामा बन्दीहरु छन् । बन्दीहरुमा काला बन्दीको संख्या अत्यधिक छ भने गोराहरुको संख्या कम छ। बन्दीहरुलाई शारीरिक, मानसिक कुनै पनि किसिमको यातना दिन कानुनमा लेखिए पनि जेलमा राखिएका बन्दीहरुलाई नङमा पीनले घोच्ने, कुट्ने, पिट्ने, अंगभंग गर्ने, बलात्कार गर्ने, औषधोपचार नगर्ने र तड्पीतडपी मार्ने गरिन्छ। अमेरिकामा बन्दीहरुको संख्या करिब १० लाख ८० हजार छन् । ९क० राज्यको जेलमा १० लाख भन्दा बढी बन्दी छन् । ९ख० संघीय जेलमा करिब १५६००० छन् । ९३० इन्डियन काउन्टी जेलमा २,३४० ९२०२३० ९स्रोतः व्यूरो अफ जस्टिस स्टाटिस्टिक ० चीनमा १।६९ मिलियन बन्दी छन् । ९२०२५०

मानवअधिकार र प्रजातन्त्रको ठेकेदार अमेरिकाको क्युवाको ग्वान्तानामो वेल जेलमा दिइने यातनाबारे सानो चर्चा गरौं जुन साम्राज्यवादीकै संचारमाध्यमले नै प्रकाशित गरेको थियो ।

९१० आतंकवादीको आशंकामै गिरफ्तार गरिएका बन्दीहरुलाई निर्दयतापूर्वक कुट्नु, घुस्सा हान्नु लात्तै लात्ताले हिर्काउनु, पर्खालमा जोरले टाउको ठोक्नु र टाउको फुटाल्नु र पागल बनाउनु। धेरैपटक वाटर बोर्डिङ दिनु,

९२० बन्दीलाई निदाउन रोक्ने एक दिन मात्र होइन एक हप्तासम्म सुत्न निदाउन नदिन हल्ला मचाउनु, उज्याला बत्तिहरु बाल्नु, ठूलठूलो स्वरले बाजा बजाउनु,

९३० बन्दीलाई ज्यादै गरम गर्नु कहिले ज्यादै चिसो भूईमा नांगै चिसो पारेर सुताउनु, मुस्लिम बन्दीलाई धार्मिक रुपले अपमानित गर्न कुरानलाई चर्पीमा राख्नु, बन्दीहरुलाई सास फेर्न र चल्न ओर्कन फर्कन नहुने गरेर मुर्दा राख्ने बाकसमा बन्द गरेर यातना दिनु आदि शायद अन्तर्राष्ट्रिय कानुन अनुसार यो जघन्य अपराध हो ।

अमेरिकालाई स्वर्ग सम्झेर मानव अधिकारवादी र प्रजातान्त्रिक अधिकारको रक्षा हुने सम्झेर लाखौं खर्चेर श्रम बेच्न ज्यान जोखिममा राखेर अमेरिका पुग्ने आप्रवासीलाई साम्राज्यवादी अमेरिकाले पासविक तरिकाले हतकडी नेल लगाएर अमेरिकाबाट निकाल्दै आएको छ। दशकौंदेखि अमेरिकामा बसेका आप्रवासीलाई पनि निकाल्दै छ । आफ्ना सामान पनि ल्याउन रोक लगाउँदै हतकडी लगाएर निस्कासन गर्दै आएको छ ।

आफ्ना सामान त के आफ्ना छोराछोरीसम्मलाई पनि सँगै लैजान दिएको छैन । आफ्नो सन्तानबाट विछोडिनुको पीडा कति कष्टदायी हुन्छ । त्यो वयान गर्न सकिंदैन । अमेरिकाबाट निकालिने सबैलाई आपराधिक गतिविधिमा लागेको आरोप लगाइएको छ । जब कि तीन भागमा एक भाग पनि आपराधिक गतिविधिमा लागेका छैनन् । आइसिइ अफिसरहरुले आप्रवासीहरुलाई सुङ्गुरलाई झै अपमानित गर्ने गर्छन्, अमेरिकामा मानव अधिकारको रक्षा होइन दानवीय व्यवहारको रक्षा हो । तीन सन्तानकी आमा रेनी निकोली गुड जो पुरस्कार विजेता कवयत्री थिइन । उनलाई आइसिई अफिसरले उनको कारमा गोली हानेर हत्या गरेपछि अमेरिकाका विभिन्न सहरहरुमा आप्रवासीहरुले त्यसका विरुद्ध प्रदर्शनहरु गरे । आइसिईले रेनी निकोली गुडलाई आतंकवादी भनेर मारेको जनाउँदै आफ्नो बचाउ गर्‍यो । मार्ने अफिसरलाई राष्ट्रपति ट्रम्पले बचाउ गर्दै हिरो भनेर प्रशंसा गरे । गुडको हत्या मिलियोपोलिसमा भएको थियो ।

उपरोक्त विवरणले के छर्लङ हुन्छ भने अमेरिकी साम्राज्यवादीको देशमा कस्तो विधिको सत्ता हुँदोरहेछ । साम्राज्यवादीका लागि मानवीय संवेदनशीलता मानवीय प्रेम, मानवीय मूल्य मान्यता र सामूहिक कर्तव्य भन्ने तत्व कै पूर्ण आभाव पाइन्छ । यसकारण ठूला पुँजीपतिकै मूल्य मान्यता हुन्छ र अन्य सर्वसाधारण जनताको जीवन झिंगाको जस्तै सम्झन्छन् र आम नरसंहार गर्नु सामान्य घटना मान्दछन् । यस्ता नरभक्षीहरुका अन्याय, अत्याचार, शोषण, उत्पीडन र हस्तक्षेपबारे जानकारी गराउँदै साम्राज्यवादका विरुद्ध संघर्ष गर्न एक हुनु आजको आवश्यकता हो ।


**यी जनपक्षीय मिडियाहरु खोजी खोजी पढौं !**

- www .moolbato .com
- www .hanktoday .com
- www .daunnenews .com
- www .isthaniyapatra .com
- www .navadristi .com
- www .hamrokalapani .com
- www .hamroonline .com
- www .newsabhiyan .com
- वर्गदृस्टि साप्ताहिक
- हाँक साप्ताहिक





**प्रकाशक** : वर्गदृस्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटोः** जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi2073@gmail .com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।